**शोधनिर्देशक**
ऋषीश्वर अधिकारी
पद : शिक्षण सहायक

# "जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

नेपाली विभाग अन्तर्गत स्नातकोत्तर

तह द्वितीय वर्षको दसौं

पत्रको प्रयोजनका

लागि प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
नेत्रकुमार निरौला
कक्षा रोल नं.०८/२०६६
परीक्षा रोल नं. १०११५/२०६८
रजिष्ट्रेशन नं. ९-२-१-७३२-२००४
शैक्षिक वर्ष ०६६/६८ (ई.सं.२००९/२०११)
नेपाली विभाग
महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम
२०७३

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली विषयको दशौं पत्रको प्रयोजनको लागि नेत्रकुमार निरौलाद्वारा तयार पारिएको प्रस्तुत **"जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"** शीर्षकको शोधपत्रलाई नेपाली विषयमा स्नातकोत्तर उपाधिको प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | नाम | हस्ताक्षर |
|---|---|---|
| विभागीय प्रमुख | रामप्रसाद गुरागाई<br>उप- प्राध्यापक<br>म.र.ब. क्याम्पस, इलाम | |
| बाह्य परीक्षक | चुडामणि वशिष्ठ<br>सह-प्राध्यापक<br>मेची बहुमुखी क्याम्पस<br>भद्रपुर, झापा | |
| शोध निर्देशक | ऋषीश्वर अधिकारी<br>शिक्षण सहायक<br>म.र.ब. क्याम्पस, इलाम | |

मिति :

वि.सं. : २०७३।०२।०९

इ.सं. : २२ मे २०१६

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा समाजिकशास्त्र सङ्काय**
**नेपाली विभाग**
**महेन्द्र रत्न बहुमुखी क्याम्पस**
**इलाम**

# सिफारीस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि शोधार्थी नेत्र कुमार निरौलाले **"जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन"** शोध शीर्षक लिनु भएको हो । वहाँले मेरो निर्देशनमा अत्यन्त लगनशील भई यो शोधपत्र तयार पार्नु भएको छ। निरन्तर प्रयत्न गरी परिश्रम पूर्वक शोधखोज गरी तयार पारिएको यो शोधपत्र प्रति म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभाग इलाम समक्ष सिफारिस गर्दछु ।

मिति : वि.सं. २०७३/०१/१७
ई.सं. २९/४/२०१६

.......................................
(शोधनिर्देशक)
ऋषीश्वर अधिकारी
शिक्षण सहायक
महेन्द्ररत्न बहुमुखी क्याम्पस
नेपाली विभाग
इलाम

# कृतज्ञता

प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनको लागि आदराणीय गुरु ऋषीश्वर अधिकारीज्यूको कुशल निर्देशनमा तयार गरेको छु । कार्य व्यस्तताकाबीच पनि शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्ण निर्देशन तथा विविध ज्ञानबर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नुहुने श्रद्धेय गुरूप्रति म सदा ऋणी रहनेछु । विशेषतः शोधपत्र तयार गर्ने क्रममा अनेकौं व्यक्तिगत व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको शीर्षक छनोटदेखि हालसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन तथा अमूल्य सुझाव दिनुहुने श्रद्धेय गुरु एवं विभागीय प्रमुख रामप्रसाद गुरागाईँ तथा नेपाली विभाग इलामका सम्पूर्ण गुरुहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

बाल्यकालदेखि नै मलाई शिक्षा-दीक्षा प्रदान गरी हरेक कुरामा मार्ग निर्देशन गर्दै शोधपत्र तयार गर्नका लागि समेत उचित वातावरण मिलाइ दिने मेरा पुज्य पिता रामचन्द्र निरौला, ममतामयी माता युवाकुमारी निरौला, काकाहरू डम्बर, भक्ति प्रसाद, टिकाराम निरौला, काकीहरू यशोदा, टीका, निर्मला, दिदी मुना गौतम, बहिनी सिता न्यौपाने साथै शोधपत्र लेखनको आरम्भदेखि अन्त्यसम्म मलाई हरेक क्षेत्रबाट सहयोग जुटाईदिने जीवनसाथी निशाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसका साथै छोरीहरू निकिता र निश्मालाई पनि धन्यवाद दिन चाहन्छु ।

मेरो जीवनलाई शिक्षित एवं सार्थक बनाउन स्नेह सहनुभूति र विभिन्न क्षेत्रबाट सल्लाह, सुझाव दिइ सहयोग गर्नुहुने श्री बालकल्याण प्रा.वि. सुलुबुङ्ग, श्री सरस्वती मा.वि. सुलुबुङ्ग, चारखोला उच्च मा.वि. इलाम तथा म.र.ब. क्याम्पस इलाम नेपाली विभाग इलामका सम्पूर्ण गुरुहरूप्रति धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा बेलाबेलामा अमूल्य प्रेरणा, सल्लाह र सहयोग गर्नुहुने आदरणीय दाई दिवाकर पौड्याल, बहिनी दीपा घिमिरे (पौड्याल), काका दीपक निरौलालाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोधपत्र टङ्कन गर्नका लागि सहयोग गर्नुहुने न्यूभिजन कम्प्युटर सेन्टर इलामका प्रोपाइटर माधव भट्टराईप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, म.र.ब. क्याम्पस, इलाम नेपाली विभाग समक्ष पेश गरेको छु ।

मिति : २०७२/१२/२१ (ई.सं. ०३/०४/२०१६)



नेत्रकुमार निरौला
नेपाली विभाग
एम.ए. दोस्रो वर्ष
म.र.ब. क्याम्पस, इलाम

# शोधसार

नेपाली साहित्यका फाँटमा धेरै साहित्यकारहरू मध्ये जीवनहरि शर्मा पनि एक साहित्यकारका रूपमा देखा पर्दछन् । वि.सं. २०४१ सालबाट साहित्यका क्षेत्रमा प्रवेश गरेका कवि शर्मा हालसम्म आइपुग्दा काव्य विधाका क्षेत्रमा निकै सफलता पाइसकेका छन् भने अन्य विधामा पनि कलम चलाउँदै अगाडि बढेको पाइन्छ । उनका अन्य विधाका साहित्यिक रचनाहरू भने प्रकाशोन्मुख अवस्थामा रहेका छन् । सरकारी जागिरे जीवन व्यतित गरिरहेका कवि शर्मा आफ्नो साहित्यिक यात्रालाई अनवरत रूपमा अगाडि बढाइरहेका छन् ।

प्रस्तुत शोधपत्र **'जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'** विषयमा यथासक्य उनको जीवनी, व्यत्तित्व पक्ष, काव्ययात्रा र प्रकाशित कृतिहरूको अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ । यस क्रममा प्रस्तुत शोध पत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ ।

यस शोधपत्र तयार पार्ने क्रममा पहिलो अध्यायमा शोधपरिचय राखिएको छ । यस अन्तर्गत शोधशीर्षक, शोधपरिचय, शोध प्रयोजन, समस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य,महत्व र उपयोगीता, सीमाङ्कन, सामग्री संङ्कलन विधि, शोधपत्रको रूपरेखा उपशीर्षकमा राखिएको छ ।

दोस्रो अध्यायमा 'जीवनहरि शर्माको जीवनी र व्यक्तित्व' मूल शीर्षक अन्तर्गत पृष्ठभूमि, वंश परम्परा, जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षा दीक्षा, संस्कार कर्महरूमा छैटी, नामकरण, अन्नप्रासन, चूडाकर्म, उपनयन, विवाह, विद्यार्थी जीवन, पारिवारीक अवस्था, जागिरे जीवन, रुचि, स्वभाव, आर्थिक स्थिति, अविस्मरणीय घटनाहरू, प्रथम रचना र प्रकाशित कृतिहरू र निष्कर्ष उपशीर्षकमा रहेका छन् भने यसै शीर्षकमा व्यक्तित्वका महत्वपूर्ण पक्षहरू उपशीर्षकमा वाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, कवि व्यक्तित्व, साहित्यिक व्यक्तित्व, सामाजिक खण्डकाव्यकार व्यक्तित्व, धार्मिक सांस्कृतिक व्यक्तित्व र निष्कर्ष राखिएको छ ।

तेस्रो अध्यायमा कविताको सैद्धान्तिक परिचय मूल शीर्षक अन्तर्गत नेपाली कविताको सैद्धान्तिक परिचय, कविताको परिभाषा, कविताका तत्वहरू, नेपाली


कविताको विकासक्रममा प्राथमिक काल, माध्यमिक काल र आधुनिक कालको बारेमा सामान्य रूपमा व्याख्या विश्लेषण गर्ने प्रयास भएको छ । प्रत्येक उपशीर्षकमा कविताको परिभाषा, काव्यअवयव, विकासक्रमलाई छुट्टाछुट्टै रूपमा समेत सामान्य चिनारी दिइएको छ ।

चौथो अध्यायमा 'जीवनहरि शर्माको काव्य यात्रा र कृतिहरूको अध्ययन' मूल शीर्षकको रूपमा आएको छ । शर्माको काव्य यात्रा अन्तर्गत पहिलो काव्य कृति तिलक प्रथा सामाजिक खण्डकाव्य (२०६७), दोस्रो काव्य कृति टिष्टाको सन्देश समाजिक काव्य (२०६८) र तेस्रो काव्य कृति अधम कविता संग्रह (२०७२) को सामान्य अध्ययन र विश्लेषण गरिएको छ ।

यसैगरी शोधपत्रको अन्तिम तथा पाँचौं अध्यायमा मूल शीर्षक उपसंहार राखिएको छ । यस अन्तर्गत कवि जीवनहरि शर्माको समग्र अध्ययन र मूल्याङ्कन गर्नुका साथै भावी कार्य योजनाको सम्भावना जस्ता विषयलाई सामान्य रूपमा चर्चा परिचर्चा गरिएको छ । साथै शोध पत्रको समापन खण्डमा सन्दर्भग्रन्थ सूची र परिशिष्टलाई समावेश गरी शोधपत्रको समापन गरिएको छ ।

**शोधार्थी**
नेत्रकुमार निरौला
एम.ए. दोस्रो वर्ष
परीक्षा रोल नं. १०११५
कक्षा रोल नं ०८
प्रस्तुत मिति २०७२।१२।२१
ई.सं. २०१६।४।३

# शोधनायक



# विषय सूची

## पहिलो अध्याय
## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधपरिचय | १ |
| १.३ | शोधप्रयोजन | १ |
| १.४ | समस्याकथन | १ |
| १.५ | शोधपत्रको उद्देश्य | १ |
| १.६ | पूर्वकार्यको समीक्षा | २ |
| १.७ | शोधको औचित्य, महत्व र उपयोगिता | ३ |
| १.८ | शोधको सीमाङ्कन | ३ |
| १.९ | सामग्री संकलन विधि | ३ |
| १.१० | शोधविधि | ३ |
| १.११ | शोधपत्रको स्वरूप | ३ |


## दोस्रो अध्याय
## जीवनहरि शर्माको जीवनी र व्यक्तित्व


| | | |
|---|---|---|
| २.१ | पृष्ठभूमि | ४ |
| २.२ | वंश परम्परा | ४ |
| २.३ | जन्म र जन्मस्थान | ५ |
| २.४ | बाल्यकाल | ५ |
| २.५ | शिक्षादीक्षा | ६ |
| २.६ | संस्कार कर्महरू | ७ |
| २.६.१ | छैटी | ७ |
| २.६.२ | नामकरण | ७ |
| २.६.३ | अन्नप्रासन | ७ |
| २.६.४ | चूडाकर्म | ८ |
| २.६.५ | उपनयन | ८ |
| २.६.६ | विवाह | ८ |
| २.७ | विद्यार्थी जीवनका प्रमुख गतिविधिहरु | ८ |
| २.८ | पारिपारिक अवस्था | ९ |
| २.९ | जागिरे जीवन | १० |
| २.१० | रुचि | ११ |
| २.११ | स्वभाव | १२ |
| २.१२ | आर्थिक स्थिति | १२ |
| २.१३ | साहित्यकार जीवनहरि शर्माका अविष्मरणीय घटनाहरू | १२ |
| २.१४ | प्रथम रचना र प्रकाशित कृतिहरू | १३ |

२.१५ निष्कर्ष १३
२.१६ व्यक्तित्वका महत्वपूर्ण पक्षहरू १४
२.१६.१ बाह्य व्यक्तित्व १४
२.१६.२ आन्तरिक व्यक्तित्व १५
२.१६.३ सामाजिक व्यक्तित्व १५
२.१६.४ कवि व्यक्तित्व १६
२.१६.५ साहित्यिक व्यक्तित्व १६
२.१६.६ सामाजिक खण्डकाव्यकार व्यक्तित्व १७
२.१६.७ धार्मिक/सांस्कृतिक व्यक्तित्व १७
२.१७ निष्कर्ष १८

## तेस्रो अध्याय
## कविताको सैद्धान्तिक परिचय

३.१ नेपाली कविताको सैद्धान्तिक परिचय १९
३.२ कविताको परिभाषा १९
३.३ कविताका तत्वहरु २०
३.३.१ शीर्षक २०
३.३.२ संरचना/परिवेश २१
३.३.३ लयविधान २१
३.३.४ भाषाशैली २१
३.३.५ उद्देश्य २१
३.३.६ कवितामा दृष्टिविन्दुको प्रयोग २१
३.४ नेपाली कविताको विकासक्रम २२
३.५ नेपाली कविता विकासक्रममा देखिएका प्राप्ति तथा उपलब्धि २३
३.५.१ प्राथमिक काल २३
३.५.१.१ वीर धारा २४
३.५.१.२ भक्ति धारा २५
३.५.२ माध्यमिक काल २६
३.५.३ आधुनिक काल २७
३.५.३.१ परिष्कारवादी धारा २७
३.५.३.२ स्वच्छनदतावादी/प्रगतिवादी धारा २८
३.५.३.३ प्रयोगवादी धारा २८
३.५.३.४ समसामयिक धारा २९

## चौथो अध्याय
## जीवनहरि शर्माको काव्ययात्रा र कृतिहरुको अध्ययन

४.१ जीवनहरि शर्माको काव्ययात्रा ३०
४.१.२ लेखनकार्यका लागि प्रेरणा र प्रभाव ३१
४.१.३ खण्डकाव्यको विकासक्रमको सन्दर्भमा जीवनहरि शर्माको उपस्थिति ३२
४.१.४ कविताको विकासक्रमको सन्दर्भमा जीवनहरि शर्माको उपस्थिति ३३

| | | |
|---|---|---|
| ४.१.५ | कवि जीवनहरि शर्माको काव्ययात्राको चरण विभाजन | ३४ |
| ४.१.५.१ | प्रथम चरण | ३४ |
| ४.१.५.२ | द्वितीय चरण | ३४ |
| ४.२ | जीवनहरि शर्माका कृतिहरु | ३५ |
| ४.२.१ | खण्डकाव्यको सामान्य परिचय | ३५ |
| ४.२.२ | जीवनहरि शर्माको खण्डकाव्यगत विशेषता | ३७ |
| ४.२.३ | जीवनहरि शर्माको खण्डकाव्यगत प्रवृत्ति | ३८ |
| ४.२.३.१ | विषयवस्तुगत प्रवृत्ति | ३८ |
| ४.२.३.२ | संरचनागत प्रवृत्ति | ३९ |
| ४.२.३.३ | रसभावगत प्रवृत्ति | ३९ |
| ४.२.३.४ | स्वरगत प्रवृत्ति | ४० |
| ४.२.३.५ | लयगत प्रवृत्ति | ४० |
| ४.२.३.६ | शैलीशिल्पगत प्रवृत्ति | ४० |
| ४.२.३.७ | भाषिक प्रवृत्ति | ४१ |
| ४.३ | टिष्टाको सन्देश सामाजिक खण्डकाव्यको अध्ययन | ४१ |
| ४.३.१ | संरचनात्मक परिचय | ४१ |
| ४.३.२ | विषयवस्तु | ४२ |
| ४.३.३ | पात्रविधान | ४७ |
| ४.३.४ | परिवेश | ४८ |
| ४.३.५ | केन्द्रीय भाव | ४८ |
| ४.३.६ | भावविधान | ४९ |
| ४.३.७ | लयविधान | ४९ |
| ४.३.८ | अलङ्कार योजना | ५० |
| ४.३.९ | सर्गयोजना | ५१ |
| ४.३.१० | उद्देश्य | ५१ |
| ४.३.११ | भाषाशैली | ५२ |
| ४.४ | निष्कर्ष | ५२ |
| ४.५ | तिलक प्रथा सामाजिक खण्डकाव्यको अध्ययन | ५३ |
| ४.५.१ | तिलक प्रथा काव्यको संरचनात्मक पक्ष | ५३ |
| ४.५.२ | विषयवस्तु | ५४ |
| ४.५.३ | पात्र विधान | ६० |
| ४.५.४ | परिवेश | ६१ |
| ४.५.५ | केन्द्रीय कथ्य | ६२ |
| ४.५.६ | भावविधान | ६२ |
| ४.५.७ | लयविधान | ६३ |
| ४.५.८ | अलङ्कार योजना | ६३ |
| ४.५.९ | सर्गयोजना | ६४ |
| ४.५.१० | उद्देश्य | ६५ |
| ४.५.११ | भाषाशैली | ६५ |
| ४.६ | निष्कर्ष | ६५ |

| | | |
|---|---|---|
| ४.७ | अधम कविता संग्रहको अध्ययन | ६६ |
| ४.७.१ | अधम | ६६ |
| ४.७.२ | नववर्ष | ६८ |
| ४.७.३ | इलाम | ६९ |
| ४.७.४ | युग र प्रविधि | ७० |
| ४.७.५ | युवाको आवाज | ७२ |
| ४.७.६ | विदेश भयो खहरे | ७३ |
| ४.७.७ | लेखनाथको सम्भना | ७४ |
| ४.७.८ | छन्दको भविष्य | ७६ |
| ४.७.९ | अन्तिम विदाइ | ७७ |
| ४.७.१० | भूकम्प | ७८ |
| ४.७.११ | महाकवि लक्ष्मीप्रसाद देवकोटा | ७९ |
| ४.७.१२ | मानवीय व्यवहार | ८० |
| ४.७.१३ | मान्छे र कविता | ८१ |
| ४.७.१४ | नेपाली हुन | ८२ |
| ४.७.१५ | कता गैरहेका छौं हामी | ८३ |
| ४.७.१६ | लैना सुधा गाई | ८४ |
| ४.७.१७ | नदी | ८५ |
| ४.७.१८ | नारी | ८६ |
| ४.७.१९ | रक्सी | ८७ |
| ४.७.२० | राष्ट्र बन्छ बलियो | ८८ |
| ४.७.२१ | वन | ८९ |
| ४.७.२२ | नयाँ संविधान | ९१ |
| ४.७.२३ | विषादीको प्रयोग | ९२ |
| ४.७.२४ | र त नछोड गाउँको घर | ९३ |
| ४.७.२५ | फेस्बुक | ९४ |
| ४.८ | निष्कर्ष | ९५ |

## पाँचौ अध्याय
## उपसंहार

| | | |
|---|---|---|
| ५.१ | उपसंहार | ९७ |
| ५.२ | भावी कार्यको सम्भावना | ९९ |
| | परिशिष्ट | १०१ |
| | सन्दर्भग्रन्थ सूची | १०५ |

# चिन्ह प्रयोग र सङ्क्षेपीकरण

| चिन्ह | अर्थ |
|---|---|
| / | र, वा |
| - | ड्यास |
| : | विसर्ग |
| , | अल्पबिराम |
| । | पूर्णबिराम |
| * | समाप्त |

| संक्षिप्त रूप | पूर्ण रूप |
|---|---|
| ने.रा.प्र.प्र. | नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान |
| दो.सं. | दोस्रो संस्करण |
| चौ.सं. | चौथो संस्करण |
| गा.वि.स. | गाउँ विकास समिति |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| म.र.ब. | महेन्द्ररत्न बहुमुखी |
| वि.सं. | विक्रम सम्वत् |
| सम्पा | सम्पादक |
| त्रि.वि. | त्रिभुवन विश्व विद्यालय |
| पृ. | पृष्ठ |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| सह प्रा. | सह-प्राध्यापक |
| पं. | पण्डित |

## पहिलो अध्याय

# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक कवि **जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधपरिचय

जीवनहरि शर्मा साहित्य क्षेत्रमा एक प्रतिभा हुन् । पूर्वी नेपाली साहित्यको क्षेत्रमा कविका रूपमा परिचित छन् । विशेष गरी यिनै काव्य क्षेत्रमा योगदान पुऱ्याउँदै आएका जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शोधकार्य मार्फत गरिएको छ ।

### १.३ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभाग, स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दशौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो ।

### १.४ समस्याकथन

जीवनहरि शर्माले तीनवटा कृतिहरूले प्रकाशन गरेका तथा समाजका विविध क्षेत्रमा महत्वपूर्ण योगदान दिएका छन् । यसमा उनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धी निम्न समस्याहरूमा केन्द्रीत भएर शोधकार्य गरिएको छ ।

- जीवनहरि शर्माको जीवनी के कस्तो छ ?
- जीवनहरि शर्माको व्यक्तित्वका के कस्ता पक्ष छन् ?
- जीवनहरि शर्माका कृतिहरू के कस्ता रहेका छन् ?
- जीवनहरि शर्माको काव्य यात्रा के कस्तो रहेको छ ?

### १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्यहरूलाई निम्न बुँदाहरूमा उल्लेख गरिएको छ-

- जीवनहरि शर्माको जीवनी पक्षको अध्ययन गर्न ।
- जीवनहरि शर्माको व्यक्तित्व पक्षको अध्ययन गर्न ।
- जीवनहरि शर्माका कृतिहरूको भाव पक्षलाई मूल्याङ्कन तथा निरूपण गर्न ।
- जीवनहरि शर्माका काव्य यात्राको चरणगत पहिचान गर्न ।

## १.६ पूर्वकार्यको समीक्षा

जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्यन र विश्लेषण विभिन्न विद्वान तथा समालोचकहरूले उनीद्वारा लिखित कृतिहरूको बारेमा विभिन्न पत्र पत्रिकाहरूमा चर्चा परिचर्चा गरिएता पनि जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको गहन रूपमा व्याख्या, विश्लेषण गरिएको पाइदैन । उनका विषयमा भएका केही पूर्व चर्चाहरूलाई प्रस्तुत शोधकार्यमा सहयोग हुने ठानी क्रमिक रूपमा उल्लेख गरिएको छ ।

- कृष्णप्रसाद रिजालले टिष्टाको सन्देश (२०६७) सामाजिक काव्यको समीक्षा गर्ने क्रममा टिष्टापारी सिक्किम समृद्धशाली भैसकेको र राम्रो कुराको सिको गर्न ज्यादै ढिलो भैसकेको र कहिलेबाट सुरु गर्ने होला भन्दै राष्ट्रियस्तरको छटपटाई कविमा भित्रि हृदयदेखि नै उर्लिएको भावको ठूलो वेग देख्न पाइन्छ भनी समीक्षा गरेका छन् ।
- राष्ट्र कवि माधव प्रसाद घिमिरेले तिलक प्रथा (२०६८) मा उपजाति छन्दको लय समेटेर रचना गरिएको यस कृतिमा सामाजिक परिवर्तनको समयमा पनि छोरालाई तिलकको निहुँमा बढी मोलमोलाई बेच्न खोज्ने तिलक प्रथाको कलङ्क सुन्दर नेपाली जीवनले भोग्न नपरोस् भन्दै कवि जीवनहरि शर्माप्रति हार्दिक बधाइ ज्ञापन गर्दै भविष्यमा अझ परिष्कृत कृतिको निम्ति शुभकमना प्रदान गरेका छन् ।
- युद्धप्रसाद वैद्यले तिलक प्रथा (२०६८) सामाजिक खण्डकाव्यका सवल दुर्वल पक्षहरूको विश्लेषण गरी जुन, विषयमा यो काव्य रचना गरिएकोले त्यो पक्ष भने अलि कमजोर रहेको कुरा उल्लेख गरेका छन् ।
- बुद्धि घिमिरेले तिलक प्रथा (२०६७) सामाजिक खण्डकाव्यमा सामाजिक सुधारको नाममा सन्देश दिँदै सामाजिक विकृति र विसङ्गगतिप्रति विद्रोहात्मक स्वर घन्काउने नेपालीहरू जन्माओस भनेका छन् ।

- माधव भण्डारीले अधम (२०७२) कविता सङ्ग्रहको शुभकामना दिंदै उज्वल भविष्यको प्रगतिको कामना गरेका छन् ।

## १.७ शोधको औचित्व, महत्व र उपयोगिता

कवि जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको विषयलाई लिएर छिट्पुट रूपमा अध्ययन भएपनि व्यापक रूपमा व्याख्या विश्लेषण हालसम्म पनि नभएको पाइएकाले जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक राखी शोधकार्य गर्न औचित्यपूर्ण देखिन्छ । साथै उनका बारेमा अध्ययन विश्लेषण गर्न अभिरुचि राख्ने शुभेच्छुक मासिनहरूप्रति यस शोध कार्यले उनलाई कवि व्यक्तित्वको रुपमा स्थापित गर्न उपयोगी रहेको छ ।

## १.८ शोधको सीमाङ्कन

प्रस्तुत शोधकार्य कवि जीवनहरि शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रीत रहेर तयार पारिएको छ ।

## १.९ सामग्री संकलन विधि

प्रस्तुत सो कार्य सम्पन्न गर्नका लागि सामग्री संकलन गर्दा प्राथमिक स्रोत र द्वितीय स्रोत दुवैको आवश्यकता अनुसार प्रयोग गरिएको छ । जसमा प्राथमिक स्रोत अन्तर्गत शोधनायकका कृतिहरू र द्वितीय स्रोत अन्तर्गत पुस्तकालयीय अन्तरवार्ता र शोधनायकसँगको प्रत्यक्ष कुराकानी अपनाइएको छ ।

## १.१० शोधविधि

शोधपत्र तयार पार्न विभिन्न विधिहरूको प्रयोग गरिने हुँदा प्रस्तुत शोधपत्र तयार गर्न वर्णनात्मक र व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको स्वरूप

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र व्यवस्थित रूपमा तयार गर्नका लागि निम्न अध्यायमा वर्गीकरण गरी अध्ययन अनुसन्धान गरिएको छ ।

पहिलो अध्याय : शोधपरिचय
दोस्रो अध्याय : जीवनहरि शर्माको जीवनी र व्यक्तित्व
तेस्रो अध्याय : कविताको सैद्धान्तिक परिचय
चौथो अध्याय : जीवनहरि शर्माको काव्ययात्रा र कृतिहरूको अध्ययन
पाँचौ अध्याय : उपसंहार

परिशिष्ट

सन्दर्भग्रन्थ सूची

# दोस्रो अध्याय

# जीवनहरि शर्माको जीवनी र व्यक्तित्व


## २.१ पृष्ठभूमि

मानिस जन्मदेखि नमरुन्जेल र त्यस भित्र घट्ने घटना चक्रलाई नै सामान्य अर्थमा जीवनी भनिन्छ भने जीवनका घटनाहरूको समष्टिरूपलाई जीवनी भन्ने गरिन्छ । जीवनले शुद्ध साहित्यिक विधाका रूपमा स्थापित हुँदा गम्भीर र पारिभाषिक अर्थ प्राप्त गर्छ (प्रधान,२०५४ : पृ. २८) । जीवनीमा सामान्य तथा खास व्यक्तिको जीवन वृतान्त हुनछ यसर्थ जीवनमा गरेका काम कुराको क्रमबद्ध लेख वा कथन जीवनी हो (बालकृष्ण पोखेल, सम्पा) । यसर्थ जीवनी साहित्यलाई इतिहास कै एक अंशमान्न सकिन्छ (पोखेल, २०४० : पृ. ४९७) । व्यक्ति विशेषको सम्बन्ध समाज, संस्कृति, राजनीति आदिसँग हुने भएकाले जीवनीबाट तत्कालिन सामाजिक, सांस्कृतिक वा राजनैतिक परिवेश बुभ्न सकिन्छ (बालकृष्ण पोखेल, सम्पा) । वास्तवमा जीवनीले जीवनका यथेष्ट प्रमुख भागको चर्चालाई आत्मसात गरेको हुन्छ (पोखेल,२०४० : पृ. ४९७) ।

यसरी खास मानिसका व्यक्तिगत जीवनको आन्तरिक र बाह्य चरित्रको सरल, सहज र स्वभाविक किसिमले चित्रण गर्नु नै जीवनको प्रमुख लक्ष्य हो । जीवनी लेखन कार्यको लागि शोधनायकको जन्मदेखि जीवनभरका सम्पूर्ण गतिविधिहरू, सामाजिक, आर्थिक, राजैतिक, धार्मिक, शैक्षिक, साँस्कृतिक अीद विविध पक्षहरूको अध्ययन, व्याख्या र विश्लेषण गरिन्छ (श्रेष्ठ र शर्मा, २०४९ : पृ. १९९) । प्रस्तुत शोधशीर्षकमा साहित्यकार जीवनहरि शर्माको जीवनका विविध पाटाहरूको अध्ययन गरिएको छ ।

## २.२ वंश परम्परा

ब्राह्मण कुलमा जन्मिएका जीवनहरि शर्माका पूर्खाहरू हाल नेपालको सुदूरपूर्वी जिल्ला इलामको सुम्बेक गा.वि.स. वडा नं. ७ मा स्थायी रूपमा बसोबास गर्दै आएको देखिन्छ । जन्म र कर्मथलो एउटै गा.वि.स.लाई बनाएका शर्मा पिता स्व. पं. तुलसीराम पोखेल र स्व. ममतामयी आमा मनामाया पोखेलका कान्छा छोराको रूपमा जन्म लिएका शर्माको वंश परम्परालाई निम्न वृक्षचित्रमा देखाइएको छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।




## २.३ जन्म र जन्मस्थान

पूर्वी नेपालमा अवस्थित सुन्दर नगरी इलाम जिल्लाको उत्तरी भेग सुम्बेक गा.वि.स. वडा नं. ७ मा स्व. पिता पं. तुलसीराम पोखेल तथा स्व. माता मनमाया पोखेलका पाँच छोरा र तीन छोरी मध्ये कैयौं सन्तान अर्थात् कान्छा छोराका रूपमा जीवनहरि शर्माको जन्म भएको हो (शोधनायकबाट प्राप्त जनाकारी) । शर्माको यथार्थ जन्ममिति प्राप्त जानकारी अनुसार वि.सं. २०१७ साल चैत्र २८ गते भएको हो । यो विवरण उनका प्रमाणपत्रहरूमा समेत उल्लेख छ (शोधनायकबाट प्राप्त जनाकारी)।

## २.४ बाल्यकाल

आठजना दाजुभाइ तथा दिदीबहिनीका बीचमा आमा, बाबुको माया पाँउदै हरित् नगरी इलाम जिल्लाको सुम्बेक गा.वि.स. मा रहेका डाँडापाखा, खोलाखोल्सी, खेतबारी तथा थुम्काथुम्की देखिने मनोरम चियाबारीको बीचमा उफ्रँदै, वनपाखामा गुराँस टिप्दै, गाइवस्तु हेर्दै, तथा घाँस दाउरा गर्दै तिनै सुम्बेकको भीरपाखामा रमाएर नै समय बित्यो । कखरा सिक्ने तथा संस्कृतका लघुसिद्धान्त, रामायणका मिठा श्लोकहरू उच्चारण, रुद्री, चण्डी, श्रीमद्भगवत गीता बुबा पं. तुलसीरामले सिकाएसँगै उनमा बाल्यकाल देखि नै कविताप्रतिको मोह बढेको तथा छन्द र लयको मिटास बुझेको पाइन्छ (पारिवारिक

स्रोतबाट प्राप्त जानकारी) । समग्रमा माता, पिता एवं दाजु दिदीको उचित भरणपोषणका कारण शर्माको बाल्यकाल राम्रैसँग बित्यो । यहाँ बाल्यकाल भनेर औपचारिक शिक्षा आरम्भ गर्नुभन्दा अगाडिको समयलाई मात्र सङ्केत गरिएको छ ।

## २.५ शिक्षादीक्षा

बुबा तुलसीराम पण्डित भएका कारण शिक्षित थिए । त्यसैले प्रायः परिवारका सबै सदस्य शिक्षित नै थिए । घरायसी अवस्था जे जस्तो भएतापनि बुबा, आमा शिक्षित भएका कारण शर्माले औपचारिक शिक्षा लिने अवसर पाएका थिए (शोधनायकबाट प्राप्त जानकारी) ।

इलाम जिल्लाको सुम्बेक गा.वि.स. स्थित आफ्नै गाउँमा रहेको श्री बिक्री प्रा.वि.बाट औपचारिक शिक्षामा प्रवेश गरे पनि अनौपचारिक रूपमा भने त्यस पूर्व नै आफ्नै घरमा पिता पं. तुलसीराम पोखेलबाट कखरा, रामायणका श्लोकहरू, कौमुदीका सूत्रहरू तथा वेदका ऋचाहरूको सामान्य अध्ययन गरिसकेका थिए (पारिवारिक स्रोतबाट प्राप्त जानकारी ) । यसरी औपचारिक रूपमा विद्यालयको कक्षाकोठा चहार्न थालिसकेपछि उनको अत्याधिक लगनशीलता र मेहनतका कारण तथा घर परिवारको शैक्षिक वातावरणका कारण पनि सदा सहज, सरल र सफल हुदै कक्षाका श्रेणीहरू पार हुनु थालेको पाइन्छ । प्रा.वि.तह. पार गरिसकेपछि उनले मा.वि. तहको पढाई इलाम सदरमुकाम स्थित श्री आर्दश मा.वि.बाट वि.सं. २०३९ मा पूरा गरे । यसरी नेपालको पञ्चायति व्यवस्थाभित्र कुण्ठित शिक्षा क्षेत्रमा आफ्ना शैक्षिक सफलताका सिंढीहरू एक पछि अर्को गर्दै पार गर्ने क्रममा उच्च शिक्षा लिनका लागि उनले प्रविणता प्रमाण-पत्र तह इलाम स्थित म.र.ब क्याम्पसमा भर्ना भई औपचारिक वि.सं. २०५२ सालमा स्नातक तह उत्तीर्ण गरेसँगै स्थगित गरेको देखिन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी ) ।

इलामको एउटा साधारण गाउँको साधारण परिवारमा जन्मेका शर्माले तत्कालीन कठीन समयमा थोरै उच्च शिक्षा शिक्षित व्यक्तिहरूको बीचमा आफूलाई उभ्याइएको पाइन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) । उनको यस्तो अनवरत सङ्घर्ष तथा आफ्नो लगनशीलताले उनलाई यस समाजमा एक असल, विवेकी, सहनशील, समाजसेवी, विचारबाट तथा साहित्यिक व्यक्तित्वका रूपमा चिनाएको छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) । जसको पूर्व गोरेटोहरूमध्ये पक्कै पनि शिक्षा पहिलो मार्ग हो भन्न सकिन्छ ।

यसरी शर्माको औपचारिक अध्ययन प्रक्रियाले विश्राम लिए पनि स्वाध्यापन र पठनपाठनलाई भने निरन्तर रूपमा अगाडि बढाईरहेको पाइन्छ ।

### २.६ संस्कार कर्महरू

हाम्रो हिन्दु धर्म परम्परा अनुसार मानिसको जन्मेदेखिको विभिन्न संस्कार हुन्छन् । शर्मा ब्राह्मण कुलमा जन्मेका, पिता संस्कृत साहित्यका ज्ञाता भएका साथै परिवारको धार्मिक आस्थाका कारण उनको आफ्नो संस्कार, परम्परा अनुसार छैठी, नामाकरण, अन्नप्रासन, चूडाकर्म, उपनयन, विवाह जस्ता संस्कार कर्महरू भएको पाइन्छ । उक्त संस्कार कर्महरूको यहाँ छोटो चर्चा गरिन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

#### २.६.१ छैटी

आफ्नो संस्कार अनुसार शर्मा जन्मेको छैटौं दिन उनको सफल भविष्यको कामनाका साथै खुशीयालीका लागि परिवारका सवै सदस्यहरू, छरछिमेकी, इष्टमित्र, नातागोता भेला भई पूजाआजा तथा भोजन गरी यो कर्म धुमधाम मनाइएको पाइन्छ ( पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

#### २.६.२ नामकरण

हिन्दू धर्म परम्परा अनुसार शिशु जन्मेको एघारौं दिन नाम राख्ने कर्मलाई नामकरण भनिन्छ । यसलाई अर्को शब्दमा न्वारन पनि भनिन्छ । उनी जन्मिएको एघारौं दिनमा नामकरण गरेको पाइन्छ । उनको न्वारनको नाम जीवनहरि पोखेल राखिएको थियो । जुन अहिले साहित्यका क्षेत्रमा भने जीवनहरि शर्माले परिचित छन् (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

#### २.६.३ अन्नप्राशन

हिन्दु धर्मवलम्बीहरूले वैदिक विधि अनुसार शिशु जन्मेको ६ महिनामा शिशुलाई अन्नप्राशन गराउने काम गरिन्छ । यो कर्म उनी ठीक ६ महिनाको हुँदा आफ्ना घरपरिवार लगायत छिमेकी र आफन्तहरू भेला भई बढो हर्षोल्लाका साथ मनाइएको पाइन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

### २.६.४ चूडाकर्म

शर्माको चूडाकर्म ३ वर्षको उमेरमा गरिएको पाइन्छ । यो कर्म शुभ मुहर्त, शुभसाइत, घडिपल, तिथि सवै मिलाएर मामालाई केश काट्न लगाई आफ्नो हिन्दु संस्कार अनुसार आफ्नै घरमा धुमधाम मनाइएको पाइन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

### २.६.५ उपनयन

सनातन वैदिक विधि अनुसार छोरो जन्मेको ८ वर्षमा उपनयन गर्ने परम्परा  छ । यो संस्कार गरेपछि मात्र पितृहरूको पिण्डदाताको रूपमा स्थान पाउने धार्मिक विश्वास समेत रहि आएको पाइन्छ । शर्माको यो संस्कार तेह्र वर्षको उमेरमा आफ्नै घर आगनीमा छरछिमेकी, नातागोता इष्टमित्र भेला भई विभिन्न मिष्ठान्न भोजनको समेत आयेजना गरी धुमधाम मनाइएको पाइन्छ । यसबाट आफ्ना मातापिता ज्यादै हर्षित थिए (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

### २.६.६ विवाह

शर्माको वैवाहिक स्थितिलाई हेर्दा दुई विवाह गरेको पाइन्छ । पहिलो विवाह इलाम जिल्लाको सोयाङ्ग गा.वि.स. वडा नं. ९ निवासी बाबु पदमप्रसाद सुवेदीकी कान्छी छोरी दमन्तासँग वि.सं. २०४४ साल मंसिर १५ गतेका दिन शुभविवाह भएको पाइन्छ भने दोस्रो विवाह इलाम जिल्लाकै जितपुर गा.वि.स. वडा नं. निवासी जनकलाल वस्तीकी साइली छोरी रेनुकाका साथ वि.सं. २०५९ साल माघ १८ गते भएको थियो । यी दुवै विवाह आफ्नो परम्परा अनुसार नै गरिएको पाइन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

## २.७ विद्यार्थी जीवनका प्रमुख गतिविधिहरू

शर्माले औपचारिक शिक्षा स्नातक तहसम्म भएपनि विभिन्न गतिविधिहरू भने सानैदेखि रहि आएको पाइन्छ । विद्यालयमा आयोजना हुने साहित्यिक कार्यक्रमहरूमा भने प्रायः भाग लिने गरेको साथै अतिरिक्त क्रियाकलापमा समेत सक्रिय सहभागिता जनाउने शर्मा विद्यार्थी जीवनदेखि नै **'हुने विरुवाको चिल्लो पात भनेझैं'** मेहनेति, लगनशील भएकै कारण साहित्यको क्षेत्रमा सफलता प्राप्त गरेको पाइन्छ (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

## २.८ पारिवरिक अवस्था

कुनै पनि व्यक्तिले जीवनका अनेकौं मोडहरू पारगर्दै जाने विभिन्न अनुभूतिहरू सङ्गाल्दै जान्छ । परिवार, समाज र राष्ट्रले व्यक्तिको जीवनसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा अन्तरसम्बन्ध कायम गरेकै हुन्छ । परिवार, समाज, राष्ट्र र विश्वका विविध गतिविधिले व्यक्तिको मस्तिष्कमा पारेका प्रभावलाई साहित्य वा कलाका माध्यमले प्रस्फुटन गर्न पारिवारिक सहयोग र हौसला पनि निकै महत्वपूर्ण हुन्छ ।

यसरी हेर्दा साहित्यकार शर्माले अध्ययन यात्रा व्यतित गर्नुपर्दा सानैदेखि नै पारिवारिक सहयोग/प्रेरणा र हौसला तथा शैक्षिक वातावरण अत्यन्तै राम्रो पाएको देखिन्छ । आफ्नो कुल परम्परा र धार्मिक संस्कार अनुसार शर्माका मातापिताले २७ वर्षका उमेरमा सोयाङ्ग गा.वि.स. निवासी पदमप्रसाद सुवेदीकी कान्छी छोरी दमन्तासँग विवाह बन्धनमा बाँधिएका थिए । यो नै उनको पहिलो विवाह थियो (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) । शर्माले दमन्तासँगको सम्बन्धबाट सरस्वती र रीता पोखेल नामका दुई छोरी र प्रेमप्रकाश पोखेल नामको एक छोरो भए साथै श्रीमती दमन्ता दुई छोरी र एक छोरो प्रेमप्रकाशकै साथ सहयोग र सल्लाह अनुसार नै साहित्यिक क्षेत्रमा समय दिन सक्ने सौभाग्य वातावरण मिलेको थियो । तर विडम्बना आफू ४१ वर्षको उमेर पुग्दा नपुग्दै जीवनसाथी दमन्ताले यस संसारबाट सदाका लागि विदा हुनुपऱ्यो । वि.सं. २०५८ साल कार्तिक २५ गते पिता पं. तुलसीराम पोखेलको अत्येष्ठी कार्यको तेह्रौं दिन बेलुका ७ बजे अचानक हृदयघात भई दमन्ताको असामयिक निधन भयो (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) । यस घटनाले साहित्यकार शर्मालाई अहिलेसम्म पनि मर्माहत तुल्याइरहेको पाइन्छ । यिनै विविध उतारचढाव र अकल्पनीय घटनाहरूले गर्दा उनको जीवनमा धेरै चुनौतीहरू आए तर त्यसलाई धैरताका साथ सामना गर्दै निरन्तर अगाडि बढी रहे । फलतः आफ्नो जागिरे जीवन र मसिना बालबच्चाका कारण दोस्रो विवाह गर्नुपर्ने बाध्यता सिर्जना भयो । फलस्वरूप वि.सं. २०५९ सालमा इलाम जिल्लाकै जितपुर गा.वि.स.वडा नं. ६ निवासी जनकलाल वस्तीको साइली छोरी रेनुकासँग दोस्रो वैवाहिक जीवनमा बाँधिन पुगे । शर्माले रेनुकासँगको सम्बन्धबाट एक छोरी रश्मी पोखेललाई जन्म दिएका छन् (पारिवारिक स्रोतबाट प्राप्त जानकारी) ।

सुम्बेक ७ मा निवास गर्दै आएका शर्माका तीन छोरी र एक छोरा रहेका छन् । जेठी छोरी जीवनमा प्रवेश गरिसकेकी र बाँकी छोराछोरी अध्ययनको शिलशिलामा घर बाहिर रहेकाले आफ्नो निजी निवासमा हाल शर्मा दम्पत्ती मात्र रहेका छन् (श्रीमती रेनुका पोखेलबाट प्राप्त जानकारी) । वास्तवमै रेनुकासँगको सहयात्राले शर्माको पारिवारिक जीवनमात्र नभएर साहित्यिक जीवन समेत निकै ठूलो साथ सहयोग र हौसला प्राप्त भएको पाइन्छ । शर्माका हालसम्म जे-जति साहित्यिक कृतिहरू प्रकाशित भएका छन् र प्रकाशोन्मुख अवस्थामा रहेका छन् ती सबैको लेखन, प्रकाशनमा सहयोग गरिदिने अभिभारा स्व. श्रीमती दमन्ता, कान्छी श्रीमती रेनुका छोरीहरू सरस्वती, रीता र रश्मी र छोरा प्रेमप्रकाशले लिएका छन् भने साहित्यकार शर्मालाई श्रीमती रेनुकाले बारम्बार लेखनका लागि प्रेरणा र हौसला प्रदान गर्ने गरेको पाइन्छ (शोधनायकसँगको प्रत्यक्ष भेटबाट प्राप्त जानकारी) ।

## २.९ जागिरे जीवन

आफ्नो औपचारिक शिक्षा प्राप्त समाप्त भएपछि साहित्यकार शर्मा जागिरे जीवनतिर प्रवेश गरे । सर्वप्रथम उनको जागिरे जीवन निजामति सेवामा प्रवेश गरेसँगै वि.सं. २०३९ सालबाट पाँचथर जिल्लाबाट सुरुवात भएको पाइन्छ । केही समय अर्थात् छोटो यस सेवामा काम गरे तापनि धेरै समय शिक्षण सेवामा आवद्ध भएको पाइन्छ । वि.सं. २०४१ साल चैत्र १९ गते आफ्नै गाउँमा रहेको श्री बिक्री प्रा.वि. तृतीय क्षेणीमा अस्थायी नियुक्ति पाएसँगै राष्ट्र निमार्णका खम्बाहरू उत्पादन गर्न शिक्षण क्षेत्रमा प्रवेश गरेको पाइन्छ (शोधनायकसँगको प्रत्यक्ष भेटबाट प्राप्त जानकारी)। अस्थायी रूपमा शिक्षण पेसा प्रवेश गरेका शर्मा सातौं वर्षपछि अर्थात् वि.सं. २०४८ सालको शिक्षा आयोग पास गरी २०४८ भदौ १ गते श्री सिद्धि विनायक प्रा.वि. सुम्बेक ६ मा नि.मा. तृतीय श्रेणीमा स्थायी नियुक्ति लिएको पाइन्छ । यसरी जागिरका शिलशिलामा एकपछि अर्को तह र विद्यालय समेत पार गर्दै वि.सं. २०५० जेठ १ गतेबाट नि.मा. द्वितीय सामाजिक विषय शिक्षकको रूपमा श्री वालमण्डल उ.मा.वि. माईपोखरी १ जस्वीरे इलाममा अध्यापन कार्य गरिरहेका छन् (शोधनायकसँगको प्रत्यक्ष भेटबाट प्राप्त जानकारी) । साहित्यकार शर्माले जागिरमा लगभग ३३ वसन्त पारगरिसकेको अवस्था देखिन्छ भने शिक्षण पेशामा पनि ३१ वर्ष पार गरिसकेको  पाइन्छ । यसरी लामो समयसम्म पेशामा आवद्ध रहेका शर्मा अझै

आफ्नो उमेर हदसम्म शिक्षण पेसामा लागिरहने साथै बाँकी समय साहित्य र समाज सेवामा लाग्ने जानकारी उनको भनाइबाट पाइन्छ । यसरी उनले यही पेशाबाट नै आफ्नो जीवनलाई सरल र सहज बनाउन सकेको पाइन्छ भने उनको समग्र जागिरे जीवनको मूल्याङ्कन गर्दा उनी एक कर्मठ सफल शिक्षक र समाजसेवी साथै साहित्यकारका रूपमा देखापर्छन् (शोधनायकसँगको प्रत्यक्ष भेटबाट प्राप्त जानकारी) ।

## २.१० रुचि

मानिसलाई कर्मक्षेत्रतिर प्रवृत्त गराउने प्रमुख आन्तरिक तत्व भनेको रुचि हो । रुचिकै कारण मानिस कर्मक्षेत्रमा प्रवृत्त हुन्छ अनि सफलता पनि प्राप्त गर्न सक्छ । अतः व्यक्तिको सम्पूर्णता बुझ्नका लागि उसको रुचि क्षेत्रको अध्ययन पन जरुरी देखिन्छ । साहित्यकार शर्मा एक कुशल बौद्धिक व्यक्तित्व बन्नुका पछाडि उनका बाल्यकालदेखिका रुचिहरू नै प्रमुख जिम्मेवार रहेको पाइन्छ ।

साहित्यकार शर्मामा सानैदेखि संस्कृत साहित्यको अध्ययन गरेर विद्वान् बन्ने चाहना जागेर आयो तर औपचारिक रूपमा संस्कृत साहित्यको अध्ययन गर्ने अवसर भने नपाएको अवस्थामा उनको यो रुचि अपूरै रहे पनि अनौपचारिक रूपमा भने आफ्नै घरमा पिता पं. तुलसीरामबाट सिक्ने अवसर भने पाए । यसरी आफ्नो इच्छालाई घरैबाट भएपनि केही हदसम्म पूरा गरेको पाइन्छ । सानैदेखि विभिन्न लोककाथ, कविता, चुट्किला सुन्ने, सुनाउने, लेख्ने, सभा सम्मेलन गोष्ठीहरूमा भागलिने नयाँनयाँ ठाउँको भ्रमण गर्ने, नेतृत्व गर्ने, सम्पादन गर्ने, नयाँ नयाँ कुराको खोजी गर्ने पत्रपत्रिका पढ्ने, संस्कृत, हिन्दी र नेपालीका विविध दर्शनहरूको अध्ययन गर्न मनपराउने समालोचना गर्ने जस्ता रुचिहरू शर्मामा जीवित छन् (शोधनायकसँगको प्रत्यक्ष भेटबाट प्राप्त जानकारी) । कृषकको छोरा नभएता पनि फुर्सदको समयमा गाईवस्तुको स्याहार गर्ने, खेतीपातीका काममा व्यस्त रहने, घरपरिवारमा समयसमयमा साहित्यिक वहस गर्ने साथै घरपरिवारका हरेक सदस्यका हरेक समस्यामा साथ दिने जस्ता रुचिहरू शर्मामा पाइन्छन् । समग्रमा अध्ययन, अध्यापन, साहित्य सिर्जना गर्ने जस्ता गतिविधिहरू नै शर्माका प्रमुख रुचिका विषय हुन् (शोधनायकसँगको प्रत्यक्ष भेटबाट प्राप्त जानकारी) ।

## २.११ स्वभाव

साहित्यकार शर्मा सानैदेखि सत्य कुरामात्र गर्ने, छलकपट नगर्ने, मनमा कुविचार नराख्ने, सहकर्मीहरूको उन्नति र प्रगतिमा ईर्ष्या नगर्ने स्वभाव भएका व्यक्तित्वका रूपमा परिचित छन् । आफूलाई चित्त नबुझेको कुरा हाँसी-हाँसी तर कटु व्यङ्ग्यका माध्यमले अभिव्यक्ति गर्ने शैलीका कारण उनका अगाडि सहकर्मीहरू निकै होशियार रहन्छन् (सहकर्मी शिक्षक टिका पौडेलबाट प्राप्त जानकारी) । त्यसो त विद्यार्थीहरू पनि जीवन सरको व्यङ्ग्य बाणदेखि निकै सतर्क रहन्छन् ।

संस्कृत भाषामा औपचारिक शिक्षा नलिएतापनि पिता पं. तुलसीराम पोखेलबाटै यस भाषामा दखखल भएका कारण शिक्षणका क्रममा संस्कृतका श्लोकहरूको प्रस्तुतिले कतिपय साधारण विद्यार्थीहरूलाई अन्योलमा पार्ने गरेको पनि पाइन्छ । तर त्यसको साधरणीकरण उनीबाटै फेरी हुने हुनाले त्यस्तो अवस्था स्थायी रूपमा रहँदैन । समाजका गरीब दुखीहरूप्रति निकै माया भाव व्यक्त गर्ने शर्मा धनी वर्गको अन्यायप्रति निकै रोस प्रकट गर्छन् । समाजले जातभात, छुवाछुत प्रथाको अन्त्य गरेर नयाँ सामाजिक संरचनाको सुरुवात गर्नुपर्ने विचारप्रति शर्मा सधैं दृढ रहेका छन् (सहकर्मी शिक्षक टिका पौडेलबाट प्राप्त जानकारी) । कसैसँग भेट हुँदा ठट्यौली पाराले बोल्ने स्वभावका कारण जो कोही व्यक्ति पनि शर्माप्रति निकै आकर्षित बन्छन् । आफ्नो विषयमा निपूर्ण भएका कारण कसैसँग नदब्ने निडर, स्वाभिमानी स्वभाव उनमा रहेको छ ।

## २.१२ आर्थिक स्थिति

मध्यम वर्गीय परिवारमा जन्म लिएका जीवनहरि शर्माले बाल्यकालदेखि नै आर्थिक अवस्था मध्यम खालकै देखिन्छ । पछिल्लो समयमा जागिरे जीवन शुरु भयो त्यसकारणले पनि शर्माको जीवनमा आर्थिक संङ्कटको स्थिति देखा परेन । छोरा छोरीलाई सामान्य शिक्षादीक्षा दिन, खानलाउन र सामान्य रोग लाग्दा अरु कसैसँग पैसा लिनुपर्ने अवस्था उनको जीवनमा आएन (सहकर्मी शिक्षक टिका पौडेलबाट प्राप्त जानकारी) ।

## २.१३ साहित्यकार जीवनहरि शर्माका अविष्मरणीय घटनाहरू

जीवनहरि शर्माका जीवनमा घटेका केही प्रमुख घटनाहरूलाई यस शोधकार्यमा अविष्मरणीय घटनाहरू भनी उल्लेख गरिन्छ । उत्त, घटनाहरूलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- वि.सं. २०४१ सालमा लेखनाथ जयन्तीका दिन म.र.ब. क्याम्पसमा लेखनाथ शीर्षकको कविता वाचन गरेर प्रथम भएको क्षण ।
- वि.सं. २०५८ भाद्र १ गते नोकरीमा स्थायी भएको शुभदिन ।
- वि.सं. २०५८ कार्तिक २५ गते बेलुका ७ बजे दमन्ताको हृदयघातबाट असामयिक निधन भएको घटना ।
- वि.सं. २०६७ श्रावणमा बिरामी लिएर गएको सिक्किम यात्रा ।

## २.१४ प्रथम रचना र प्रकाशित कृतिहरू

नेपाली साहित्यको क्षेत्रमा वि.सं. २०४१ सालबाट श्रीगणेश गरेका जीवनहरि शर्माको साहित्यिक यात्रा हालसम्म पनि कायमै रहेको पाइन्छ । उनको प्रथम कृति टिष्टाको सन्देश (२०६७) सामाजिक काव्य रहेको छ । सामाजिक काव्य रहेको छ (सहकर्मी शिक्षक टिका पौडेलबाट प्राप्त जानकारी) । उक्त उनका हालसम्म प्रकाशन भएका कृतिहरूको संक्षिप्त सूची निम्नानुसार उल्लेख गरिन्छ ।

| क्र.सं. | कृति | विधा | प्रकाश वर्ष |
|---|---|---|---|
| १ | टिष्टाको सन्देश | सामाजिक काव्य | २०६७ |
| २ | तिलक प्रथा | सामाजिक खण्डकाव्य | २०६८ |
| ३ | अधम | कवता संग्रह | २०७२ |

## २.१५ निष्कर्ष

इलाम जिल्लाको सुम्बेक गा.वि.स. को साधारण परिवारमा जन्मिएका शर्माले नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरी साहित्यका काव्य विधामा केही हदसम्म सहयोग पुऱ्याएका छन् । साहित्यका क्षेत्रमा उदाएका शर्मा अरुलाई प्रेरणाको स्रोत बनेको देखिन्छ । उनले शास्त्रीय लयमा कावय रचना गरी जनसमक्ष पुऱ्याउनु आफ्नै विशेषता हो । सुमधुर स्वरका धनी शर्माले वाचन गरेका काव्यको प्रत्येक मानिसको मन र ढुकढुकीमा वास पाएका छन् । यसरी उनका रचनाले हजारौं पाठकको मन हुन सकेको छ । भावी दिनहरूमा पनि शर्माले साहित्य यात्रालाई अगाडि बढाउँदै लान सफल रहने धेरै सम्भावनाहरू रहेको पाइन्छ ।

शर्माको जीवनशैली सुख दुःख दुबै अवस्थाहरू पारगर्दै अगाडि बढेको देखिन्छ । जीवन नै संघर्ष र संघर्ष नै जीवन हो भन्ने मान्यता राख्ने शर्माका जीवनमा धेरै

अविस्मरणीय घटनाहरू घटेको पाइन्छन् । चुनौती र समस्याहरूलाई सामना गर्दै शिक्षा र साहित्यका क्षेत्रमा निरन्तर अगाडि बढिरहने शर्मा काव्य साहित्यको फाँटमा छन्दवादी कविका रूपमा एउटा इँटा थपी नेपलाी काव्य साहित्यलाई अझ फराकिलो बनाउन सहयोग गरेका छन् ।

## २.१६ व्यक्तित्व र महत्वपूर्ण पक्षहरू

हरेक व्यक्तिलाई समाजमा चिनाउन उसको व्यक्तित्वको निकै ठूलो हात रहेको हुन्छ । समान्यत व्यक्तित्व भन्नाले उसले शारीरिक बनावट, लवाइ, बानी व्यहार, रुचि, स्वभाव, सामाजिक कार्य, पेशा आदि कुरा भन्ने बुझिन्छ । यही कुशल व्यक्तित्वका कारण नै समाजमा व्यक्ति अनुकरणीय बनिरहन सक्छ । यसरी हेर्दा साहित्यिक, सामाजिक शैक्षिक क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिसकेका जीवनहरि शर्मा विविध व्यक्तित्वका धनी  मानिन्छन् । यहाँ उनका व्यक्तित्वका विविध पक्षलाई चिनाउने कोसिस गरिएको छ ।

### २.१६.१ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व भन्नाले हाम्रो आखाँले प्रत्यक्ष देख्न सकिने कुराहरूलाई नै बाह्य व्यक्तित्व भनिन्छ । शारीरिक अवस्थालाई नै प्रमुख रूपमा बाह्य व्यक्तित्वका रूपमा लिइन्छ । जस्तै व्यक्तिको उचाइ, मोटाइ, आकार, रूप, प्रवृत्ति, रुचि आदि । स्वास्थ्य एवं मोटो आकर्षक शरीर ५ फिट ३ इन्चको उचाइ, गहुँगोरो वर्ण एवं हँसिलो चेहरा भएका जीवनहरि शर्माको शारीरिक व्यक्तित्व निकै सवल र आकर्षक देखिन्छ । घरमा बस्दा सामान्य पोशाकमा रहने शर्मा बाहिर हिँड्डुल गर्दा वा विद्यालयमा जाँदा नेपाली टोपी, सर्ट पाइन्टको पोशाक कम्मरमा छालको पेटी र कालो छालाको जुत्तामा विशेष रुचिका साथ सजिएर हिड्ने गर्छन् । नयाँनयाँ साहित्यिक व्यक्तिहरूलाई बढी चासो दिएर उसको रचना खोजी गरेर पढ्ने उनको विशेषता रहेको पाइन्छ । श्रीमान् श्रीमती सुमधुर सम्बन्ध कायम गरी आफ्नो परिवारलाई अगाडि बढाउँदै लगेका छन् । उनले राष्ट्रियता, मनवता र समाजप्रति विशेषचासो दिने गरेको पाइन्छ ।

## २.१६.२ आन्तरिक व्यक्तित्व

बाह्य व्यक्तित्वलाई जसरी आन्तरिक व्यक्तित्वलई प्रत्यक्ष आँखाले त देख्न सकिँदैन तर उसको व्यवहारले नै आन्तरिक व्यक्तित्वलाई चिन्न सकिन्छ । त्यसपछि थाहा हुन्छ कुनै व्यक्ति कस्तो रहेछ र उसमा के कस्ता क्षमताहरू रहेका छन् ? मानिसको जीवन भोगाइमा आरोह अवरोह, घात प्रतिघात र उसका क्रियाप्रतिक्रिया हो । व्यक्तिको व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याउँछ । व्यक्तिले व्यक्तित्व विकासमा सामाजिक, सांस्कृतिक स्थिति, पारिवारिक पृष्ठभूमि, रुचि, पेशा शिक्षादीक्षा, त्यस ठाउँको परिवेश आदिले प्रभाव पारेको पाइन्छ । त्यस्तै जीवनहरि शर्मा इलाम जिल्लामा मात्र नभई सिङ्गो नेपाली समाजका एक सामाजिक व्यक्तित्व तथा कवि र सामाजिक अभियन्ता साथै कुशल शिक्षकको रूपमा सुपरिचित व्यक्तित्व हुन् । यसलाई अझै स्पष्ट पार्नुपर्दा उनको व्यक्तित्वलाई साहित्यकार, कवि, सामाजिक, धार्मिक, साँस्कृति, व्यक्तित्वका रूपमा लिन सकिन्छ ।

## २.१६.३ सामाजिक व्यक्तित्व

मानिस समाजमा नै जन्मन्छ, हुर्कन्छ, बढ्छ अनि पढ्छ । यी विविध क्रियाकलाप गर्ने एउटै थलो समाज हो । एउटा समाजमा सुमधुर सम्बन्ध कायम गर्नु प्रत्येक व्यक्तित्वका लागि अपरिहार्य कुरा हो । जीवनहरि शर्मा समाजका एक सुपरिचित व्यक्तित्वका रूपमा चिनिन पुगेका छन् । शिक्षण पेशामा लागेका मान्छेलाई हाम्रो समाजले एक उच्च सामाजिक नेतृत्वको रूपमा लिने गरेको पाइन्छ । जस कारण उनलाई पनि समाजमा जान्ने बुझ्ने तथा सामाजिक नेताका रूपमा समाजको नेतृत्व लिनुपर्ने बाध्यता तत्कालिन समयमा पऱ्यो । त्यसपछि शिक्षण पेशालाई निरन्तरता दिंदा दिदै समाजमा हुने हरेक खाले गतिविधिमा संलग्न हुन थालेको पाइन्छ । विभिन्न संघ संस्था सरकारी तथा गैरसकारी निकाय, समाजमा हुने सामूहिक कार्यको नेतृत्व, विद्यालय निर्माण कार्य, क्लव लगायत क्षेत्रमा नेतृत्वदायी भूमिका खेलेका शर्माले वि.सं. २०६४ साल चैत्र २८ गते भएको प्रथम ऐतिहासिक संविधानसभाको निर्वाचनमा मतदान अधिकृत समेत भई आफ्नो सामाजिक व्यक्तित्वको परिचय दिएका छन् । विद्यालयमा शिक्षकको रूपमा रहेर विद्यालय रहेको समाजमा शैक्षिक जागरणका

कार्यहरू गर्ने तथा सामाजिक गतिविधहरूमा संलग्न रही आफ्नो सामाजिक व्यक्तित्वको चिनारी दिएका शर्मा हाल पनि निरन्तर समाजसेवामा लागिरहेकै छन् ।

### २.१६.४ कवि व्यक्तित्व

सामाजिक व्यक्तित्वका रूपमा ख्याति प्राप्त भएका कवि जीवनहरि शर्मा बाल्यकाल देखि नै कविता लेखनमा विशेष रुचि राख्ने व्यक्ति हुन् । विभिन्न पत्रपत्रिकामा फुटकर कविता तथा लेख रचना प्रकाशन गराइरहने शर्मा विभिन्न लेखहरू पत्रपत्रिका, स्मृति तथा अभिनन्दन ग्रन्थमा प्रकाशन साथै एफ.एम. रेडियो र टेलिभिजनहरूमा प्रसारण समेत हुने गरेको हुँदा उनलाई कवि तथा साहित्यिक व्यक्तित्वका रूपमा पनि चिनिन्छ । यसैको निरन्तरता र बालापन देखि कै रामायणका श्लोक छन्द मोह र त्यसको ज्ञानसँगै कविता लेखन कार्य अघि बढाउँदै जाँदा उनको सामाजिक व्यक्तित्व काव्यक्षेत्रमा पनि मिसिन आइपुगी सामजिक काव्य लेखन र प्रकाशन गर्न पुगेको पाइन्छ । फलस्वरूप उनलाई कवि तथा साहित्यिक व्यक्तित्वको रूपमा **'टिष्टाको सन्देश'** नाम सामाजिक काव्य (२०६७) सालमा प्रकाशन गरी कवि व्यक्तित्वको चिनारी दिन समेत पुगेको पाइन्छ । यसैको निरन्तरतामा वि.सं. २०६८ सालमा सामाजिक बिद्रोहात्मक काव्य **'तिलक प्रथा'** नामक सामाजिक खण्डकाव्य प्रकाशन गरेको पाइन्छ । शास्त्रीय छन्दमा लेखिएका यी कृतिहरूले उनको कवि व्यक्तित्वको उचाई धेरै माथि उठेको अवस्थामा २०७२ सालमा **'अधम'** नामक कविता संग्रह प्रकाशन  गरेको यस संग्रहमा सोह्रवटा कविता सोह्रवटै छन्दमा लेखी आफ्नो कवि व्यक्तित्वलाई छन्दवादी कविको रूपमा निकै उचाइमा पुऱ्याएको पाइन्छ ।

### २.१६.५ साहित्यिक व्यक्तित्व

साहित्यका क्षेत्रमा वि.सं. २०४१ सालबाट कवि शर्माले कलम चलाएको पाइन्छ । जीवनहरि शर्माले मोती समस्यापूर्ति भाग २ मा 'बालदिवस' शीर्षकको कविता प्रकाशन साथै भाग ३ मा 'राष्ट्र बन्छ बलियो' शीर्षकको कविता प्रकाशन बुद्धि प्रसाद घिमिरे स्मृति ग्रन्थमा कविता सहितको लेख प्रकाशन, रेडियो झंकार एफ.एम. रामेछापबाट 'रामेछाप' शीर्षक तगायतका विभिन्न कविताहरू प्रशारण, २०७१ साल चैत्र ९ गते कञ्चनजंघा एफ.एम. झापाले साहित्कि अन्तरवार्ता सहित फूटकर

कविताहरू प्रशारण गर्ने सुअवसरहरू समेत प्राप्त गरिसकेको पाइन्छ । साथै इलाम एफ.एम. इलामले पनि समयसमयमा उनका कविताहरू प्रशारण गर्ने गरेको पाइन्छ भने उनी कवितागोष्ठी इलामेली साहित्यिक प्रतिष्ठानको सल्लाहकार सदस्य, विश्वनगरी साहित्य सम्मेलन इलामको सल्लाहकार समितिको संयोजक भैसकेको पाइन्छ । उनका प्रकाशित कृतिहरू टिष्टाको सन्देश सामाजिक काव्य, तिलक प्रथा सामाजिक खण्डकाव्य र अधम कविता संग्रहले समेत नेपाली साहित्यका फाँटमा चिनाउन पुगेको हुनाले उनलाई साहित्यिक व्यक्तित्वका धनी मानिन्छ ।

### २.१६.६ सामाजिक खण्डकाव्य व्यक्तित्व

खण्डकाव्यले जीवनको कुनै एक विशिष्ट पक्षलाई उजागर गरेको पाइन्छ । शर्माका खण्डकाव्यमा नेपाली समाजमा घटेका घटनाहरूलाई टपक्कै टिपेर विषयवस्तु बनाइएको पाइन्छ । साथै खण्डकाब्यमा हुनुपर्ने विषयवस्तु, पात्रविधान, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली, परिवेश जस्ता तत्वहरूको समावेश अनेक काव्यमा भएको पाइन्छ । टिष्टाको सन्देश उनको सामाजिक काव्य हो भने तिलक प्रथा पनि उनको सामाजिक खण्डकाव्य नै हो । उनका प्रकाशित तीनवटा कृतिहरूमा दुई खण्डकाव्य भने सामाजिक विषयवस्तुमा आधारित भएका हुनाले कवि शर्मालाई सामाजिक खण्डकाव्यकारका रूपमा समेत चिन्न सकिन्छ ।

### २.१६.७ धार्मिक तथा सांस्कृतिक व्यक्तित्व

धर्मले मर्यादित बनाउँछ भन्ने धारणाले शर्मालाई धर्मप्रति धेरै आस्था र विश्वास बढाएको पाइन्छ । विहान सबेरै उठ्ने नुहाउने, सन्ध्योपसना गर्ने शनिबारको व्रत बस्ने, दैनिक पुजापाठ गर्ने उनको नित्य कर्म नै हो । उनी नब्बे प्रतिशत धर्ममा विश्वास गर्छन् । उनी आफ्नै पिताको प्रेरणाबाट प्रभाव ग्रहण गरी कर्ममा ज्यादै विश्वास राख्ने गरेको पाइन्छ । आफ्नो गाउँघरमा हुने विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा साथै विभिन्न जिल्लामा हुने साहित्यिक, सांस्कृतिक कार्यक्रममा निमन्त्रणा भएका ठाउँमा भरसक सहभागी भई आफ्ना कविताहरू मिठो स्वरमा वाचन गरी कार्यक्रमलाई सुरमा सुगन्ध थप्ने गरेको पाइन्छ ।

## २.१७ निष्कर्ष

नेपाली साहित्यका काव्य फाँटमा देखापरेका कवि जीवनहरि शर्मामको व्यक्तित्वका विविध पक्षका बारेमा चर्चा गरिएको छ । समाजमा आफ्नो पहिचान स्थापित गराउन कवि शर्माका जीवनका वाह्य, आन्तरिक, सामाजिक, कवि, साहित्यिक, काव्यकार, धार्मिक, सांस्कृतिक, शैक्षिक आदि पक्षहरूले निकै महत्वपूर्ण स्थान रहेको छ । साहित्य मार्फत आफूलाई समाजमा चिनाउन कविले खण्डकाव्य फूटकर कविता जस्ता कृतिहरू समेत प्रकाशन गरिसकेका छन् । शिक्षण पेशामा लागेका शर्मा शिक्षा मार्फत पनि आफूलाई स्थापित गर्न सफ लबनेको देखिन्छ । मृदुभाषी, मिलनसार, हँसिलो र मिजासिलो स्वभाव भएका समाजमा केही गरेरै छाड्छु भन्ने दृढ इच्छाशक्ति बोकेका कवि शर्मा एक असल सामाजिक अगुवा पिनि हुन् । समाजको उन्नति र प्रगति चाहने शर्मा समाजमा रहेका खराब प्रवृत्तिलाई जरैबाट निर्मूल पार्नुपर्ने बिचार दृष्टिलाई उनका काव्यमा छर्लङ्ग देख्न सकिन्छ । त्यसैले कवि देश र समाजका असल मार्गदर्शक हुन् भिन्न सजिलै सकिन्छ ।

# तेस्रो अध्याय

# कविताको सैद्धान्तिक परिचय

## ३.१ नेपाली कविताको सैद्धान्तिक परिचय

नेपाली साहित्यका काव्य, नाटक, आख्यान र निबन्ध विधा मध्ये कविता सर्व प्राचीन, समृद्ध तथा लोकप्रिय विधा हो । कविता आफ्ना मनका संवेदना, भावना, अनुभूतिलाई छन्द वा लयमा प्रकट गर्न सकिने विधा हो । कविताको शाब्दिक अर्थ हेर्दा 'कवि' शब्दमा 'यत' प्रत्यय लागेर 'काव्य' शब्द बनेको हो । जसको अर्थ कविद्वारा गरिएको कार्य वा सिर्जना बुझाउँछ । संस्कृत परम्परामा कवितालाई काव्य भनिन्छ । पछि आएर नेपालीमा समेत काव्य भन्न थालियो । शव्द अर्थको सहभाव नै कविता हो । कविता विधालाई साहित्यका विधा मध्येको रसात्मक र गेयात्मक विधा हो भनेर समेत चिनिन्छ । कविता सौन्दर्यपरक र भावना प्रधानता हुन्छ । कविता बन्नका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यास आवश्यक पर्छ । कविता पद्य विधा भएपनि गद्यमा समेत लेखिन्छ । यसमा लयात्मक, रसात्मक र भावनात्मकता हुन्छ ।

## ३.२ कविताको परिभाषा

परिभाषाबाटै कविताको स्वरूप प्रष्ट हुने हुनाले पनि कविताको परिभाषालाई उल्लेख गर्नुपर्ने हुन्छ । यस सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले कविताको परिभाषालाई विभिन्न किसिमले परिभाषित गर्ने गरेका छन् । "शब्द र अर्थयुक्त रचना काव्य हो" (अग्निपुराण), "दोषरहित, गुणयुक्त र प्राय अलङ्कार पनि भएको शब्दार्थ काव्य हो" (वाग्भट), "रसात्मक वाक्य काव्य हो" (विश्वनाथ), "कविता मूल रूपमा जीवनको आलोचना हो" (म्याथ्यु आनोल्ड), "कविता कल्पनाका सहायताबाट आनन्दलाई सत्यसँग समन्वित गर्ने कला हो" (जोन्सन) ।

यसरी पूर्वीय तथा पाश्चात्य साहित्यमा कवितालाई परिभाषा गरिएको पाइन्छ । विद्वान्हरूले कवितालाई चिनाउन आ-आफ्नै तरिकाले परिभाषा प्रस्तुत गरेको पाइन्छ । परिभाषा फरक-फरक भएपनि कविता गेयात्मक भाव वहन गर्ने पद्यात्मक रचना हो भन्न सकिन्छ । यसमा लय, भाव र रसात्मक पक्षलाई जोड दिएको पाइन्छ । समग्रमा कविता "जीवन, संयोग र वियोगको सन्धी हो" भन्न सकिन्छ (आधुनिक नेपाली नाटक

र फुटकर कविता) । माथि उल्लेख गरिएका परिभाषाले कविताको स्वरूप स्पष्ट पारेका छन् । उक्त परिभाषाहरूको विश्लेषण गर्दा कविताका विशेषताहरूलाई यसरी प्रष्ट्याउन सकिन्छ ।

- छन्दलयात्मक बनोट
- सुक्ष्म कसिलो गठन
- अप्रत्यक्ष प्रस्तुति
- भाव /विचारवस्तु
- वर्णनात्मक /विवरणात्मक/सुत्रात्मक शैली
- श्रव्य भेद
- प्रथम/तृतीयपुरुष दृष्टिविन्दु
- वक्ता/कवि सरणी

उपर्युक्त विशेषताको आधारमा कवितालाई अनुभूतिको लयात्मक भाषिक संरचना हो भन्न सकिन्छ (भट्टराई, श्रेष्ठ, पोखेल, २०६६ : पृ.२३३) ।

## ३.३ कविताका तत्वहरू

कविता बन्नका लागि आवश्यक चीज नै तत्व हो । तत्वलाई घटक, अवयव, अङ्ग, उपकरण आदि पनि भनिन्छ । विभिन्न घटकहरूको मेलबाट नै कविताको निर्माण हुन्छ । ती तत्वका बीचमा पारस्पारिक अन्तरसम्बन्ध हुन्छ । कविताका विधागत भेद मध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य महाकाव्य सम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटकहरू निम्नलिखित रूपमा देखर्पछन् (त्रिपाठी, न्यौपाने, २०६५ : पृ. १७) ।

### ३.३.१ शीर्षक

शीर्षक कविता कृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक/संकेत हो । शीर्षकबाट नै कविताको भाव झल्काउने हुनाले यो पहिलो र अनिवार्य तत्वका रूपमा लिन सकिन्छ । शीर्षकको कविताको सिङ्गो आशय बोकेको हुन्छ ।

### ३.३.२ संरचना/परिवेश

कविताको दोस्रो महत्वपूर्ण तत्व संरचना हो । यो आन्तरिक र वाह्य गरी दुई किसिमको हुन्छ । परिवेश भनेको स्थान, समय र वातावरणलाई बुझाउने एकल शब्द हो सहभागीहरूले (पात्रहरूले) कार्य गर्ने र घटना घटित हुने स्थान नै परिवेश हो । यसले घटना कहिले कहाँ र कसरी घटित भयो सोको जानकारी दिन्छ ।

### ३.३.३ लयविधान

यो कविताको तेस्रो तत्व हो । कविता विधानको मुख्य विधागत परिचायक स्वरूप तत्व लय विधान नै हो । लय कविताको लागि अनिवार्य हुन्छ । यसले कविता वाचन गर्ने सुन्नेका लागि आनन्द प्रदान गर्दछ ।

### ३.३.४ भाषाशैली

कविताको लागि भाषाशैली बढी ललित, रागात्मक र लयात्मक हुनसक्ने गरी वर्ग, शब्द/पद, पदावली वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो । परिष्कृत भाषाशैलीको प्रयोग गरिनु पर्दछ ।

### ३.३.५ उद्देश्य

प्रयोजन नै उद्देश्य हो । पूर्व र पश्चिम दुवैतर्फ कविताको उद्देश्यका बारेमा विविध धारणा पाइन्छन् । पूर्वमा चतुवर्गफल प्राप्ति (धर्म, अर्थ, काम, मोक्ष) देखि लिएर आनन्दसम्म कविताको उद्देश्य स्वीकारिएको छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थ प्रकटीकरण उद्देश्य रहेको छ । यसरी कविताका विभिन्न तत्वको परिधि भित्र रहेर नै विद्याले पनि आफ्ना कविताहरू रचना गरेको पाइन्छ ।


### ३.३.६ कवितामा दृष्टिविन्दुको प्रयोग

लेखकका भाव वा विचारलाई कृति मार्फत पाठक समक्ष उपस्थापन गर्ने पद्धति/प्रक्रिया नै दृष्टिविन्दु हो । यो प्रस्तुतीकरणसँग सम्बन्धित हुन्छ । यसले सहभागी, परिवेश, उद्देश्य आदि पनि पाठक समक्ष उपस्थिति गराउँछ । प्रथम वा तृतीय पुरुष सहभागितामा कवितामा दृष्टिविन्दु निहित हुन्छ । यो कृतिभित्र रहेको लेखकको विचार धारालाई बुझ्ने विधि पनि हो (त्रिपाठी, न्यौपाने, सुवेदी, २०६५ : पृ. १९) ।

## ३.४ नेपाली कविताको विकास रूप

नेपाली कविताको विकास धेरै अगाडिबाट हुँदै आएको पाइन्छ । लिखित रूपमा प्रयोग भने अठारौं शताब्दीदेखि मात्र प्रारम्भ भएको हो । नेपालको एकीकरण अभियान सँगै प्रारम्भ आएको नेपाली कविता लेखन प्रथम रचना वि.सं १८३१ सुवानन्द दासको पृथ्वीनारायण शाह कविता नै प्रथम लेख्य नेपाली कविता हो । यो कविताको लेखनका बारेमा भने विभिन्न धारणहरू आएको पाइन्छ । कसैले वि.सं. १८२६ समेत भन्ने गरेका छन् । बीर भावले ओतप्रोत वा पृथ्वीनारायण शाहको नेपाल एकीकारणको अभियानको महिमा गाइएको उक्त कविताबाट नेपाली कविता यात्राको जन्म भएको  हो । उनको उक्त रचना नै नेपाली कविता साहित्यको प्रथम प्रकाशित रचना हो । नेपाली कविताको विकासक्रमलाई तालिकामा तालिकाबद्ध गरेर देखाउन सकिन्छ (ढुंगेल, दाहाल, २०७१ : पृ. २६) ।

**नेपाली कविताको काल विभाजन**



नेपाली कविताको काल विभाजनका बारेमा विभिन्न विद्वान्हरूका बीचमा मतैकता पाइन्छ । अरु कालविभजन भन्दा पनि माध्यमिक काल र आधुनिक काल विभाजन बारेमा विभिन्न समालोचक तथा विद्वान्हरूका बीचमा ठूलो विभेद पाइन्छ । नेपाली कविताको आधुनिक काल सूक्तिसिन्धु (१७७४) कविता संग्रहको प्रकाशन पछि तथा ऋतुविचार खण्डकाव्यको प्रकाशनबाट प्रारम्भ भएको हो । वि.सं. १९७५ सालबाट कविताको आधुनिककाल प्रारम्भ भएको हो र आधुनिक कालको प्रथम धारा परिष्कारवादी धारा हो । नेपाली कविताको आधुनिक काल (१९९१) सालबाट मात्र प्राप्त भएको (१९७४-१९९१) सम्मको समयावधिलाई माध्यमिक कालको उत्तरार्द्ध चरणको शास्त्रीयतावादी धारा हो । यसरी विद्वान्हरूका बीचमा मत भिन्नता पाइन्छ ।

## ३.५ नेपाली कविताको विकास क्रममा देखिएका प्राप्ति तथा उपलब्धि

नेपाली साहित्यको कविता लेखन परम्परा वीर धारबाट उठान भई प्राथमिक कालमै रामभक्ति धारा, कृष्ण भक्ति धारा र निर्गुण भक्ति धारा परम्परा जस्ता चरणहरू पार गर्दै माध्यमिक कालमा श्रृङ्गारिक भावधारमा कविता लेखनमा कविहरू अभ्यस्त बनेको देखिन्छ भने लेखनाथ पौडेलले परिष्कारवादी कविता लेखेर नेपाली लेखन परम्परालाई आधुनिकतातिर धकेल्न सफल भए । आधुनिकताको प्रवेश सँगै पाश्चात्य साहित्यमा देखा परेका विविध वाद/प्रणालीमा आबद्ध भएर कविता सिर्जना गर्ने नेपाली स्रष्टाहरू प्रशस्त देखापर्दै गए । फलत नेपाली कविता परम्परामा परिष्कारवाद, स्वच्छन्दतावाद, प्रयोगवाद जस्ता वाद/प्रणालीहरू स्थापित भईसकेका छन् । उक्त नेपाली कविताको फाँटमा प्राथमिक कालदेखि हालसम्म देखिएका विभिन्न धारा र चरणमा देखापर्ने स्रष्टाहरू र ती धारागत विशेषतालाई क्रमश उल्लेख गरिन्छ ।

### ३.५.१ प्राथमिक काल (वि.सं. १८२६-१९४०)

यस कालका नेपाली कविताका मुख्य प्रेरक परिवेशका रूपमा श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको नेतृत्व गोरखाबाट थालिएको नव नेपाल राष्ट्रको निमार्णक्रम र इतिहास, प्रसिद्ध नेपाल अंग्रेजयुद्ध एवं सुगौली सन्धि वि.सं. १८७२, कोतवर्ष एवं जङ्ग बहादुर राणाको उदय (वि.सं. १९०३) तथा जाहानियाँ राणा शासनको पहिलो पुस्ता जस्ता घटनाक्रमबाट निर्मित भएको धारा हो । नेपाली राष्ट्रियता, वीरता

र त्यसमा देखा परेका अवरोध र शिथिलताका युग सन्दर्भहरूले प्राथमिककाल अन्तर्गत विभिन्न धाराको निर्माणमा भूमिका खेलेको पाइन्छ । नेपाली कविताको प्राथमिक काललाई मोटामोटी दुई भागमा बाँड्न सकिन्छ (ढुंगेल, दाहाल, २०७१ : पृ. १२) ।

पूर्वार्द्ध चरण ( वि.सं. १८२६-१८७२) र उत्तरार्द्ध चरण (वि.सं.१८७३-१९४०)

### ३.५.१.१. वीरधारा वि.सं. १८२६-१८७२)

यो पूर्वार्द्ध चरणलाई वीर धाराका रूपमा चिनिन्छ । यो धारा अठारौं शताब्दीबाट शुरु भएको हो । नेपाली कविताको प्राथमिक कालका चरणमा रहेर कलम चलाउने मुख्य कवि र कविताहरू निम्नानुसार रहेका छन् ।

- सुवानन्द दास - पृथ्वीनारायण शाह ।
- शक्ति वल्लभ अर्याल - तनहूँ भकुण्डो ।
- उदयानन्द अर्याल - बेताल पचीसी ।

यस धाराका विशेषताहरूलाई निम्न अनुसार देखाइन्छ ।

- देशप्रेमी र राष्ट्रियता नैतिकचेत व्यङ्ग्य चेतना आदि
- मौलिक कविताको सिर्जना ।
- तत्कालीन शासकको स्तुति ।
- लोकलय र शास्त्रीय छन्दको प्रयोग ।

### ३.५.१.२. भक्ति धारा वि.सं. १८७२-१९४०)

सुगौली सन्धि पश्चात् भक्तिधाराले ओतप्रोत भएका कविताहरू लेख्न थालियो । नेपाली कविताको क्षेत्रमा मोतीराम भट्टको आगमन पूर्वको समयावधिलाई भक्तिधारा भनिन्छ । यस धारालाई पन निम्न अनुसार तीन उपधारामा विभाजन गरिएको पाइन्छ (ढुंगेल, दाहाल, २०७१ : पृष्ठ १३) ।

#### (क) कृष्ण भक्तिधारा

यस आधारमा श्रीकृष्ण भगवानको जीवन गाथालाई विषयवस्तु बनाइ उनका जीवनका विविध पक्षलाई उल्लेख गरेको पाइन्छ । यस उपधाराका कविहरूले श्रीकृष्णलाई आराध्यदेव मानेर उनकै भक्तिभावपूर्ण कविताहरू लेख्ने काम गरेका छन् ।

यस उपधारामा रहेर कलम चलाउने कवि र कविताहरू निम्न अनुसार उल्लेख गरिन्छ ।

- इन्दिरस - गोपीका स्तुति समय
- विद्यारव्य केशरी - द्रौपति स्तुति समय
- वीरशाली पन्त - कृष्ण चरित्र समय आदि

**(ख) रामभक्ति धारा**

यस उपधारामा श्रीरामको गुणगान गाई उनकै जीवनका विविध पक्षलाई यसको विषयवस्तु बनाइएको पाइन्छ । श्रीराम भगवान्लाई आरध्येदेव मानेर उनकै भक्तिभावपूर्ण कविताहरू यस उपधारामा प्राप्त गर्न सकिन्छ । यस उपधारामा कलम चलाउने कवि र कविताहरू निम्न अनुसार रहेका छन् ।

- भानुभक्त आचार्य - भक्तमाला, प्रश्नोत्तरीमाला, रामायण, वधूशिक्षा, रामगीता ।
- रघुनाथ पोखेल - सुन्दरकाण्ड ।

**(ग) निर्गुणभक्ति धारा**

नेपाली कविताको इतिहासमा निर्गुणभक्तिधारा/सन्त उपधाराको प्रारम्भ जोसमुनी सन्तका रचनाबाट भएको हो । ईश्वरको साकार र निराकार रूपको स्तुतिगान गर्ने परिपाटी अनुसार दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । यस उपधारामा रहेर कलम चलाउने कवि र कविताहरू निम्न अनुसार उल्लेख गरिन्छ ।

- ज्ञानदिल दास - उदयलहरी भजन संग्रह आदि सन्तकविहरू मुख्य र उल्लेख्य मानिन्छ ।

उत्तरार्द्ध चरण वा भक्तिधाराका प्रवृत्तिहरू/विशेषताहरूलाई निम्न अनुसार देखाउन सकिन्छ ।

- मिश्रित भाषाको प्रयोग ।
- ईश्वरको साकार र निराकार रूपमा कविताको सिर्जना ।
- भक्ति भावका कविताहरूमा जोड ।

यसरी नेपाली कविताको प्राथमिक कालको विकासक्रम अगाडि बढेको देखिन्छ । प्राथमिक कालमा विभिन्न धारा र उपधाराहरू देखापर्छन् । भने प्रत्येक धारमा फरक-फरक भावधारा भएका कविताहरूले आफ्ना-आफ्ना कृतिहरू प्रकाश गरेको पाइन्छ ।

### ३.५.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४ सम्म)

मध्यमिककालीन नेपाली कविताको सिमाङ्कनका सम्बन्धमा मतैक्यता पाइँदैन तर माध्यमिककालीन नेपाली कविताको मूलप्रवृत्ति श्रृङ्गारिकता हो भन्ने कुरामा सबै विद्वान्हरू सहमत छन् । नेपाली कविताको विकास यात्रामा माध्यमिक काल भन्नाले मोटामोटी रूपमा वि.सं. १९४१-१९७४ बीचको लगभग साढे तीन दशकको समायावधि बुझिन्छ । यस समयमा मुद्रण र श्रृङ्गारिकतालाई मुख्य रूपमा जोड दिएको पाइन्छ । लेखोट युग गरी छापाखाना युगमा नेपाली कविताको प्रवेश माध्यमिक कालको प्रवर्तन क्रमसँग सम्बन्धित एक प्रमुख घटना हो । नेपाली कविताको प्राथमिक काल मोतीराम भट्टद्वारा वनारसबाट छपाइएको भानुभक्तीय रामायणको बालकाण्डको प्रकाशन भएपछि शुरु भएको पाइन्छ । माध्यमिक कालको एउटै मात्र धारा श्रृङ्गारिकता हो जुन माध्यमिककालीन कविता लेखनको प्रवृत्ति र विशेषता पनि यही हो । यस धारालाई अगाडि बढाउने काम भने विभिन्न पत्रपत्रिकाहरूले सहयोग गरे सँगै भएको मानिन्छ । यस समयका कविताहरू ‘गोरखापत्र’ (१९५८) र ‘सुन्दरी’ (१९६३) मा प्रकाशित भएको पाइन्छ । यस धाराका केन्द्रीय प्रतिभा भने मोतीराम भट्ट नै हुन् । यस धारालाई अगाडि बढाउने कवि र कविताहरू निम्न अनुसार उल्लेख गरिन्छ (त्रिपाठी, भण्डारी : पृ. ५) ।

- मोतीराम भट्ट - पिकदूत, पञ्चक, प्रपञ्चक, उषचरित्र, गजेन्द्र मोक्ष ।
- लेखनाथ पौड्याल - फूटकर कविता ।
- केदारनाथ खतिवडा - श्रृङ्गारदर्पण, शुभविवाह आदि ।

**यसकालका प्रवृत्ति र विशेषताहरूलाई यसरी देखाउन सकिन्छ ।**

- श्रृङ्गारिकता ।
- अनुवाद र रूपान्तरण परम्परामा निरन्तरता ।
- आगन्तुक शब्दहरूको प्रयोग ।

- साहित्यिक वातावरणको थालनी ।
- प्राथमिक कालिन प्रवृत्तिको अन्त्य आदि ।

### **३.५.३ आधुनिक काल (१९७५- हालसम्म)**

आधुनिक नेपाली कविताको प्रवर्तन परिष्कारवादी धाराबाट भएको मानिन्छ । नेपाली कविताको आधुनिककाल कसबाट शुरु भएको हो भन्ने विषयमा विद्वान्हरूमा मत भिन्नता पाइन्छ । लेखनाथ पौड्यालमा केन्द्रीत छ । यस सन्दर्भमा लेखनाथलाई आनधुनिक कालका प्रवर्तक मान्ने विद्वान्हरू छन् - रामकृष्ण शर्मा, माधव भण्डारी, वासुदेव त्रिपाठी आदि रहेका छन् भने लेखनाथलाई आधुनिक नमानी माध्यमिक कालका कवि मान्ने विद्वान्हरू रत्ननाथ शर्मा, खगेन्द्र प्रसाद लुइटेल आदि रहेका छन् । यसरी मत भिन्नता देखिए पनि नेपाली कविताको आधुनिककाल सुक्तिसिन्धु संग्रह प्रकाशन पछि लेखनाथ पौड्यालको ऋतुविचार खण्डकाव्यको प्रथम भाग प्रकाशनबाट नेपाली कविता साहित्यमा आधुनिक कालको शुरुवात भएको मानिन्छ । यसमा विभिन्न धाराहरू रहेका छन् (ढुंगेल, दाहाल, २०७१ : पृ. १९) ।

#### **३.५.३.१ परिष्कारवादी धारा (वि.सं. १९७५-१९९०)**

नेपाली कवितामा परिष्कारवादी धाराको सुरुवात आधुनिककालको सुरुमा भएको हो । वि.सं. १९७४ मा प्रकाशित सुक्तिसिन्धु कविता संग्रह प्रतिबन्धित भएपछि सुरु भएको यो धारा देवकोटा आगमन पूर्व प्रमुख धाराको रूपमा र त्यसपछि गौण धाराका रूपमा निकैपछि सम्म प्रवाहित भएको देखिन्छ । यस धाराले स्पष्ट स्वरूप प्राप्त गर्दा नगर्दै स्वच्छन्दावादी धाराले नेतृत्व लिएकाले यो धारा गौण बन्न पुगेको देखिन्छ । यस धाराका प्रवर्तक लेखनाथ पौड्याल हुन् । वि.सं. १९७६ मा कवि शिरोकणि लेखनाथ पौड्यालले 'सत्यकलि संवाद' मार्फत सामाजिक व्यङ्ग्य र पुर्नजागरण चेतना अभिव्यक्ति गरेबाट आधुनिक नेपाली कविताको जन्मने मौका पाएको हो भनेर डा. पारसमणि भण्डारीले आफ्नो पुस्तक नेपाली कविता काव्यमा उल्लेख गरेका छन् ।

**यस धाराका कविहरू**

- लेखनाथ पौड्याल - ऋतुविचार, तरुण तपसी, सत्यकलि संवाद ।
- महानन्द सापकोटा - मन लहरी

- वालकृष्ण सम - स्वर्ग र देवता

यस धाराका प्रवृत्ति र विशेषताहरू यस प्रकार छन्

- श्रृङ्गारिकताको अन्त्य र बौद्धिक, धार्मिक र आध्यामिक चेतनाको थालनी
- आत्मपरक अभिव्यक्तिभन्दा वस्तुवरकतामा जोड
- भावनालाई बौद्धिकताले नियन्त्रण गर्नु ।

### ३.५.३.२ स्वच्छन्दतावादी/प्रगतिवादी धारा (वि.सं. १९९२-२०१६)

नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराको शुरुवात (१९९१) मा शारदा पत्रिकाको प्रकाशनसँगै लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताबाट भएको हो । स्वच्छन्दतावादी धारा पाश्चात्य साहित्यमा प्रारम्भ भई अंग्रेजी, हिन्दी साहित्यमा प्रारम्भ भएको देखिन्छ । वि.सं. १९९१ सालमा स्वच्छन्दतावादी धाराले प्रवेश गर्नु अगाडिको समय यसको पृष्ठभूमि काल हो (ढुंगेल, दाहाल, २०७१ : पृ. २१) ।

**यस धाराका स्रष्टाहरूमा**

लक्ष्मीप्रसाद देवकोटा - भिखारी (२०१०), गाइने गीत (२०२४), आकाश बोल्छ ( २०२५), कुरा (२०२६), सिद्धिचरण श्रेष्ठ - प्रतिबिम्ब (२०२१), कुहिरो घाम (२०४५), सिद्धिचरण प्रतिनिधि कविता (२०४५) तिरमिर तारा (२०४६), माधव प्रसाद घिमिरे र गोपालप्रसाद रिमाल लगायत अन्य कविहरूले यस धारामा रहेर कलम चलाएको पाइन्छ ।

**यस धाराका विशेषताहरू**

पाश्चात्य प्रभावबाट देवकोटाको केन्द्रियतामा शुरु भई निक्कै पछिसम्म प्रवाहित धारा, स्वच्छन्द प्रवृत्ति, प्रकृतिको चित्रण, शास्त्रीयता वन्धनबाट स्वतन्त्रताको आग्रह, सहज अभिव्यक्ति आदि विशेषताहरू रहेका छन् ।

### ३.५.३.३ प्रयोगवादी धारा (वि.सं. २०१७-२०३५)

परम्पराभन्दा भिन्न प्रवृत्तिलाई अंगालेर विशिष्ट पाराले लेखिने रचनालाई प्रयोगवादी रचना भनिन्छ । वि.सं. २०१७ सालमा 'रूपरेखा' पत्रिकामा घाइते युग कविताको प्रकाशन भएपछि प्रयोगवादी धाराको प्रारम्भ भएको हो । देवकोटाको मृत्यु

पछि २०१७ सालबाट यो धाराको आगमन भएको हो । यस धाराका शुरुवातकर्ता मोहन कोइराला हुन् । यस धारामा नै वि. सं. २०१९/२० साल तिर दार्जेलिङ्गमा 'तेस्रो आयम' नामको नितान्त नौलो साहित्यिक गतिविधि फस्टाएको देखिन्छ । प्रयोगवादी धारा अन्तर्गत रहेर कविता लेख्ने कविहरूमा - मोहन कोइराला - मोहन कोइरालाका कविता (२०३०) लेक - (२०२३), उपेन्द्र श्रेष्ठ - निम्तो (२०१७), द्वारिक श्रेष्ठ - चर्केको पर्खाल (२०१९), मदन रेग्मी, जगदीश शमशेर राणा आदि कविहरूको यस धारा अन्तर्गत रही कलम चलाएको पाइन्छ ।

**यस धाराका प्रमुख विशेषताहरू**

क्लिष्टता, बौद्धिकता, अमूर्तता र प्रतिकात्मकता, अतियथार्थवादी, अस्तित्ववादी विसङ्गतीवादी चिन्तनको प्रस्तुती, दुर्बोध्य परम्परित बिम्ब प्रतिक र मिथकको अधिक प्रयोग आदि यस धाराको विशेषता रहेका छन् ।

### ३.५.३.४ समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म)

समसामयिक शब्दले सामान्य तथा वर्तमान्लाई बुझाउँछ । वर्तमान् आज भूतमा परिणत हुने हुँदा यस शब्दले चिरस्थायी अर्थ ग्रहण गर्न सग्दैन । यो धारा सडक कविता क्रान्ति (२०३६) बाट प्रारम्भ भएको मानिन्छ । यो धारामा रहेर वर्तमान समयसम्म पनि निरन्तर रूपमा विविध दिनेश अधिकारी, विष्णु विभु घिमिरे, अशेष मल्ल आदि साहित्यकारहरूले साहित्य रचना गरिरहेको पाइन्छ । कविताका क्षेत्रमा विविध प्रकारका नवीन विशेषताहरू र प्रवृत्ति लिएर कविहरू देखापरेका छन् । युगको चाहना अनुसार अमूर्त लेखनबाट मूर्त लेखनतर्फ उन्मुख भएको र कतिपय कविता सृजनाबाटै पलायन भएको पाइन्छ ।

यस अवधिका कविहरूले कल्पना अतिशय भावुकता र अमूर्ततालाई त्यागेर वर्तमान् मान्छेले भोगीरहेका जीवनलाई वस्तुपरक यथार्थ चित्रण गरेका छन् । समाजमा भएका विकृति विसङ्गतिप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । दुर्बोध्य कठीन भाषाशैलीलाई पन्छाएर सरल सहज भाषाशैली ल्याए । विभिन्न बिम्ब प्रतिकहरू प्रयोगमा ल्याएर कवितामा सुबोध्यता ल्याएको पाइन्छ । विद्या निर्दोषी ओझाले पनि माथि उल्लेखित समसामयिक धारालाई नै अनुसरण गरी कविताहरू रचना गरेको पाइन्छ ।

# चौथो अध्याय

# जीवहरि शर्माको काव्ययात्रा र कृतिहरूको अध्ययन

## ४.१ जीवनहरि शर्माको काव्य यात्रा

कुनै पनि सर्जकलाई अमर बनाउने प्रमुख तत्व भनेकै उसका सिर्जना हुन् । कतिपय चिन्तकहरूले त साहित्यकारको दृष्टिचेतलाई सूर्यको प्रकाश भन्दा पनि टाढासम्म देख्न सक्ने अथात् जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छ कवि भनेर उकासेको पनि पाइन्छ । कविहरू सूर्यले नदेखेका ठाउँमा पनि पुग्न सक्छन् या सक्दैनन् त्यो आफ्नै ठाउँमा छ, तथापि समाजको विश्लेषण गर्दै खराब तत्वको पर्दाफास गरेर समाजलाई सुधार्ने सङ्केत भने हरेक सर्जकका रचनामा पाइन्छ । आखिर साहित्यकार कति जीवन्त रहन्छ भन्ने कुरा उसका रचनाहरूको गम्भीरतामा नै भरपर्ने हुन्छ । साँच्चै नै साहित्यकारहरू मनका धनी हुन्छन् । अत्यन्तै कोमल पनि हुन्छन् । त्यही कोमलताकै कारणले अरुका दुःख चाँडै बुझ्न सक्छन् अनि त्यसलाई यो मेरै पीडा हो भनेर कलात्मकताका साथ व्यक्त गरिदिन्छन् । यस्ता सिर्जनाहरूले समाजमा धेरै भन्दा धेरै व्यक्तिहरूको प्रतिनिधित्व गर्ने साहस र सामर्थ्य राखेका हुन्छन् । त्यसैले त यी कोमल रचनाहरूले पाठकको मन चाँडै पगाल्न सक्छन् अनि जनमानसमा सँधै जीवन्त रहिरहन सक्छन् ।

समग्रमा हेर्दा मानिसको जीवन नै एउटा यात्रा हो तर यो यात्रा कार प्लेन र पजेरोको यात्रा होइन खाली खुट्टाले हिँड्ने बगरको यात्रा हो अनि भलबाढीले बस्ती डुवानमा परेपछि पारीतार्न ढल्मलाउँदै ढल्मलाउँदै नौकाबाट गर्ने संकटमय यात्रा हो, जसले विगतका यात्राका पृष्ठभूमिमा पाइला राखेर भविष्यको रेखाङ्कन गरिएको हुन्छ । यसरी जीवनहरी शर्माको साहित्य हेर्दा प्रमुख रूपमा काव्ययात्रामा नै केन्द्रीत भएको पाइन्छ । हालसम्म प्रकाशन भएका कृतिहरूलाई अवलोकन गर्दा यो कुरा प्रष्ट हुन्छ कि शर्मा कवि र खण्डकाव्यकारका रूपमा परिचित छन् । विद्यार्थी जीवन देखी नै साहित्यिक कार्यक्रममा सक्रिय हुने शर्मा २०४१ सालबाट आफ्नो लेखन कार्यलाई अगाडि बढाएको पाइन्छ ।

### ४.१.२ लेखनकार्यका लागि प्रेरणा र प्रभाव

पूर्वीय साहित्य चिन्तकहरूले बताए झैं कवि बन्नका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यास जस्ता तत्वहरूको आवश्यकता देखिन्छ । तथापि कोही व्यक्तिमा कवि बन्ने प्रतिभा छ भने त्यसलाई समय सापेक्ष रूपमा प्रस्तुत गर्ने पूर्ववर्ती एवं समकालीन साहित्यकारहरूको प्रेरणा र प्रभावको भने जरुरी नै देखिन्छ । यसरी हेर्दा शर्मामा भएको कवि प्रतिभाले केही पूर्ववर्ती साहित्यकारहरू र समकालीनको प्रेरणा दिंदै अगाडि बढ्ने अवसर पाएको देखिन्छ ।

पिता पं. तुलसीराम संस्कृत साहित्यका ज्ञाता भएको हुँदा रामायणका श्लोकहरू रुद्री, चण्डी, वेदका ऋचाहरू सानैदेखि सुन्ने र पढ्ने गर्दा गर्दै छन्द र लयको भाव ग्रहण गरी शर्मा कविता लेखन तर्फ अग्रसर हुन थाले । त्यस पछिका दिनहरूमा अर्थात् विद्यार्थी जीवनमा समेत कविता लेख्ने र वाचन गर्ने जस्ता गतिविधिहरूमा संलग्न रहेको पाइन्छ । अध्ययनका क्रममा म.र.ब. क्याम्पस इलामले वि.सं. २०४१ सालमा आयोजना गरेको लेखनाथ जयन्तीका दिन 'लेखनाथ' शीर्षकको कविता वाचन गरी प्रथम भएको हुँदा उनमा अत्यधिक रूपमा यस पछिका दिनहरूमा आफू साहित्यका क्षेत्रमा निरन्तर लाग्ने र काव्य कृतिहरू समेत प्रकाशन गर्ने अठोटका साथ अगाडि बढ्ने प्रेरणा ग्रहण गरेको पाइन्छ । कुनै सफलताले मानिसलाई उचाइमा पुऱ्याउँछ भने झैं त्यसपछि उनले पूर्वीय र पाश्चात्य साहित्यकारका कृतिहरू खोजी खोजी पढ्न थाले उनले अध्ययन र अध्यापनको क्रममा समेत विभिन्न स्रष्टा तथा आफ्नै आदरणीय गुरु बुद्धिप्रसाद घिमिरेका कृतिहरूको अध्ययन र उनले लेखन कार्यमा दिइएको सल्लाह सुझाव समेत उनका लागि प्रेरणाको स्रोतका रूपमा लिने गरेको पाइन्छ । यसका अतिरिक्त शर्माले साहित्य सिर्जनाका लागि पाएको प्रेरणा र प्रभावलाई बुँदागत रूपमा यहाँ व्यक्त गरिएको छ (शोधनायकबाट प्राप्त जानकारीक) ।

- स्वयम् स्वतस्फूर्त रूपमा आएको आन्तरिक प्रेरणा ।
- पिता पं. तुलसीरामबाट पाएको छन्दको निर्देशन र प्रेरणा ।
- संस्कृत साहित्यका महाकवि कालिदासको काव्यकला ।

- लेखनाथ पौड्यालको 'ऋतुविचार' खण्डकाव्य अझ त्यसमा भएको प्रकतिको मानवीकरण ।
- कवि युद्धप्रसाद मिश्रको छन्दकला ।
- प्रगतिशील साहित्यकारहरू डि.पी. अधिकारी, मोदनाथ प्रश्रित आदिको प्रभाव ।
- म.र.ब. क्याम्पस इलामका उप-प्राध्यापक बुद्धिप्रसाद घिमिरेको निर्देशन र प्रेरणा ।
- राष्ट्रकवि माधवप्रसाद घिमिरेका रचनाहरूबाट प्रभावित ।
- कृष्णप्रसाद रिजाल, युद्धप्रसाद वैद्य, माधव भण्डारी जस्ता व्यक्तित्वहरूको सल्लाह र सुझावबाट प्रभाव ग्रहण ।

यसैगरी जीवनहरि शर्मालाई लेखन कार्यका लागि बारम्बार हौसला प्रदान गर्दै उनका सम्पूर्ण कृतिहरूको प्रकाशकीय भूमिका निर्वाह गर्ने श्रीमती रेनुका पोखेलको प्रेरणा निकै उल्लेख्य छ । साथै काव्य लेखनको शुरुवातमा प्रेरणा दिने स्व. श्रीमती दमन्ताको समेत लेखनको शुरुवातमा प्रेरणादायी भूमिका रहेको पाइन्छ । उनका हालसम्म प्रकाशित काव्यकृतिहरू टिष्टाको सन्देश (२०६७), तिलक प्रथा (२०६८) र अधम कविता संग्रह (२०७२) लेखनमा श्रीमती र छोरा छोरी सबैको साथ सहयोग र हौसला सहज रूपमा मिलेको पाइन्छ ( शोधनायकबाट प्राप्त जानकारी) ।

### ४.१.३ खण्डकाव्यको विकासक्रमको सन्दर्भमा जीवनहरि शर्माको उपस्थिति

नेपाली साहित्यको इतिहासमा माध्यमिक कालबाटै खण्डकाव्यले स्पष्ट विधागत पहिचान लिएर आएको पाइए तापनि शास्त्रीय नियममा आबद्ध भएर चाँहि कवि लेखनाथ पौड्यालबाट अघि बढेको पाइन्छ । नेपाली खण्डकाव्यको इतिहासमा लेखनाथ पौड्यालबाट नै आधुनिककालले प्रवेश गर्ने सुनौलो अवसर प्राप्त गरेको हो भन्न सकिन्छ । 'ऋतुविचार' खण्डकाव्यको प्रकाशनसँगै लेखनाथले प्रारम्भ गरेको परम्परालाई भीमनिधि तिवारी, बालकृष्ण सम, महानन्द सापकोटा लगायतका सर्जकहरूले निरन्तरता दिइरहे । लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, भानुभक्त पोखेल लगायतका सर्जकहरूले पनि प्राय: परिष्कारवादी शैलीमा नै रहेर खण्डकाव्यहरू रचना गरेको पाइन्छ । मदन रेग्मी, मोहन कोइराला, ईश्वर वल्लभ लगायतका स्रष्टाहरूले शास्त्रीय नियममा आबद्ध भएर खण्डकाव्य रचना गर्ने प्रवृत्ति पूर्ण रूपमा अन्त्य हुनसक्ने स्थितिमा

भने छैन । यो खण्डकाव्य रचनाको शास्त्रीयतावादी/परिष्कारवादी शैलीमा रहेर खण्डकाव्य रचना गर्ने समय वि.सं. १९७५-१९९० सम्म कायम रहेको पाइन्छ । यसरी हेर्दा वर्तमान अवस्थामा देखा परेका खण्डकाव्य  जीवनहरि शर्मा समसामयिक विषयवस्तु एवं सामाजिक समस्यालाई शास्त्रीय नियम भित्रै आवद्ध भएर खण्डकाव्यात्मक स्वरूप प्रदान गर्ने व्यक्तित्वका रूपमा उपस्थित भएका छन् । उनका प्रकाशित भएका तीनवटा खण्डकाव्यहरू टिष्टाको सन्देश (२०६७), तिलक प्रथा (२०६८) र अधम कविता संग्रह (२०७२) लाई हेर्दा समाजमा घट्ने घटना/समस्यालाई मूल विषयवस्तु बनाएर शास्त्रीय नियमभित्र रहेरै काव्यहरूको रचना गरेको पाइन्छ । त्यसैले उनलाई परिष्कारवादी खण्डकाव्यकार हुन भनेर सजिलै भन्न सकिने अवस्था छ ।

### ४.१.४ कविताको विकासक्रमको सन्दर्भमा जीवनहरि शर्माको उपस्थिति

नेपाली साहित्यको कविता लेखन परम्परा वि.सं. १८२५-२६ देखि सुरुभई आजको अवस्थामा आइपुगेको पाइन्छ । प्राथमिककाल माध्यमिक काल र आधुनिक कालका विभिन्न धारा र उपधारहरू पार गर्दै आधुनिक कालको समसामयिक धारामा आइपुग्दा नेपाली काव्यले निकै फड्को मारिसकेको अवस्था छ । शिशु अवस्थाबाट वयस्क अवस्थामा आइपुगेको अवस्था हो जुन परिपक्क भैसकेको अवस्था हो । यसरी हेर्दा कवि जीवनहरि शर्मा आधुनिक कालमा देखा परेका एक परिष्कारवादी प्रगतिवादी फाँटका कविका रूपमा देखा परेको पाइन्छ । शर्माका कवितामा एकातिर शास्त्रीय नियमको पालना गरेको पाइन्छ भने अर्कातर्फ वर्गीय विभेदको स्पष्ट प्रस्तुति साथै विद्रोहात्मकता जस्ता प्रवृत्ति पनि पाइन्छ । आधुनिक नेपाली काव्यको इतिहासमा परिष्कारवाद र समसामयिक प्रगतिवादी आ-आफ्नै पहिचान लिएर स्थापित भैसकेका र यी सिद्धान्तहरूमा आबद्ध भएर कलम चलाउने प्रतिभाहरू पनि प्रशस्तै रहेका छन् । तथापि आफूले देखेका, भोगेका र अनुभव गरेका समसामयिक विषयवस्तुलाई परिष्कारवादी र प्रगतिवादी दुवै मान्यताका आधारमा एक साथ प्रस्तुत गर्ने कविका रूपमा आधुनिक नेपाली काव्यको इतिहासमा जीवनहरि शर्माको उपस्थिति रहेको पाइन्छ । उनको **अधम** कविता संग्रह (२०७२) मा १६ वटा कविताहरू संग्रहित छन् ती १६ वटै कविता फरक फरक छन्दमा लेखिएको साथै सामाजिक परिवेशको यथार्थ चित्रण

गरिएको पाइन्छ । जसले गर्दा पनि कवि शास्त्रीय नियममा कविता लेख्ने परिष्कारवादी धाराका रूपमा स्थापित भएको पाइन्छ ।

### ४.१. ५ कवि जीवनहरि शर्माको काव्य यात्राको चरण विभाजन

कवि जीवनहरि शर्माले नेपाली साहित्यको विशेष गरी काव्य विधामा कलम चलाएको पाइन्छ । उनले वि.सं. २०४१ सालदेखि कविता लेखन कार्य प्रारम्भ गरी औपचारिक रूपमा भने वि.सं. २०६७ सालमा टिष्टाको सन्देश सामाजिक काव्य लिएर देखा परेको पाइन्छ भने त्यसपछि वि.सं. २०६८ सालमा तिलक प्रथा सामाजिक खण्डकाव्य र वि.सं. २०७२ सालमा अधम कविता संग्रह लिएर नेपाली काव्य जगतमा देखा परेको  पाइन्छ । उनको लेखन अवधिदेखि हाल सम्म प्रकाशन भएका कृतिहरूलाई अध्ययन गर्दा मुख्य रूपमा दुई चरणमा आफ्ना रचनाहरू प्रकाशनमा ल्याएको पाइन्छ ।

#### ४.१. ५.१ प्रथम चरण (वि.सं. २०४१-वि.सं. २०६६ सम्म)

'लेखनाथ' शीर्षकको कविता म.र.ब. क्याम्पस इलाममा लेखनाथ जयन्तीका दिन वाचन गरेको समयदेखि टिष्टाको सन्देश (२०६७) सामाजिक काव्य प्रकाशन गर्नु पूर्वको समयलाई प्रथम चरण अन्तर्गत राखिएको छ । यो चरण उनको रचनाहरूको दृष्टिले शिशु अवस्था हो । यस समयमा उनले विभिन्न कृतिहरूको लेखन कार्य मात्र भएको पाइन्छ । यो समयमा उनले विभिन्न साहित्यिक व्यक्तिहरूको कृतिको अध्ययन र उनीहरूको प्रेरणा ग्रहण गर्दै काव्य लेख्ने, विभिन्न पत्रपत्रिकामा र स्मृति ग्रन्थहरूमा छाप्ने र हाल प्रकाशन गरिएका कृतिहरूको लेखन जस्ता कार्यहरू गरेको पाइन्छ । यो चरण उनको औपचारिक रूपमा काव्ययात्रामा प्रवेश गर्ने पूर्वाधार निर्माण गर्ने अवस्था हो ।

#### ४.१.५.२ द्वितीय चरण (वि.सं. २०६७-हालसम्म)

'टिष्टाको सन्देश' (२०६७) सामाजिक काव्य प्रकाशन देखि हालसम्मको समयावधिलाई द्वितीय चरण अन्तर्गत राखिन्छ । यो चरण उनको उर्वर चरण हो । यस चरणमा उनले तीन वटा कृतिहरू प्रकाशन गरेको पाइन्छ । जसमध्ये दुईवटा खण्डकाव्य र एउटा कविता संग्रह रहेका छन् । उनका खण्डकाव्यहरूमा 'टिष्टाको सन्देश' (२०६७) सामाजिक काव्य र 'तिलक प्रथा' (२०६८) सामाजिक खण्डकाव्य प्रकाशन भएका छन्

भने कविता संग्रहमा 'अधम' कविता संग्रह (२०७२) मा १६ वटा कविताहरू संग्रहित रहेको पाइन्छ ।

## ४.२ जीवनहरि शर्माका कृतिहरूको अध्ययन

### ४.२.१ खण्डकाव्यको सामान्य परिचय

ज्ञान विज्ञानको समष्टि रूप वाङ्मय हो भने कला यसकै एउटा शाखा हो । कलाका पनि मुख्य दुई भेद छन् (१) वास्तुकला र (२) ललितकला । यी मध्ये ललितकलाको एउटा भेदका रूपमा साहित्य पर्दछ । साहित्य पनि अनेकौं शाखा प्रशाखामा विभक्त छ । जस मध्ये कविताको एक उपविधात्मक रूप अन्तर्गत खण्डकाव्य पर्दछ । खण्ड + काव्य दुई शब्दको मेलबाट खण्डकाव्य शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ कुनै काव्यको खण्डित अंश भन्ने हुन आउँछ । यस अर्थमा पूर्ण नभईकन खण्ड हुन नसक्ने वा जीवनको पूर्णता भन्दा खण्ड विशेषको चित्रण खण्डकाव्यले स्वीकारेको पाइन्छ ।

पाश्चात्य काव्यशास्त्रीयहरूले Short Poem / Long Poem गरी काव्यको दुई भेद गर्दै Short Poem भित्र सूत्र र प्रगीत एवं Long Poem भित्र शोक काव्य र आख्यानात्मक कविता गरी अध्ययन गरेको पाइएता पनि खण्डकाव्य नाम गरेको छुट्टै विधाको रूपमा विस्तृत चर्चा गरेको भने पाइँदैन ।

पूर्वीय सन्दर्भमा महाकाव्यका तुलनामा खण्डकाव्यको चर्चा कमै भएको पाइए पनि पाश्चात्य साहित्य चिन्तन परम्परामा भन्दा केही स्पष्टता भने अवश्य पाइन्छ । पूर्वमा साहित्य चिन्तन परम्परा भरतमुनिबाट थालिएको पाइए पनि उनका समयमा खण्डकाव्य नामले कुनैपनि काव्यको चर्चा गरिएको पाइँदैन । ईशाको सातौं शताब्दीमा रुद्रटले सर्वप्रथम प्रबन्धकाव्य सम्बन्धी चर्चा गर्ने क्रममा काव्यका प्रबन्धात्मक रूपलाई लघुकाव्य र महाकाव्य गरी दुई भागमा विभाजन गरे । यिनका अनुसार महाकाव्यमा श्रृङ्गार, वीर मध्ये कुनै एक रस र धर्म, अर्थ, काम जस्ता जीवनका प्रधानतम् उपलब्धी र चतुर्विध पुरुषार्थको समग्र अभिव्यक्ति हुन्छ भने खण्डकाव्यमा चतुवर्गमध्ये कुनै एक वर्गको अभिव्यक्ति पाइन्छ । नवौं शताब्दीका आनन्द वर्धनले पद्य काव्यलाई मुक्त र प्रवन्धकाव्य गरी विभाजन गर्दै प्रबन्ध काव्यभित्र प्रर्याय, बन्ध, खण्डकथा, सकल कथा र

सर्गबन्धलाई राखेका छन् । यसरी चर्चा परिचर्चा गर्ने क्रममा सर्गबन्ध अन्तर्गत महाकाव्यलाई राखिएको पाइन्छ भने खण्डकथाले खण्डकाव्यलाई स्पष्ट संकेत गरेको पाइन्छ ।

यसरी उल्लेख गरिएका केही प्रयासहरू खण्डकाव्यको निम्ति अविष्मरणीय रहे पनि खण्डकाव्यको नामाङ्कन गर्ने प्रथम आचार्य चाँहि तेह्रौं चौधौं शताब्दीका आचार्य विश्वनाथ हुन् । विश्वनाथका अनुसार महाकाव्यमा झैं खण्डकाव्यमा पनि विषयवस्तु रहन्छ तर महाकाव्यमा वर्णनको प्रस्तुति हुन्छ भने खण्डकाव्यमा विषयवस्तुको व्यापकता नरहेर संक्षिप्तता हुने गर्दछ । जुन कुरा जीवनको प्रस्तुतिमा भर पर्ने गर्दछ । कविले जीवनको विराटतालाई प्रस्तुत गर्न चाहन्छन् भने त्यहाँ विराटता आउँछ र संक्षिप्तता प्रस्तुत गर्न चाहन्छन् भने संक्षिप्तता आउँछ । यही विराटता र संक्षिप्तता भित्रै महाकाव्य र खण्डकाव्य आफ्नो स्वरूप छुट्टिन आउँछ ।

यसरी हेर्दा जीवनको कुनै एक अंशको प्रस्तुतीकरण खण्डकाव्यमा हुन्छ भने जीवनको विराटता र समग्रता अंगाल्दै त्यसको प्रस्तुतीकरण महाकाव्यमा हुन्छ । आचार्य विश्वनाथले खण्डकाव्यलाई काव्य, कोषकाव्य, खण्डकाव्य र महाकाव्य गरी चार भागमा वर्गीकरण गर्ने कार्य समेत गरेको पाइन्छ ।

विभिन्न विद्वान्हरूले खण्डकाव्य सम्बन्धी गरेको चिन्तनका आधारमा के भन्न सकिन्छ भने जीवन र जगतको एक पक्षले चित्रण, एउटै सत्यको उद्‌घाटन र एउटै उद्देश्यको सङ्कथन खण्डकाव्यमा रहने भएकाले घटना, पात्र र रसको एकता पनि जरुरी मानिन्छ । धर्म, अर्थ, काम, मोक्ष मध्ये एक वर्ग, नौ रस मध्ये कुनै एक रसको परिपाक शीर्षक संरचनाभित्र कवितात्मक प्रस्तुतिको सुसम्बन्ध संयोजन रहनु प्राय अनिवार्य मानिन्छ । यसरी हेर्दा खण्डकाव्यमा सर्गबद्धता र अनेक छन्दको प्रयोग आवश्यक मानिदैन ।

नेपाली पाश्चात्य क्षेत्रका गाथा, काव्य, शोककाव्य, गीतिकाव्य र व्यङ्ग्य काव्यका आधारमा लेखिएका प्रयोगवादी लामा कवितालाई खण्डकाव्य समकक्षी कृतिका रूपमा चर्चा गरिएको पाइए पनि शास्त्रीय आधारमा रचिएका खण्डकाव्यहरू पनि प्रशस्तै छन् । ऋतुविचार, उर्वशी, आगो र पानी, राजेश्वरी, मुनामदन आदि

खण्डकाव्यलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । यिनै विविध सन्दर्भहरूलाई हेरेर साहित्यशास्त्रीहरूले खण्डकाव्यका तत्वहरूको निर्धारण गरेको पाइन्छ । **खण्डकाव्यका लागि आवश्यक मानिएका तत्हरू निम्न अनुसार रहेका छन् :-**

१. कथावस्तु

२. पात्र विधान

३. परिवेश

४. भावविधान

५. लयविधान

६. अलङ्कार योजना

७. सर्गयोजना

८. उद्देश्य

९. भाषाशैली

यसरी हेर्दा काव्यकार जीवनहरि शर्माका दुई खण्डकाव्यहरू शास्त्रीय नियममा आधारित भएर रचना गरिएको पाइन्छ ।

## ४.२.२ जीवनहरि शर्माको खण्डकाव्यगत विशेषता

खण्डकाव्यकार जीवनहरि शर्माले फूटकर कविता लेखन २०४१ सालबाट प्रारम्भ गरेतापनि खण्डकाव्यको क्षेत्रमा देखा परेको भने त्यति लामो समय भैसकेको पाइँदैन । वि.सं. २०४१ सालमा लेखनाथ जयन्तीका दिन आफ्नो फूटकर कविता म.र.ब. क्याम्पस इलाममा वाचन गरेर कवि जीवनमा प्रवेश गरेका शर्माको पहिलो प्रकाशित खण्डकाव्य **टिष्टाको सन्देश** सामाजिक काव्य (२०६७) र **तिलक** प्रथा सामाजिक खण्डकाव्य ( २०६८) हो । यसरी लगातार रूपमा दुई सामाजिक खण्डकाव्य प्रकाशन गरेर शर्माले नेपाली साहित्यका क्षेत्रमा खण्डकाव्यकार व्यक्तित्वका रूपमा आफूलाई स्थापित गर्न सफल भएका छन् ।

शर्माका दुईवटै खण्डकाव्यले मानव जीवनका जटिल परिस्थिति, अन्याय, अत्याचार, शोषण, दमन, कुरीति, कुसंस्कार, कुप्रथा र त्यसबाट सिर्जित भएका

आक्रोशका अभिव्यक्ति प्रकट गरेका छन् । यसरी खण्डकाव्यको माध्यमबाट दुई देश बीचको फरकपन साथै नेपाली समाजमा देखापरेका अनेकन समस्यामध्येको तिलक प्रथाजस्तो जटिल प्रथाको बारेमा भण्डाफोर गर्दै यस्ता प्रथालाई बेलैमा जरादेखि नै उखेल्न नसके देश विकासको बाधक बन्ने सन्देश दिएको पाइन्छ । उनका दुई खण्डकाव्यलाई सरसर्ती हेर्दा परम्परागत लेखन शैली र नवीन सामाजिक चेतनाको उद्घाटन गर्नु नै शर्माका खण्डकाव्यमा पाइने प्रमुख विशेषता हुन् ।

समग्रमा शर्माका खण्डकाव्यगत विशेषतालाई निम्न बुँदामा समेट्न सकिन्छ ।

१. शास्त्रीय नियममा आधारित खण्डकाव्यकार

२. प्रगतिवादी खण्डकाव्यकार

३. परम्परागत शैली र नवीन विषयको संयोजन

४. छन्द, रस र अलङ्कारको सफल प्रयोग

५. सामाजिक चेतनाको स्वर

६. सरल, सरस भाषाशैलीको प्रयोग

७. भाव र शैलीका बीचमा सुमधुर सम्बन्ध स्थापित

८. शैलीशिल्पगत परिष्कारवादिता

९. बिद्रोहात्मक काव्यकार

१०. क्रान्तिचेतको विकास ।

### ४.२.३ जीवनहरि शर्माको खण्डकाव्यगत प्रवृत्ति

#### ४.२.३.१ विषयवस्तुगत प्रवृत्ति

विषयवस्तु खण्डकाव्यको महत्वपूर्ण पक्ष हो । खासगरी खण्डकाव्यमा ऐतिहासिक, सामाजिक, पौराणिक, सांस्कृतिक, प्राकृतिक एवं समसामयिक जस्ता विषयवस्तुहरू आएका हुन्छन् । यस दृष्टिले हेर्दा खण्डकाव्यकार जीवनहरि शर्माका दुईवटै खण्डकाव्यमा सामाजिक एवं समसामयिक विषयवस्तुलाई लिएको पाइन्छ । ‘टिष्टाको सन्देश’ सामाजिक काव्यमा नेपाल र भारतको यथार्थ पक्षको चित्रण गर्न खोजिएको छ । नेपाली र भारतीय जनताहरूको तुलनात्मक अध्ययन गरिएको पाइन्छ । हरेक क्षेत्रमा नेपालीहरू पछि परेका साथै भारतीय जनताहरूको सिको गरेर नेपालीहरू कहिले

उनीहरूको दाँजोमा पुग्न सकिन्छ भन्दै उनीहरूको सिको गर्दै छिट्टै नेपाल विकसित भएको हेर्न पाउने आशा गरेको पाइन्छ । नेपालीहरू समृद्धशाली बन्नका लागि टिष्टाको सन्देश लिनुपर्ने अत्यन्त प्रेरणादायी भाषाशैलीको प्रयोग गर्दै भारतीय भूमि सिक्किम र टिष्टा नदीलाई प्रमुख रूपमा विषयवस्तु बनाएर नेपालको समृद्धशाली बन्ने इच्छा पूरा गर्ने मन, वचन र कर्मले लाग्नुपर्ने बिचार व्यक्त गरिएको पाइन्छ । यस्तै शर्माको अर्को खण्डकाव्य 'तिलक प्रथा' सामाजिक खण्डकाव्य वर्तमान समयमा तिलक प्रथाले ल्याएको सामाजिक समस्यालाई प्रमुख रूपमा विषयवस्तु बनाएर यसको अन्त्य गर्न सबै एक ढिक्का भएर लड्नुपर्ने कुरा व्यक्त गरिएको पाइन्छ । यसरी हेर्दा जीवनहरि शर्माका दुईवटै खण्डकाव्यको विषयवस्तुमा सामाजिक एवं समसामयिक दृष्टिचेत रहेको पाइन्छ ।

### ४.२.३.२ संरचनागत प्रवृत्ति

खण्डकाव्यकार जीवनहरि शर्माले समसामयिकता र सूक्ष्म आख्यानको प्रयोग गरेर खण्डकाव्य रचना गरेका छन् । शर्माले आफ्ना अनुभूति प्रवाहलाई सरल, सरस, मिठासपूर्ण, परिष्कृत संयमित एवं व्यवस्थित रूपमा खण्डकाव्यमा प्रयोग गरेर आफ्नो काव्य कौशललाई प्रस्तुत गरेका छन् । ३६ पृष्ठमा संरचित टिष्टाको सन्देश खण्डकाव्यमा अघिल्लो सात पृष्ठमा लेखकको भनाइ, बधाई र शुभकामना तथा पुस्तकका सम्बन्धमा शीर्षकका मन्तव्यहरू समाविष्ट छन् भने पछिल्लो अर्थात् ३६ औं पृष्ठमा माईखोलाको तस्विर समावेश गरिएको छ । जम्मा चारवटा खण्डमा संरचित काव्यमा जम्मा १०९ श्लोक छन् । त्यसैगरी ५० पृष्ठमा संरचित 'तिलक प्रथा' खण्डकाव्यको अग्रभागमा क देखि झ सम्म मन्तव्यहरू र विषयसूची रहेको छ । मुख्य भाग पचास र अन्य बाह्र गरी जम्मा बैसठ्ठी पृष्ठमा रहेको यस काव्यमा पाँच खण्डमा छन् । यसरी हेर्दा शर्माका दुवै खण्डकाव्यमा आन्तरिक र वाह्य दुवै दृष्टिकोणले हेर्दा वाह्य भन्दा आन्तरिक पक्ष नै बढी सवल देखिन्छ ।

### ४.२.३.३ रसभावगत प्रवृत्ति

भाव र सौन्दर्यका धनी काव्यकार शर्मा संस्कृतका कालिदास, वाल्मिकी, नेपालीका लेखनाथ पौड्याल प्रकृतिका रसवादी कविहरूबाट निकै प्रभावित रहेको पाइन्छ । यस किसिमका शर्माका खण्डकाव्यमा करुण, शान्त, वीर रसभावमय

अनुभूतिहरू प्रकट भएका छन् । यसमा पनि समाज परिवर्तनका लागि हरेक मानिसलाई शिक्षित बनाउनुपर्ने कविको उद्देश्य सफल पार्न वीर रसको प्रयोग निकै सार्थक र सान्दर्भिक देखिन्छ । समग्रमा रस र भावका बीचको उचित तालमेल भएका कारण शर्माका खण्डकाव्य निकै उत्कृष्ट बन्न सकेका छन् ।

#### ४.२.३.४ स्वरगत प्रवृत्ति

काव्यको मुख्य भाव विचार वा जीवनदर्शन नै त्यसको स्वर हो । यसरी जीवनहरि शर्माका खण्डकाव्यलाई हेर्दा 'टिष्टाको सन्देश' खण्डकाव्यमा नेपाली समाज र राष्ट्र निर्माणको अभियानलाई अगाडि बढाउन सिक्किमको सबै क्षेत्रको अनुसरण गरी नेपाल छिट्टै समृद्धशाली बनाउन जुट्नुपर्ने अवस्था सिर्जना गरिएको पाइन्छ भने 'तिलक प्रथा' खण्डकाव्यमा मानव मानवबीचको सम्बन्धलाई प्रगाढ बनाउन दाइजो प्रथाको अन्त्य गरी धनी र गरीब बीचको विभेदको अन्त्य हुनुपर्ने धारणा उजागर भएको पाइन्छ ।

#### ४.२.३.५ लयगत प्रवृत्ति

लयका दृष्टिले जीवनहरि शर्माका दुईवटै खण्डकाव्य उत्कृष्ट रहेका छन् । उनका खण्डकाव्यमा शास्त्रीय वर्णमात्रिक छन्दको प्रयोग भएको पाइन्छ । उनको खण्डकाव्यमा दुई छन्दको मात्र प्रयोग पाइन्छ । उनको टिष्टाको सन्देश खण्डकाव्यमा शार्दूलबिक्रीडित छन्द र 'तिलक प्रथा' खण्डकाव्यमा उपजाति छन्दको प्रयोग भएको पाइन्छ । छन्दसंयोजन गर्दा कविले धेरै अक्षरका खुट्टा काटिएका, वर्ण विन्यासमा त्रुटि, शब्द निर्माणमा जबरजस्ती खाँदखुँद पारेको देखिन्छ । यी उनका छन्द संयोजनका कमजोरी पक्ष हुन् भन्न सकिन्छ । साथै छन्दका कारण खण्डकाव्यको अर्थबोधमा भने कठिनाइ भएको पाइँदैन । बरु यसले खण्डकाव्यलाई अझै रोचक एवं मार्मिक बनाउन सहयोग गरेको पाइन्छ ।

#### ४.२.३.६ शैलीशिल्पगत प्रवृत्ति

मिठासपूर्ण सुकोमल ध्वन्यात्मक शब्दको प्रयोग, तीब्र अभिधाशक्ति, विम्ब, अलङ्कारको समुचित प्रयोग खण्डकाव्यका जीवनहरि शर्माका शैलीशिल्पगत प्रमुख प्रवृत्ति हुन् । आफ्ना खण्डकाव्यमा रस, भाव, छन्द, अलङ्कार बीच सन्तुलन मिलाएकाले

शर्माको शैलीशिल्प सफल वनेता पनि वर्णविन्यास र क्रियाको प्रयोग भने त्यति सफल भएको पाइँदैन ।

### ४.२.३.७ भाषिक प्रवृत्ति

खण्डकाव्यकार जीवनहरि शर्माका खण्डकाव्यमा पोथीसुलभ भाषाको प्रयोग गर्नुभन्दा सुदृढ, सम्मित भाषाशैलीको प्रयोग गरेको पाइन्छ । शर्माको भाषा पण्डित्य प्रदर्शन गर्नमा भन्दा बढी भावलाई डोऱ्याउन क्रियाशील रहेको कारण खण्डकाव्यहरू श्रुतिमय एवं सङ्गीतमय बन्न सकेको पाइन्छ ।

## ४.३ 'टिष्टाको सन्देश' सामाजिक खण्डकाव्यको अध्ययन

### ४.३.१ संरचनात्मक परिचय

'टिष्टाको सन्देश' सामाजिक खण्डकाव्य जीवनहरि शर्माले वि.सं. २०६७ सालमा प्रकाशन गरेका हुन् । यो खण्डकाव्य शर्माको पहिलो खण्डकाव्य हो । यसले बाहिरी आवरण भित्री पृष्ठभन्दा केही मोटा, सेतो सेतो पृष्ठभूमिमा रातो मसिले 'टिष्टाको सन्देश' सामाजिक काव्य लेखिएको छ भने केही तल निलो मसिले कोरिएको नेपालको तस्विर अनि टिष्टा नदीले पहिलेको नेपाल भारतको सिमानालाई छुट्याइएको तस्विर समेत रहेको छ । यस खण्डकाव्यको आवरण चित्र अनिल तामाङ्गले गरेका छन् भने यस खण्डकाव्यको मुद्रण शिवशक्ति अफसेट प्रेस इलामद्वारा गरिएको हो । त्यसैगरी कम्प्युटर चेतनाथ भट्टराई इ.न.पा. ८, पिपलबोटे इलामबाट गरिएको  हो । यस खण्डकाव्यको व्यक्तिगत मूल्य रु. ५१।- राखिएको छ भने संस्थागत मूल्य रु. १०१।- राखिएको छ । त्यसैगरी बाहिरी आवरणको पछाडि लेखकको तस्वीर सहित परिचय निलो मसीले लेखिएको छ भने प्रकाशकको बारेमा केही लेखिएको पाइँदैन । त्यसैले प्रकाशक कवि जीवनहरि शर्मा नै हुन् भन्न सकिन्छ । यस खण्डकाव्यलाई चार खण्डमा विभाजन गरेर रचना गरिएको छ । प्रथम खण्डमा १२ श्लोक, दोस्रो खण्डमा २२ श्लोक, तेस्रो खण्डमा श्लोक, चौथो खण्डमा १० श्लोक गरी जम्मा १०९ श्लोक रहेका छन् । समग्रमा हेर्दा आवरण, पृष्ठ, अक्षरको आकार, लेआउट, डिजाइन, छपाइ, बँधाइ, मूल्य, सुलभताका विषयवस्तु, चित्र, कागजको गुणस्तर, विविध जस्ता आन्तरिक र वाह्य पक्षका दृष्टिले नै यो खण्डकाव्य संरचित भएको पाइन्छ तथापि यस खण्डकाव्यको संरचनाका दृष्टिले

मूल्याङ्कन गर्दा टिष्टाको सन्देश खण्डकाव्य मध्यम स्तरको संरचना भएको खण्डकाव्य हो भनेर भन्न सकिन्छ ।

### ४.३.२ विषयवस्तु

टिष्टाको सन्देश खण्डकाव्यको विषयवस्तु बाटामा जाँदाको प्रसङ्ग, सिक्किमको वस्तुस्थितिको अध्ययन, टिष्टा नदीबाट नेपालको भौगोलिक वर्णन र सिक्किमबाट फिर्दा बाटाको दृश्यको वर्णन गरी चार खण्डमा विभाजित छ । यसको बाटामा जाँदाको प्रसङ्ग भागमा शार्दूलविक्रीडित छन्दका बाह्रवटा श्लोक रहेका छन् । यस खण्डमा साउन महिनाको शुरु मै ठूलो पानी परी टिष्टामा भेल बगिरहेको अवस्थामा त्यसै क्षेत्र बिरामी मान्छे लिएर अन्य व्यक्तिका साथ पुगेका कविले टिष्टाले पठाएको सन्देश भनी सुरु गरेका छन् । दुवैतिर ठाडो भीर, धेरै घुमेको बाटो, भतिजको साथमा पुगेका कविलाई टिष्टाले सबै घुम्न र नेपालमा यहाँको विकास र सभ्यताको सन्देश लैजानु भन्ने विचारलाई कवि यसरी व्यक्त गर्छन् -

टिष्टापारि रहे कि सिक्किम हरे संमृद्धशाली बनी
फिर्दा खेरी मलाई पस्कनु भयो संदेश लानू भनी ।
कैले पो त्यसरी सुधारिनु यहाँ हामीहरू तापनी
सव्ले चित्त लगाइ उन्नति गरौं नेपाल हाम्रो भनी ॥१॥ (प्रथमखण्ड, पृ.८)

हाम्रो छिमेकी देश भारतको सिक्किम यात्राको क्रममा बाटामा जाँदाको प्रसंगलाई जोड्दै टिष्टापारी रहेको सिक्किम शिक्षा, स्वास्थ्य, यातायात प्रशासकीय आदि सबै क्षेत्रमा अगाडि बढिसकेको साथै समृद्धशाली बनिसकेको विचार भाव व्यक्त गर्दै हामी नेपालीहरू कहिले यसरी नै सबैक्षेत्रमा सक्षम हुने हो भन्दै सबै नेपालीहरू एक चित्त भएर तन, मन, वचन र कर्मले नेपाल हाम्रो हो भन्ने भावना लिएर अगाडि बढ्ने हो भने मात्र यो कुरा सम्भव हुने विचार भाव कविले यस खण्डमा व्यक्त गरेको पाइन्छ ।

राष्ट्र निर्माणको विषयवस्तु बोकेको यस खण्डकाव्यको प्रथम खण्डमा नै नेपाल र नेपालीले अनुकरण गर्नुपर्ने सिद्धान्तलाई अत्यन्त कलात्मक र आलङ्कारिक शैलीमा व्यक्त गर्दै कविले खण्डकाव्यात्मक शैलीमा सिक्किमको छेउ अवस्थालाई चित्रण गरेको

पाइन्छ । मौरीको उपमा दिदैं विश्वमाझ नेपाल र नेपालीलाई चिनाउन कवि यसो भन्छन् -

रास्रो सानु पवित्र सुन्दर मणी त्यो देवता थालिको ।
आफ्नै प्राण सरी पियार गरुन् नेपाल नेपालिको ॥
मौरी झैं मिलन मिनेत गरुन् सब्को महीमा निको ।
फैलोस् विश्व भरी सुकिर्ती सबमा नेपाल नेपालिको ॥१२॥ (प्रथम खण्ड, पृ.१०)

यसरी कविले प्रथम खण्ड मै खण्डकाव्यमा प्रस्तुत गरिने विषयका बारे जानकारी गराएका छन् ।

यसैगरी खण्डकाव्यको दोस्रो खण्डलाई 'सिक्किमको वस्तु स्थितिको अध्ययन' शीर्षक दिइएको छ । यस खण्डमा शादूर्लबिक्रीडित छन्दका २२ श्लोक रहेका छन् । कविले संमृद्धिशाली सिक्किमको सामाजिक, प्राकृतिक तथा औद्योगिक र मानवीय भावनाको चर्चा गरेका छन् । ढाँटेर छलेर होइन कर्म गरेर नै आफ्नो ठाउँको विकास हुन्छ, सामाजिक एकताबाट नै विकास सम्भव छ, नारीको सम्मानमा नै घरको सम्मान छ, राम्रो संस्कारमा नै मानवीय भावना छ, जातीय एकता नै भलाई छ, दुःखी र गरीबको सहायतामा नै धर्म छ, रीस गर्नु अपराध हो अनि दिदी बहिनीको अपमान श्राप हो, राम्रो काम गरे पुरस्कृत भइन्छ भने नराम्रो काम गरे दण्ड मिल्छ जस्ता नैतिक शिक्षामा यसरी लेख्छन् -

बोल्छन् सत्य कुरा सबै जहितही ढाँटेर के हुन्छ र ?
गर्नु पर्दछ आज काम कसरी यो राज्य नै सुन्दर
कानुन मान्न सबै तयारीकन छन् उल्लङ्घनै छैननी
राम्रो काम गरे पुरष्कृत छरे गल्ती गरे दण्डनी ॥१५॥ (दोस्रो खण्ड, पृ. ११)

सिक्किममा जनताले सरकारलाई ईश्वर सरी मानी सरकार कै नीति र व्यवस्थालाई कार्यान्वयन गर्न सहयोग गर्ने हुँदा नै सिक्किमको चौतर्फी विकास भएको हो । यहाँ जनता र नेताबीच बडो प्रेम रहेछ । जनताका छोराछोरी जस्ता र मातापिता जस्ता आ-आफ्ना जिम्मेवारीमा कटिबद्ध रहेको पनि यहाँ व्यक्त भएको छ । सिक्किममा पक्ष विपक्ष भन्दा पनि विकासको कार्यका लागि सबै एकजुट भएर लागेको तथा एकले

अर्कालाई सम्मान गरेको जस्ता कुराहरू पनि यस खण्डमा व्यक्त भएका छन् । एक अर्कामा विभेद नरहेको र विपक्षीको सम्मान गर्ने जस्ता विचारभाव कवि यसरी व्यक्त गर्छन् -

मेरो पक्ष विपक्ष रै छ भनिने रोगै त्यहा छैननी ।
कोही हुन्छ बिपक्षि नै पनि भने सम्मान उस्को पनी ।
गर्छन् राजनीति धेर ममता माया र स्नेहै अनी ।
साँच्चै छैन बिभेद एक अरुमा आफ्नो र अर्को भनी ॥१९॥ (दोस्रो खण्ड, पृ.१२)

सामान्य भन्दा पनि सामान्य पक्षको वस्तुस्थिति केलाई यस खण्डमा सक्किमको वास्तविकतालाई ऐनामा झैं छर्लङ्ग पार्न खोजिएको छ । साथै सिक्किम तथा गान्तोक सहरको प्राकृतिक सुन्दरताको बडो सुन्दर ढंगले चर्चा गरेका छन् । त्यसैगरी त्यहाँको सुन्दरताको कारण नै विकास रहेको तथा पुरातात्विक वस्तुलाई सुरक्षित गरेको वास्तविकतालाई कविले यसरी छर्लङ्ग पार्ने जमर्को गरेका छन् -

त्यो हो सिक्किम राजधानि बहुतै गान्तोक सुन्दर अती ।
धेरै विल्डिङहरू पक्कि बलिया कोही त कच्ची पनी ।
पूरातात्विक बस्नु धेर अघिका सारा सुरक्षित अनी ।
भूसंरक्क्षित नै गरीकन सबै धेरै वगैंचा पनी । ॥२४॥ (दोस्रो खण्ड, पृ.१३)

यसरी यस खण्डमा सिक्किम अत्यन्त समृद्धशाली बन्नुका पछाडि त्यहाँका स्रोत साधनलाई नेता र जनता सबै एकजुट भएर सही परिचालन गरी विकास कार्यका निरन्तर अगाडि बढेको विचार भाव व्यक्त भएको पाइन्छ ।

यसैगरी 'टिष्टाको सन्देश' खण्डकाव्यको तेस्रो खण्डका रूपमा रहेको 'टिष्टा नदीबाट नेपालको भौगोलिक वर्णन' शीर्षकमा शार्दूलबिक्रीडित छन्दको ६५ श्लोक रहेका छन् । यस खण्डमा टिष्टा नदी तथा सिक्किमबाट नेपाली भूमि, प्रकृति, संस्कृति र समाजको उत्कृष्ट ढङ्गबाट विवेचना एवं विश्लेषण गरिएको छ । पिठो छर्ने वा छरिरहने उत्तरका हिमाल, मिठो अन्न उब्जाएर विश्व पाल्ने तराई पूर्वका नगदेबाली पकाउने पहाडि भेग तथा तथा पश्चिमका जडीबुटी फलाउने पहाड, पाखा, पर्वतहरू जहाँ भीरहरू, झर्ना, खोला तथा नदीहरू सधैं नेपालको सौन्दर्य बढाउन लागिपरेका

छन् । बेंसी, खोंच र तालहरूले नेपालको सौन्दर्यता झनै बढाएका छन् । यस्तो हिमाल, पहाड र तराई मिलेर बनेको हाम्रो देश नेपालको चिनारी विश्वमाझ छुट्टै प्रकारको छ । यहाँ उफ्री-उफ्री हिड्ने मृगशावक हुन् या निकुञ्जमा पाइने एक सिङ्गे गैडा, बाघ, भालु, काँडे भ्याकुर हुन् वा डाँफे, मुनाल, मयुर जे हुन् नेपालमै छन् र यिनीहरूले नेपालको सौन्दर्यलाई बढाउन निकै सहयोग पुऱ्याएका छन् । यस्तो नेपालभूमिमा आउनका लागि विश्व लालयित छ । नेपाली यही विश्वमा छ कि छैन ? कि स्वर्गको कुनै भू-भागको नाम हो ? भनेर सोध्नेहरूलाई नेपाल पृथ्वीको उत्तरी गोलार्द्धमा पूर्वी एसियाको बीच भागमा छ भन्दै कवि यसरी लेख्छन् -

विश्वैका सब मानिसै पछिपछी प्रश्नै पनी गर्दछ ।

नेपालमा कसरी छ जानु कुन हो कुन विश्वमा पर्दछ ?

पृथ्वी गोल भएर उत्तर पटी गोलार्ध यो भन्दछौं ।

यस्कै पूर्विय एसिया बिच तिरै हामी सधैं बस्दछौं ॥४०॥ (तेस्रो खण्ड, पृ.१७)

भौगोलिक हिसाबले विश्व मानचित्रमा छुट्टै अस्तित्व र चिनारी बोकेर नेपाल बसेको छ । भारतको उत्तरतर्फ र चीनको दक्षिण हिमाली मुलुकको रूपमा नेपाल विश्वमा चिनिएको छ । यही नेपालमा विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ । यहाँ अन्नपूर्ण, माछापुच्छ्रे तथा अन्य धेरै हिमश्रृङ्खलाहरू रहेका छन् । यहाँ धेरै ताल तलैयाहरू समेत रहेका छन् । यहाँका यिनै प्राकृतिक भू-भाग र सम्पदाले विश्वलाई लोभ्याएको छ । पर्यटकहरू यिनै स्थान हेर्न आउँछन् र नेपालमा पैसा छरी जान्छन् । तसर्थ नेपालीले रोजगारी पाउँछन् र व्यवसाय गर्छन् । यस्तो प्राकृतिक सम्पन्न भएको मुलुकमा राजनैतिक दलहरू, नेताहरू र नेत्रीहरूले भ्रष्टाचार नगरी अगाडि बढ्नुपर्ने र मौरीहरूको जस्तो परिश्रम गर्नुपर्ने कवि अभिव्यक्ति दिन्छन् ।

कूवा खन्न भनी दुरुस्त गरियो खाता मिलाए रनी ।

भ्रष्टाचार नगर्नू काँहि कहिले अप्सर् परेमा पनी ।

जस्तो हुन्छ ति मेल मौरिहरूमा मिनेत गर्नु अती ।

मिल्नू राजनिती दलैहरू अनी नेता र नेत्री पनी ॥५५॥ (तेस्रो खण्ड, पृ.२१)

धेरै भाषाभाषी, जातजाति तथा धर्म संस्कृतिको साझा भूमि नेपाल वास्तवमै अनौठो रहेको छ । मन्दिरै मन्दिरको सहर काठमाण्डौ, धेरै धर्म संस्कृति र जातजाति तथा भाषाभाषीको एकताको प्रतीक नेपाल वास्तवमै चार जात छत्तीस वर्णको साझा फूलबारी हो भनेर कविले यस खण्डमा व्यक्त गरेका छन् । यस्तो सुन्दर भूमिमा धर्म र संस्कतिबाट मौलाएको राजनीति अर्थात् धार्मिक ग्रन्थ र शास्त्र पढ्न वनारस गएका व्यक्तिहरू नेपाल फर्केर एक नैतिक समाज निर्माण गर्ने अभियानमा लागे पनि भ्रष्टाचार, घुसखोरी र अन्याय तथा अत्याचार जस्ता नेपालको विकासका अवरोधहरू हट्न सक्ने संकेत मिल्छ । यहाँका जल क्षेत्रबाट विजुली निस्केनन्, पानी धेरै भएर पनि खानेपानीको अभाव हुन थाल्यो, मान्छेको मति बिग्रन थाल्यो । यसरी समग्र नेपाल पछाडि पर्न थाल्यो तर नेपालीको एकता र विश्वासले नेपालको भविष्य हुन्छ भन्ने विश्वास कविमा रहेको पाइन्छ । त्यसैले कवि यस्ता भावहरू व्यक्त गर्छन् -

नेता नेत्रि र देशका अरुहरूलाई पनी भन्दिन् ।

जन्ताहरू उनेरु लाई पनि यो साँचो कुरा भन्दिन् ।

चिन्छन् विश्व भरी थिए अतिशुरा नेपालि सारै विर ।

सन्देशै मनमा लिएर तिमिले जानु स्वदेशै तिर ॥९८॥ (तेस्रो खण्ड, पृ.३२)

यसरी नेपालीहरूको वीरताको प्रसङ्ग विश्वले समेत गरेको अवस्थामा कविलाई समेत सिक्किमबाट फिर्दा यस्तो वीरताको सन्देश नेपालमा लगेर राष्ट्र निर्माण कार्यमा जुट्न प्रेरणा दिइएको पाइन्छ ।

'टिष्टाको सन्देश'खण्डकाव्यको चौथो खण्ड अर्थात् सिक्किमबाट फिर्दा बाटको दृश्यको वर्णन शीर्षकमा १० श्लोक रहेका छन् जुन अत्यन्त सन्देशमूलक छन् । भारतीय भूमि सिक्किमबाट फिर्दा बाटामा देखिएका ठाउँहरूको वर्णन कविले यसरी गरेका छन् -

जे जे देखिएको थियो सफरमा सम्झेर नै लेखियो ।

फिर्दा काहि थियो तराइ पनि नै यौटा शहर भेटियो ।

सीलीगूडि भनेर नाम भनिने त्यहा पनी रोकियो ।

यस्तैमा अब हामि यात्रिहरूको यात्रा यता मोडियो ॥१०३॥ (चौथो खण्ड, पृ.३३)

यसरी कविले यात्राको क्रममा देखिएका र नेपालको विकासका लागि हित हुने कुराहरू जस्ताको तस्तै लेखेको बताएका छन् । यी सबै देशवासी नेपालीहरूले थाहा पाउनु भन्ने कविको उत्कृष्ट इच्छा रहेको कुरा यस खण्डमा व्यक्त भएको छ । टिष्टादेखि इलामको आफ्नो गाउँसम्म आइपुग्दा जहाँ जहाँको दृष्य देखियो ती सबैको सामान्य रूपमा वर्णन गरेका छन् । जस्तै भारतको सहर सिलिगुडी नेपालका काँकरभिट्टा चारआली, कन्याम, श्रीअन्तु, सन्दकपुर, सिद्धिथुम्का, जौबारी, जोगमाइ, जमुना, प्याङ, माबु, राँके, जस्बीरे, सोयाङ, खाँन्द्रुङ, आमचोक, रक्से, गोर्खे, बौद्धधाम, पशुपतिनगर, शान्तिडाँडा, सुलुबुङ्ग जस्ता व्यापारिक र पर्यटकीय स्थलहरूको निकै रोचक ढंगले वर्णन गरेको पाइन्छ भने यस खण्डकाव्यको यो खण्ड अर्थात् चौथो खण्ड अन्तिम खण्ड पनि हो । यसै खण्डको अन्तिम श्लोकमा कविले आफ्नो परिचय दिदैं यसरी खण्डकाव्यको अन्त्य गर्दछन् ।

लाग्यो चित्त यसै पटी सुरुसुरु लेखेर मैले दिएँ ।
पोखेल होथर नाम जीवन हरि सुम्बेकमा जन्मिए ।
पूर्वै मेचि यही इलाम नगरी भन्छौं तिमी सुन्दर ।
साह्रै नम्र भएर माग्दछु विदा जोडेर दूबै कर ॥१०९॥ (चौथो खण्ड, पृ.३५)

### ४.३.३ पात्र विधान

पात्र विधान खण्डकाव्यको अनिवार्य तत्व भएकाले खण्डकाव्यको विषयवस्तुलाई गतिशील बनाउन यसको भूमिका अपरिहार्य रहेको पाइन्छ । यसरी हेर्दा टिष्टाको सन्देश खण्डकाव्यमा पात्रलाई प्रमुख पात्र जीवनहरि शर्मा अर्थात् खण्डकाव्यकार आफैं हुन् भने सहायक पात्रहरूमा भतिज भेष, गाडी चालक, होटल व्यवसायीहरू, नेता, मन्त्री, आदि रहेका छन् । यस्तै मानवेत्तर पात्रका रूपमा खोला, नदी, पहाड, पर्वत, गाउँ, शहर, खेतबारी आदि रहेका छन् । यस खण्डकाव्यमा पात्रले विषयलाई समातेर पात्र अघि बढेको पाइँदैन बरु विषयको औंलो समातेर पात्र अघि बढेको पाइन्छ । यसमा खण्डकाव्यको विषयले पात्रलाई केवल प्रस्तुतिको आधार मात्र बनाएको देखिन्छ । यसरी खण्डकाव्यको पात्र योजना सफल हुन सकेको पाइँदैन । यसो भए पनि प्रमुख सहायक मानवीय मानवेत्तर, प्रत्यक्ष अप्रत्यक्ष जस्ता पात्रको प्रयोगले पात्र विधानमा भने

खण्डकाव्य सफल रहेको  पाइन्छ । यसैगरी खण्डकाव्यको शीर्षकीकरण पनि मानवीय पात्रको आधारमा नमिल्ने हुँदा मानवेत्तर नदीलाई आधार मानेर राखेको पाइन्छ । यसले भने पात्रलाई खण्डकाव्यकारले पूरै उपेक्षा गरेका छन् भन्न चाँहि मिल्दैन ।

### ४.३.४ परिवेश

खण्डकाव्य अनुभूति प्रदान विधा हो । अनुभूतिले प्रवाहलाई आख्यानले सुसंयोजित गरेको हुन्छ । परिवेश खण्डकाव्यको अनुभूति प्रदान विधा हो । अनुभूतिले प्रवाहलाई आख्यानले सुसंयोजित गरेको हुन्छ । अनुभूतिले आख्यानलाई डोऱ्याउँदै लाँदा खण्डकाव्यको कथावस्तु वा विषयवस्तुको निर्माण हुन्छ । देशकाल परिस्थितिले कथावस्तुको स्थान, समय र परिवेशलाई सशक्त, जीवन्त र गतिशिल बनाउँछ । यसरी नियाल्दा खण्डकाव्य रचनाका क्रममा अनुभूतिको प्रवाहलाई सुन्दर बनाउन साङ्केतिक रूपको परिवेशको चित्रण नै किन नहोस् यो एउटा अपरिहार्य तत्वकै रूपमा रहेको पाइन्छ ।

जीवनहरि शर्माले 'टिष्टाको सन्देश' खण्डकाव्यमा नेपाल र भारतको ग्रामीण, शहर, तराई, पहाड, हिमाल जस्ता यथार्थ परिवेशको चित्रण गरेका छन् । यसरी हेर्दा विषयवस्तु र परिवेशको भने तालमेल सन्तुलन नै रहेको पाइन्छ ।

### ४.३.५ केन्द्रीय भाव

कविले कृतिका माध्यमबाट व्यक्त गरेको मुख्य भाव वा विचार नै केन्द्रीय भाव हो । केन्द्रीय भावलाई कविले कुनै निश्चित पद्धतिका आधारमा व्यक्त गरेको हुन्छ । यसरी हेर्दा खण्डकाव्यमा आफ्नो विचार वा धारणालाई मनाउने दुई तरिकाहरू विशेष प्रचलित छन् ।

'टिष्टाको सन्देश' खण्डकाव्यमा काव्यकार जीवनहरि शर्माले नेपालका सम्पूर्ण नेपालीहरूको प्रतिनिधि भएर आफैं प्रमुख पात्रको रूपमा रहेर आफ्नो विचारलाई अरु पात्रका माध्यमबाट नभई सोझै आफेंले व्यक्त गरेका छन् । नेपालको उन्नति र प्रगतिका लागि नेपालीहरू एकजुट भएर मन, वचन र कर्मले लाग्नु पर्ने कुरा नै यस खण्डकाव्यको केन्द्रीय काव्य हो । कविले यस खण्डकाव्यमा नेपालीहरूको दयनीय परिस्थितिको चित्र उतार्दै टिष्टाको सन्देश लिएर वा सिक्किमको अनुकरण गरेर

नेपालका अथाहा स्रोत र साधनको उपभोग गर्दै नेपालीहरूले मौरीको झैं मेहनत गरेर अगाडि बढेमा हित हुने कुरा उल्लेख गरेका छन् । कविले नेपाली समाज र राष्ट्र निर्माणको अभियानलाई प्रधानता दिदै जसरी सिक्किम समृद्धशाली बनिसकेको र नेपाल यसैगरी कविले समृद्धशाली बन्न सक्ला भन्ने चिन्ताले समेत पिरोलिएको भाव अभिव्यक्ति देखिन्छ भने यसलाई चिरेर अगाडि बढ्ने प्रशस्त बाटाहरू रहेको पनि विचार व्यक्त गर्दछन् । यसरी हेर्दा नयाँ नेपाल निर्माण गर्नु नै नेपालीहरूको प्रमुख कर्तव्य हुने सन्देश यस खण्डकाव्यको प्रमुख लक्ष्य पनि हो ।

### ४.३.६ भावविधान

कविता स्वयंमा अनुभुति प्रधान विधा हो । कविताको उपविधात्मक रूप भएकाले खण्डकाव्यमा पनि अनुभूतिको ठूलो प्रभाव हुन्छ । अनुभूतिलाई आकर्षक र कलात्मक रूपमा व्यक्त गर्न भावविधानको अत्यन्त जरुरी रहन्छ । विना भावको अनुभूति विना रसको कागती सरह हुन पुग्छ । काव्यमा प्रयोग भएको स्थायी भावको परिपाकले नै पाठकलाई प्रभावित पार्न सकेको हुन्छ । यस क्रममा भाव जति संवेदनशील आकर्षक आनन्ददायक हुन पुग्छ उति भावविधानका दृष्टिले खण्डकाव्यात्मक कृति प्रभावकारी एवं उत्कृष्टताको दृष्टान्त हुन पुग्छ ।

जीवनहरि शर्माको टिष्टाको सन्देश खण्डकाव्यमा नेपालीहरूको दुर्दशा र राजनैतिक परिस्थितिको आवेग एवं स्थायी भावका रूपमा व्यक्त भएको पाइन्छ । भाव विधानका दृष्टिले शर्माको यो खण्डकाव्य निकै उत्कृष्ट बन्न सकेको पाइन्छ ।

### ४.३.७ लयविधान

लयविधानलाई काव्यमा अत्यन्तै महत्वका साथ हेरिन्छ । फूटकर कवितादेखि महाकाव्यिक उचाइका रचनाहरूमा समेत लयले ठूलो भूमिका खेलेकै हुन्छ । गद्य वा पद्य जुनसुकै लयमा लेखिए पनि समग्र काव्य विधालाई अन्य विधाबाट पृथक तुल्याउने महत्वपूर्ण तत्वका रूपमा समेत लयविधानले नै चर्चा गरेको पाइन्छ । खण्डकाव्य कविताको मझौला रूप भएकाले तुलनात्मक रूपमा फुटकर कविता भन्दा यसमा लयको भूमिका बढी हुने देखिन्छ । द्वन्द्वसंयोजन, पदनिर्माण तथा श्लोक संयोजनमा कविले कुनै कुनै ठाउँमा जबरजस्ती द्वन्द्वसंयोजन गर्दा धेरै अक्षरका खुट्टा काटिएका,

वर्ण विन्यासमा त्रुटि, शब्द निर्माणमा जबरजस्ती खाँदखुँद पार्दा कुनै स्थानको नामलाई पनि बिगारको देखिन्छ ।

यसरी हेर्दा जीवनहरि शर्माको टिष्टाको सन्देश खण्डकाव्य पद्यात्मक लय माधुर्यमा आवद्ध भएको पाइन्छ । यसको चारै खण्डमा शादूर्लविक्रीडित छन्दको प्रयोग गरी शास्त्रीय नियमबाट परिपालना गरेको पाइन्छ । प्रत्येक खण्ड एउटै छन्दमा हुनुपर्छ भन्ने कुनै सिद्धान्त नभएता पनि कवि शर्माले भने पूरै खण्डकाव्यलाई एउटै छन्दमा लेखेका छन् । छन्द नै लय भएकोले वर्णहरूको मात्रा, गति यति, अनुप्रास र छन्द विधानको उचित हुन सकेमा मात्र काव्यमा लयात्मकताको सिर्जना हुन सक्छ । तर समग्र खण्डकाव्यलाई हेर्दा लयविधान त्यति सफल हुन सकेको पाइदैन तथापि कविले छन्दसंयोजन गर्न जबरजस्ती भएपनि गरेकै पाइन्छ ।

### ४.३.८ अलङ्कार योजना

अलङ्कार काव्यको आवश्यक तत्व हो । यसले काव्यलाई आन्तरिक र बाह्य दुवै रूपमा चमत्कृत बनाउने कार्य गर्दछ । जीवन भोगाइका क्रममा मानिसले अनेकौ सजीव, निर्जीव वस्तु र प्रकृतिबाट पनि शिक्षा लिइरहेको हुन्छ । तर यस्तो शिक्षा लिन बाह्य आँखामात्र प्रशस्त हुँदैनन्, त्यसलाई देख्न र भोग्न सँगसँगै आन्तरिक दृष्टिचेत पनि शक्तिशाली बन्न जरुरी छ । कविले काव्य सिर्जनाका क्रममा कुनै भावनाबाट प्रेरित भएर अन्तर हृदयमा डुबुल्की मार्दै गर्दा यस्ता प्रेरक तत्वहरू विम्ब प्रतिक बनेर काव्यमा व्यक्त भइदिन्छन् अनि त्यसैले काव्यलाई आलङ्कारिक बनाइदिन्छ । यसरी रचना गरिएका काव्यले चाडै पाठकको मन छुन सक्ने सामर्थ्य राख्दछन् । त्यसो त आलङ्कारिक काव्यलाई बुझ्न र बुझेर रसस्वादन गर्न भावक पनि निकै अभ्यस्त र निरन्तर चनाखो बन्नु जरुरी हुन्छ । तथापि कविले कुशल कलात्मकताले प्रचलित किसिमका बिम्ब प्रतीकको चयन गर्न सकेमा त्यो त्यति अप्ठेरो विषय भने अवश्य होइन । खण्डकाव्यमा अलङ्कार योजनाले कविको काव्य कौशलताको परिचय गराउनुका साथै विषयवस्तुलाई साङ्केतिक रूपमा व्यक्त गर्दै पाठकका निम्ति सचेत बनाइ दिन्छ ।

यसरी हेर्दा खण्डकाव्यकार जीवनहरि शर्माको टिष्टाको सन्देश खण्डकाव्यमा सरल किसिमका बिम्बहरूको चयन तथा शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर संयोजनले निकै उत्कृष्ठ बन्न सकेको छ । यस खण्डकाव्यमा अन्त्यानुप्रास, लाटालुप्रास, छेकानुप्रास, उपमा, रूपक आदि अर्थालङ्कारको प्रयोग भएको देखिन्छ । रसगत प्रयोगका रूपमा हेर्दा खासै कुनै पनि रसलाई प्राथमिकता दिएको पाइदैन । समग्रमा हेर्दा अलङ्कार योजना सफल रपमा प्रयोग भएको पइन्छ ।

### ४.३.९ सर्गयोजना

पूर्वीय काव्य परम्परामा सर्गयोजनालाई महाकाब्यको अनिवार्य तत्व मानिए पनि नेपाली खण्डकाव्यमा यसको अनिवार्यतालाई स्वीकारिएको पाइँदैन । खण्डकाव्यमा जीवनको कुनै एक पक्ष विशेषलाई मात्र चित्रण गरिने भएकाले यसलाई सर्ग सर्गमा उल्लेख गर्नुपर्ने बाध्यता रहँदैन । तथापि नेपाली खण्डकाव्यका उत्कृष्टतम नमूना मानिने ऋतुविचार, मुनामदन, राजेश्वरी आदिलाई हेर्दा खण्डकाव्यात्मक कृतिका लागि पनि प्रायः अनिवार्य तत्व बनिसकेको प्रमाणित हुन्छ ।

सर्ग योजनाका दृष्टिले हेर्दा 'टिष्टाको सन्देश' खण्डकाव्य सफल रहेको पाइन्छ । यस खण्डकाव्यमा बाटामा जाँदाको प्रसङ्ग, सिक्किमको वस्तु स्थितिको अध्ययन, टिष्टा नदीबाट नेपालको भौगोलिक वर्णन र सिक्किमबाट फिर्दा बाटाको दृश्यको वर्णन शीर्षकका चार खण्ड रहेका छन् ।

### ४.३.१० उद्देश्य

विना उद्देश्यको कृतिको कल्पना सम्म गर्न मिल्दैन त्यसैले खण्डकाव्यको महत्वपूर्ण तत्वको रूपमा उद्देश्यलाई लिइन्छ । यस खण्डकाव्यको मूल उद्देश्यको नेपाल निर्माण, स्वच्छ समाजको निर्माण हो । त्यसैले कवि लगाम लगाएको घोडा जस्तो एकोहोरो यही उद्देश्य बोकेर काव्य लेखनमा उत्रिएको देखिन्छ । यति कमीकमजोरीहरू हुँदाहुँदै पनि कविको उद्देश्यले पाठकलाई राष्ट्र निर्माणमा लाग्न प्रेरित भने गरेकै छन् । छन्दको उपेक्षा भइरहेको सन्दर्भमा भने शास्त्रीय छन्दको पालना गरी यो खण्डकाव्य रचना गरेर वर्तमान समयमा छन्दलाई आधुनिकताले छेक्न सक्दैन बरु वर्तमानलाई पनि छन्दले सुन्दर रूपमा व्यक्त गरिरहन सक्छ भन्ने देखाउन पनि यस काव्यको उद्देश्य बनेको देखिन्छ ।

### ४.३.११ भाषाशैली

भाषाशैलीले नै काव्यलाई सजीव तुल्याउँछ । भाषा प्रयोगका दृष्टिले टिष्टाको सन्देश खण्डकाव्य उत्कृष्ट रहन गएको छ । यसमा कुनै अविधा, कतै लक्षणा र कतै व्यञ्जना शब्दशक्ति प्रयोग भएको पाइएता पनि अविधा शब्दशक्तिलाई बढी प्रधानता दिएको हुँदा यो खण्डकाव्य नियात्रात्मक बन्न पुगेको पाइन्छ । यसमा प्रयोग भएका शब्दहरू वर्णविन्यासगत दृटिबाट हेर्दा निकै त्रुटिपूर्ण रहेको पाइन्छ । क्रियाको प्रयोग पनि मिलेको पाइँदैन । पोथीशुलभ भाषाको प्रयोग गर्नुभन्दा सुरित, सम्मित भाषाशैलीको प्रयोग गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा यस खण्डकाव्यको भाषाशैली सरल, सहज, शिष्ट, बोधगम्यता, स्पष्टता, लयात्मक, माधुर्य, सरस अभिव्यक्तिका कारण सफल बन्न सकेको छ ।

### ४.४ निष्कर्ष

नेपाली काव्य जगत्मा आफ्नो छुट्टै पहिचान बनाउन सफल कवि जीवनहरि शर्माले यस ‘टिष्टाको सन्देश’ समाजिक खण्डकाव्य पस्किएर ठूलो गुन लगाएका छन् । यस काव्यलाई पढिसक्दा नेपाली समाजको विकासका लागि जुर्मुराएर उठ्न मन लाग्ने अवस्था पाठकमा हुने देखिन्छ । जम्मा ४ खण्डमा संरचित यस काव्यमा चारवटै हेर्दा यो सामाजिक काव्य मात्रै नभएर साहित्यिक जगत्मा काव्यीय गुणहरू पनि सम्पन्न भएको तथा यात्रात्मक काव्य भन्न सकिन्छ । नेपाली काव्य जगत्मा एउटा नौलो प्रयोग पनि हो । चारवटा खण्डलाई छुट्टाछुट्टै शीर्षकमा समेटेका र ती सबै शीर्षकले यात्राको क्रमको वर्णन नै गरेकाले पनि यो यात्रात्मक काव्य भन्न सकिने कोटीमा रहेको देखिन्छ । प्रत्येक खण्डमा प्रथम श्लोक एउटै रहेको र सबै खण्डले नेपाली समाजको विकासको मूल मर्मलाई छोएको पाइन्छ । यसरी कविले नेपाली समाज र राष्ट्र निर्माणको अभियानलाई काव्य मार्फत अगाडि बढाउन खोजे पनि यस काव्यमा धेरै त्रुटिहरू देख्न सकिन्छ । अध्ययन गर्दा विषयवस्तु, पात्रविधान, देशकाल परिस्थिति, परिवेश, केन्द्रीय भाव, भावविधान, लय विधान, अलङ्कार योजना, सर्गयोजना, उद्देश्य र भाषाशैलीलाई आधार लिएर गरिएको छ । द्वन्द्व व्यवस्थादेखि शब्द संयोजन र

भावाभिव्यक्ति केही फितलो देखिन्छ । धेरै ठाउँमा एउटै भाव व्यक्त भएका छन् । शब्दहरू अत्याधिक दोहोरिएका छन् । दृश्यहरूको वर्णन पनि पुनरावृत्ति भएकाले गर्दा काव्य पढ्दा गहकिलो महशुस गर्न सकिदैन । तर पनि काव्यको ज्यादै महत्वपूर्ण पक्ष उद्देश्य हो । उद्देश्यले पाठकलाई राष्ट्रनिर्माणमा लाग्न प्रेरित गरेको पाइन्छ । लयविधान, शब्दनिर्माण तथा श्लोक संयोजनमा कविले कुनै कुनै ठाउँमा जबरजस्ती छन्द संयोजन गर्दा धेरै अक्षरका खुट्टा काटिएका, वर्णविन्यासमा त्रुटि, शब्द निर्माणमा जबरजस्ती खाँदखुँद पार्दा कुनै स्थानको नामलाई पनि बिगारेको देखिन्छ ।

यसरी हेर्दा काव्यको भाषाशैली सरल, सहज, सरस, बोधगम्य रहेको छ । सबैले बुझ्ने भाषिक प्रयोगले काव्यलाई स्तरीय कोटीमा राख्न सकिन्छ र कविलाई उद्देश्य प्राप्त गर्न सफल कविको स्थानमा एउटै काव्यले पुऱ्याएको कविको रूपमा सम्मानित दृष्टिले हेर्न सकिन्छ ।

## ४.५ 'तिलक प्रथा' सामाजिक खण्डकाव्यको अध्ययन

### ४.५.१ तिलक प्रथा काव्यको संरचनात्मक पक्ष

'तिलक प्रथा' सामाजिक खण्डकाव्य जीवनहरि शर्माको वि.सं. २०६८ मा प्रकाशित दोस्रो कृति हो । जम्मा पचास पृष्ठमा संरचित यस खण्डकाव्यको बाहिरी आवरण तथा गाताबन्दी भित्री पृष्ठको कागजको पृष्ठभन्दा केही बाक्लो रहेको छ भने काव्यको माथिल्लो र तल्लो भागमा निलो किनारा साथै बीचमा सेतो रहेको छ । त्यसैगरी रातो मसिले तिलक प्रथा केही ठूलो अक्षरमा लेखिएको छ भने त्यसैको तलतिर कोष्ठकमा निलो मसिले तिलक प्रथा भन्दा सानो अक्षरमा सामाजिक खण्डकाव्य लेखिएको छ । बाहिरी गातामा तिलक प्रथाको स्पष्ट जानकारी दिन रङ्गिन चित्रहरू देखाइएको छ जसमा बेहुली लिन आएको साथै उसले दाइजो मागेको हुँदा अर्को प्रेमीलाई स्वयबर गरेर विवाह बन्धनमा बाँधिएको अवस्थालाई विद्रोहात्मक रूपमा देखाउन चित्रले नै स्पष्ट पारिदिएको छ । यस खण्डकाव्यको आवरण परिकल्पना प्रेमप्रकाश पोखेलले गरेका छन् भने यस खण्डकाव्यको मुद्रण इलाम डेक्सटप सेन्टर इ.न.पा. २ भानुपथ, इलामबाट भएको हो । त्यस्तै कम्प्युटर रीता पोखेलले, सज्जा युवराज थामीले गरेका हुन् । यस खण्डकाव्यको मूल्य भने राखिएको पाइँदैन । वि.सं.

२०६८ सालमा रेनुका पोखेलद्वारा प्रकाशित यो कृति पचास पृष्ठमा संरचित छ । अनुष्टुप छन्दको लयमा विचरित यस काव्यको अग्रभागमा क देखि झ सम्म मन्तव्यहरू र विषयसूची रहेको छ । यी सबै पृष्ठहरूले काव्यलाई अझैं मोटो बनाएको छ । मुख्य पृष्ठ पचास र अन्य पृष्ठ बाह्र गरी जम्मा बैसठ्ठी पृष्ठमा रहेको यस खण्डकाव्यमा प्रथम खण्डमा घरबेटी बुबा, दोस्रो खण्डमा शोभा र भुवनबीचको वार्तालाप, तेस्रो खण्डमा गुरु, चौथो खण्डमा शान्ता र पाँचौ खण्डमा फेरि शोभा र भुवनबीचको वार्तालाप दिंदै पाँच खण्डमा संरचना गरिएको छ । चारपाउको एक श्लोक रहेको यस खण्डकाव्यको प्रस्तावना खण्डमा सात श्लोक, प्रथम खण्डमा छब्बीस श्लोक, दोस्रो खण्डमा तेइस श्लोक, तेस्रो खण्डमा त्रिचालीस श्लोक, चौथो खण्डमा अठार श्लोक र पाँचौ खण्डमा त्रिहत्तर श्लोक गरी जम्मा एक सय नब्बे श्लोकहरू रहेका छन् । यसरी हेर्दा यस खण्डकाव्यको सबैभन्दा लामो खण्ड पाँचौ हो भने सानो खण्ड चौथो खण्ड रहेको छ । यस खण्डकाव्यको शुरुका ७ श्लोकलाई प्रस्तावना शीर्षक दिएर काव्यको शुरु गरेको देखिन्छ तर पृष्ठ संयोजनमा भने प्रस्तावनालाई राखेको छैन । जम्मा एक सय त्रियासीलाई मात्र पृष्ठ संयोजन गरिएको पाइन्छ । साथै विषयसूचीमा प्रस्तावना समावेश छैन । यस खण्डकाव्यलाई बाहिरी अन्तिम गाताबन्दी बाहिर लेखक जीवनहरि शर्माको तस्वीर, उनको परिचय साथ प्रकाशित र प्रकाशोन्मुख कृतिहरू दिइएको छ । यस खण्डकाव्यको आन्तरिक र वाह्य पक्षलाई हेर्दा प्रायः सबै पक्षलाई जे जसरी र जे जति भएपनि समेटेको नै पाइन्छ ।

### ४.५.२ विषयवस्तु

तिलक प्रथा खण्डकाव्यको विषयवस्तु एक सय नब्बे श्लोकको लघु आकारमा संरचनामा रहेको छ । यस खण्डकाव्यमा खास गरेर वर्तमान समयमा समाजमा रहेका विकृति, कुप्रथा, कुसंस्कार विरुद्ध सबैलाई एकजुट भई लाग्न प्रेरित गरेको छ ।

खण्डकाव्यको सुरुमा प्रस्तावना शीर्षकमा अनुष्टुप छन्दका सातवटा श्लोक रहेका छन् । यसमा कविले कुरीति कुप्रथा तथा कुसंस्कार हटाएर हामी सबैलाई सभ्य बनाओस्, राम्रो शिक्षा देओस्, सभ्यताले समाज राम्रो होस्, अज्ञान मास्ने दीप होस्, अन्यायमा पर्नेहरूको हितार्थ यो काव्य लेखिएको हो । तसर्थ यसले सबैको हित गरोस्

अन्धविश्वासको विष यस समाजबाट हटाई सभ्य समाजको निर्माण गरोस् भन्ने कामना कविले यसरी व्यक्त गरेका छन् -

शिक्षा उदायो सुविचार ल्यायो ।

र अन्धविश्वास विषै बगायो ।

अज्ञानले ग्रस्त हुँदै छ औंशी ।

यो अन्त्य गर्ने अभियान सोची ॥२॥ (प्रस्तावना, पृ.१)

यस प्रस्तावनाको पहिलो श्लोकमा नै कविले उद्योग नगरी हातमुख जोड्न नसकिने साथै गरिबी समाजको संकट भएको र यसलाई अन्त्य गर्न सबै नेपालीहरू एक भएर लाग्नुपर्ने कुरा यसरी उल्लेख गर्छन् -

कामै नहुँदा किन हुन्छ माम ?

गरीबको मुख्य भएछ धाम ।

समाजमा संकट यो छ ऐले ।

गरिबी अन्त्यै गरिद्यौ सबैले ॥१॥ (प्रस्तावना, पृ. १)

कविले प्रस्तावनामा नै खण्डकाव्यमा प्रस्तुत गरिने विषयका बारेमा जानकारी गराएको पाइन्छ । शिक्षाले नै समाजमा विद्यमान गरिबी, कुरीति, कुसंस्कार, कुप्रथा, अन्धविश्वास जस्ता कुरालाई जरैदेखि निर्मूल पार्नुपर्ने विचार भावलाई अत्यन्त संवेदनशील भएर लाग्नुपर्ने कुराको संकेत गरेका छन् ।

यसैगरी खण्डकाव्यको प्रथम खण्डलाई 'घरबेटी बुबा' शीर्षकमा प्रस्तुत गरेका छन् । यस खण्डको शीर्षक पात्रको नामबाट नै नामकरण गरिएको छ । छब्बीस श्लोकमा संरचित यस खण्डमा एक पहाडि गाउँ जस्तै सामान्य सहर जहाँ कलेज पढ्न र देश विकास गर्न युवायुवतीहरू बस्छन् । त्यसै ठाउँको एक घरमा दुईवटी बहिनीलाई राखिदिएको र त्यसको घरबेटी भुवनका बुबा भएका साथै दुई बहिनी शोभा र शान्ताको भुवनसँग परिचय भएको कुरा कविले यस खण्डमा उल्लेख गरेका छन् ।

यस खण्डको सुरुमै राष्ट्र बनाउन किसान, मजदुर सबै मिलेर उठ्नुपर्ने साथै समृद्धशाली नेपाल हेर्नका लागि परिश्रम, बुद्धि, विवेकद्वारा फुटेर होइन जुटेर लाग्नुपर्ने विषयलाई कविले घरबेटी बुबा पात्रको माध्यमबाट यसरी व्यक्त गरेका छन् -

किसान मज्दूर मिली उठेर ।

बन्दैन यो राष्ट्र सधैं फुटेर ।

नेपाल समृद्ध हुनेछ सारा ।

परिश्रमै बुद्धि विवेक द्वारा ॥४॥ (प्रथम खण्ड, घरबेटी बुबा, पृ. ३)

यसैगरी यस खण्डमा शोभा र शान्ता पढ्ने शिलशिलामा गाउँबाट एउटा पहाडै पहाड मुनी रहेको सामान्य शहर आएका छन् भुवनको बुबाको घरमा उनीहरू डेरा बस्छन् साथै भुवनको बुबा अर्थात् घरबेटी बुबाले शोभा र शान्तासँग भुवनको परिचय गराउँदै परिश्रम गरेर पढ्नु लेख्नुपर्ने, हाँसी खुशी रहनुपर्ने साथै सुनाम चलाउनुपर्ने जस्ता उपदेशहरू दिएको हुँदा घरबेटी अत्यन्त परोपकारी व्यक्ति रहेछन् भन्ने संकेत यसबाट लिन सकिने कुरा उल्लेख गरेको पाइन्छ । यसले एक असल घरबेटीको परिचय समेत दिएको पाइन्छ ।

यसरी पढ्न गएका शोभा र शान्ताको भुवनसँग परिचित भएर मिलेर पढेको, असल घरबेटीका कारण पढाइमा प्रगति हुने र घरलाई समेत विर्सिएर डेरामा बसेको अवस्थालाई यस खण्डमा राम्ररी चित्रण गरेको पाइन्छ । नेपाली ग्रामीण समाजमा हुने यी र यस्ता विविध विषयवस्तुलाई कविले निकै शसक्त रूपमा यस खण्डमा व्यक्त गरेको पाइन्छ ।

तिलक प्रथा खण्डकाव्यको दोस्रो खण्ड शोभा र भुवनको वार्तालाप शीर्षक दिएर रचना गरिएको छ । टङ्कणमा कमजोरी हुनसक्छ दोस्रो खण्ड भनेर विषयसूचीमा लेखिएको भएपनि शीर्षकभन्दा माथि दोस्रो खण्ड लेखिएको छैन । यस खण्डमा आर्थिक अभाव भ्केलिरहेको भुवनको परिवारको कुरा भुवनले शोभालाई भनेको विचारलाई तेह्र ओटा श्लोकमा व्यक्त गरेको पाइन्छ । यसक्रममा भुवनले शोभालाई राम्रोसित पढ्न प्रेरित गरेको कुरालाई यसरी लेखिएको छ -

शोभा र शान्ता बस एक साथ ।

कलेजमा पढ्न गरी प्रयास ।

कापी कलम पुस्तक साथ जाऔं ।

पढाइमा नित्य सबै रमाऔं ॥२७॥ (भुवन र शोभा बिचको बार्तालाप, पृ १०)

आफ्नो गाउँ छोडेर पढ्न वा घुमफिर गर्न जाँदा ज्यादै दुःख हुने कुरा बुढापाकाले भनेको कुरालाई मनन गर्नुपर्ने हुन्छ साथै नयाँ नौलो ठाउँमा पुग्दा ज्यादै चतुर हुनुपर्छ यदि त्यसो नभएमा आफूलाई अप्ठेरो आउन सक्छ भन्दै भुवनले शोभालाई दिएको उपदेशलाई कविले यसरी लेख्छन् -

विदेशमा पढ्न र डुल्न जाँदा ।

भन्थे बुढाबा दुख हुन्छ खाँदा ।

पुगिन्छ नौलो जति ठाउँ महाँ ।

सधैं चनाखो हुनुपर्छ त्यहाँ ॥३२॥ (भुवन र शोभा बिचको बार्तालाप, पृ. ११)

यसै खण्डमा शोभाले आफूलाई पढ्न सहयोग पुऱ्याएर आर्थिक रूपमा भुवनको परिवारलाई सहयोग गर्ने बताइएको छ । हामी सौभाग्यले यस डेरामा बस्न पाएका छौं भन्दै शोभाले यस डेराका मालिक सत्यबादी रहेको अर्ती र उपदेश पनि पाइरहेको अवस्था छ । यदि भुवन तिमीसित खर्च नपुगे म सबै जिल्ला लिनेछु किनभने तिमी जस्तो तीक्ष्ण बुद्धि भएको साथी मैले पाएकी छु भनेर शोभाले आफ्ना विचारहरूलाई भुवनसँग बताएकी छन् । यसरी यस खण्डको तेइसवटा श्लोकमा शोभाले व्यक्त गरेका विचारभावलाई समेटिएको छ । लोकतन्त्रपछिको सुनौलो भविष्यको आशाका साथ राष्ट्र निर्माणमा लाग्ने प्रेमपुर्वक जीवन बिताउने कुरा दुवैले (भुवन र शोभाले) यस खण्डमा व्यक्त गरेका छन् :

नेपाल हाम्रो र छ फूलबारी ।

नेपालका हामी सबै पुजारी ।

सबै मिलेको र छ एक माला ।

बेमेलले राष्ट्र विखण्ड होला ॥४७॥ ( भुवन र शोभा बिचको बार्तालाप, पृ.१५)

यसरी कवि जीवनहरि शर्माले तिलक प्रथाको दोस्रो खण्डमा रहेर भुवन र शोभाको वार्तालापलाई अत्यन्त प्रेमपूर्वक ढंगले सँगै बसेर पढ्ने र आर्थिक अभावमा शोभाले दुवैले पढाइमा भुवनले एक अर्कालाई सहयोग गर्ने विषयलाई अभिव्यक्त गरेको पाइन्छ ।

**'तिलक प्रथा'** खण्डकाव्यको तेस्रो खण्डमा गुरु शीर्षक भित्र रहेर समाजमा विद्यमान जनजातिबीच छुवाछुत प्रथा, बोक्सी, घुम्टो, कमैया, तिलक आदि प्रथाले जरो गाडेको ती प्रथालाई हामी शिक्षित व्यक्तिले जरैदेखि उखेलेर फाल्नु पर्ने जस्ता शिक्षा गुरुको संभाषण मार्फत अभिव्यक्त भएको छ । त्रिचालिस श्लोकमा संरचित यस खण्डमा गुरुले शिष्यलाई दिनरात नभनि खटेर दिएको शिक्षा सबै शिष्यले लिएर यदि ज्ञानी, विवेकी हुन सकेमा सुनौलो विहानी अवश्य पनि मिल्न सक्ने विषयलाई यसरी कविले व्यक्त गरेका छन् :-

छात्रा-छात्र बिचमा रहेर ।<br>
पढाउँदै नित्य यहाँ खटेर ।<br>
पढे सबैले लिइ बुद्धि ज्ञान ।<br>
उदाउने छन् सुनका बिहान ॥५०॥ (तेस्रो खण्ड, गुरु, पृ. १६)

अन्याय र अत्याचारको दलदलमा फसेका समाजका निरिह र निमुखा नारी तथा पुरुषहरूको पक्षमा समाज निर्माण हुनुपर्ने कुरा पनि यस खण्डमा गुरुको सन्देश मार्फत यसरी दिइएको छ ।

हेला र होचा निमुखा भएका ।<br>
लाएर बोक्सी अझ पिल्सिएका ।<br>
छ घोर अन्याय खपी नसक्नु ।<br>
समाज भित्रै नसकेर बस्न ॥५३॥ (तेस्रो खण्ड, गुरु, पृ. १६)

यस्तै समाजमा रहेका फटाहा र जालीको जालोमा हामी जेलिएका छौं तसर्थ त्यस्ता जालो तोड्न हामी एकजुट भएर लाग्नुपर्ने साथै शोभा, शान्ता, भुवन र अरु सबैको पढाइ अत्यन्त शुभ हुने कुरा जब आफ्ना शिष्यहरूले अन्यायमा परेकालाई मुक्ति दिन संघर्ष गरी अगाडि बढ्छन् तब मात्र आफूले दिएको शिक्षाले सार्थक हुने बिचारलाई कवि यसरी गुरु मार्फत व्यक्त गर्दै यस खण्डको समेत अन्त्य गर्छन् -

शोभा र शान्ता भुवनै अरुको ।<br>
पढाइ राम्रो शुभ यो गुरुको ।<br>
सबै बनेको म त देख्न पाउँ ।<br>
अन्यायमा लड्न सधैं सिकाउँ ॥९२॥ (तेस्रो खण्ड, गुरु, पृ.२६)

यसरी यस खण्डमा गुरु शीर्षक राखेर कवि शर्माले गुरुले शिक्षा दिएको अवस्था र उनको शिक्षा तब मात्र सार्थक हुन्छ जब शिष्यहरूले अन्यायको निम्ति लडेर समाज निर्माणमा लाग्छन् ।

तिलक प्रथा खण्डकाव्यको सबैभन्दा छोटो खण्डका रूपमा चौथो खण्ड रहेको छ जुन शान्त शीर्षकमा संरचित छ । यस खण्डमा जम्मा अठार श्लोक मात्र छन् । यस खण्डमा कविले शान्ता र भुवनको प्रेम प्रसंगले गर्दा पढाइ छाडेको यदि त्यो प्रेममा नफसेका भए दुवै राष्ट्रका ठूला पदमा पुग्ने कुरालाई शान्ता मार्फत कविले बडो मार्मिक रूपमा यसरी प्रस्तुत गर्छन् -

पढाइ छाडे धनमा फसेर ।

भुवन र शोभा सँगमा बसेर ।

हामी बसेथ्यौं शुभ एक साथ ।

पुग्थ्यो त ठूलो पदमा नि आज ॥९८॥ (तेस्रो खण्ड, पृ.२८)

यसरी यस खण्डमा डाक्टर पेसामा लागेर मानव सेवा गरिरहेका शोभा र भुवनबीचको प्रेममा केही समस्या रहेको संकेत यहाँ गरिएको छ । साथै चिकित्सा पद्धति, मानव स्वास्थ्य आदिको बारेमा समेत यस खण्डमा शान्ता मार्फत कविले चर्चा गरेका छन् । शोभा र भुवनको प्रेमले गर्दा उनीहरूको भविष्यमा कतै प्रश्न चिन्ह लाग्ने त होइन भन्दै शान्ता यसरी भन्छिन् -

नेपालको पुत्र मनै पवित्र ।

भुवन् फसेको हुनको विचित्र ।

प्रेमै गरे जीवन मित्र बन्न ।

हुन्नन् दुवैका परिवार प्रसन्न ॥१००॥ (चौथो खण्ड, पृ.२८)

यसरी शोभा र भुवनको प्रेमले उनीहरूका परिवार खुसी नहुने अवस्थालाई यस खण्डमा कविले राम्ररी उजागर गरेको पाइन्छ ।

तिलक प्रथा खण्डकाव्यको अन्तिम तथा पाँचौ खण्ड सबैभन्दा लामो खण्ड हो जुन त्रिहत्तर श्लोकमा संरचित छ भने यसको शीर्षक शान्ता र भुवनबीचको वार्तालाप

रहेपनि यसको घटनाक्रम र शीर्षकबीच त्यति तालमेल देखिदैन । यस खण्डकाव्यको शुरु खण्डदेखि चौथो खण्डसम्म आउँदा प्रमुख रूपमा शोभा, भुवनबीचको साथीत्वको भावना, गुरुको अर्ती उपदेश, शान्ताको विरोधाभाष विचारनै प्रधान रूपमा रहेका छन् भने शोभाको विवाह हुन लागेको, जन्ती आएको र बेहुलाले दाइजोको सामान पटक-पटक निरीक्षण गरेको हुँदा तिलकको प्रसङ्ग यसै खण्डमा आएको पाइन्छ । शोभा र भुवनको प्रेमलाई लत्याएर घर परिवारले आफ्नो परम्परा अनुसार शोभाको विवाह अर्कै केटासँग गर्न लागेको, बेहुलीका बुबाले छोरीलाई नछाडी लगिदिन आग्रह गरेको तर बेहुलाले दाइजो सबै जाँचेर यति थोर दाइजो लान्न कि मलाई खाते ठान्यौ भन्दै दाइजोको अस्वीकार गरेको पाइन्छ भने यस्तो दाइजो माग्ने केटासँग आफ्नो घरबार नहुने ठानी शोभाले अब म तिम्री पत्नी हुन नसक्ने भनी यसरी भन्छिन्

सामान जाँचे क्रमसाथ हेरी ।
हुँदैन पक्का पहिले नहेरी ।
भनिन् वधुले त्यसखेर फेरी ।
म हुन्न पत्नी अब लौत तिम्री ॥१७२॥ (पाँचौ खण्ड, पृ.४७)

यसरी शोभाले बुहलालाई ती सबै सामानलाई सिन्दुर हाल्नु भन्दै आफ्नो प्रेमी भुवनलाई सिन्दुर हाल्न आग्रह गर्दै भुवनसँग विवाह बन्धनमा बाँधिएको बिद्रोही क्षण देखाइएको छ ।

यस खण्डकाव्यमा कवि शर्माले सामाजिक कुप्रथाको सर्वप्रथम सम्बन्धित व्यक्तिबाट नै बिद्रोह सुरु गर्ने समाजको अग्रसर हुन आह्वान गरेका छन् । यसरी नेपाली समाजमा तिलकका नाउँमा हुने गरेका सामाजिक कुप्रथाको भण्डाफोर गरी सभ्य समाज निर्माण गरी गरीब, दुःखी छोरीचेलीको कारुणिक अवस्थालाई यस खण्डमा अत्यन्त मार्मिक रूपमा प्रस्तुत गरिएको पाइन्छ । नेपाली समाजमा हुने यस्ता कुप्रथाको यसरी नै उन्मूलन गर्न लाग्नुपर्ने यस खण्डकाव्यको मूल विषयवस्तु बनेको पाइन्छ ।

### ४.५.३ पात्रविधान

पात्रविधान खण्डकाव्यको अनिवार्य तत्व भएकाले खण्डकाव्यको विषयलाई गतिशील बनाउन यसको भूमिका अपरिहार्य रहेको पाइन्छ । यस खण्डकाव्यमा प्रमुख

पात्रको रूपमा शोभा र भुवनलाई लिन सकिन्छ भने सहायक मानवीय पात्रहरूमा शान्ता, घरबेटी बुबा, गुरु, बेहुलो, जन्ती, बेहुलीका बाबु, सामन्तवर्ग, पूँजीपति नेता, गुण्डा आदि रहेका छन् भने यस्तै मानवेत्तर पात्रका रूपमा गाउँ, शहर, पञ्चै बाजा, नदी, कार, तिलक, डेरा, कलेज, ढुङ्गा, माटो आदि रहेका छन् । यस खण्डकाव्यमा पात्र र विषयवस्तुको त्यति तालमेल रहेको पाइँदैन बरु खण्डकाव्यको विषयवस्तुले पात्रलाई खण्डकाव्यगत प्रस्तुतिको आधार मात्र बनाएको पाइन्छ । यसरी हेर्दा चरित्र चित्रणका सन्दर्भमा प्रस्तुत खण्डकाव्य कमजोर रहेको पाइन्छ । तथापि ऋतुविचार खण्डकाव्यमा चरित्र चित्रण नभएपनि नेपाली साहित्यको उत्कृष्ट खण्डकाव्यको श्रेणीमा रहेको इतिहासलाई हेर्दा विषयवस्तुगत प्रस्तुतिमा सशक्तता आएमा पात्रको प्रयोगमा भएको फितलोपनाले पनि खण्डकाव्यलाई असामान्य बनाउन नसक्ने कुरा प्रमाणित हुन्छ । नेपाली मानव समुदायमा हुने गरेको कुरीति, कुसंस्कार, कुप्रथा जस्ता खराब प्रवृत्तिको यथार्थ चित्रण गर्न भने यो खण्डकाव्य उत्कृष्ट रहेको पाइन्छ ।

### ४.५.४ परिवेश

खण्डकाव्यमा भएको अनुभूतिको प्रवाहलाई व्यवस्थित गर्न कुनै निश्चित परिवेशको निर्धारण गर्नु जरुरी देखिन्छ । कुनै निश्चित परिवेशमा उभिएर नै विषयवस्तुले गति लिन सक्ने भएकाले परिवेशको प्रस्तुति खण्डकाव्यमा प्रायः अनिवार्य मानिन्छ । खण्डकाव्य कविताको मझौला भएकाले परिवेशको चित्रण व्यापक रूपमा नभएको पनि हुन सक्छ । तथापि सूत्रात्मक वा साङ्केतिक रूपमा भए पनि यसले कुनै न कुनै देशकाल वातावरण या परिवेशलाई ग्रहण गरेकै हुन्छ । यसरी हेर्दा 'तिलक प्रथा' खण्डकाव्यमा नेपाली समाजको यथार्थ परिवेशको चित्रण गरेको पाइन्छ । ग्रामीण समाज र त्यहाँबाट उच्च शिक्षाका लागि सहर पसेको अवस्था साथै कलेज बसेको डेरा, प्रेम प्रसङ्ग, विवाह हुन लागेको तर दाइजो प्रसस्त मागेको हुँदा त्यो विवाह भङ्ग गरी पढाइका क्रममा माया बसेको, प्रेमीसँग विवाह गरी तिलक प्रथाको अन्त्य गरेको अवस्था नै यस खण्डकाव्यको परिवेश बनेको पाइन्छ । समग्रमा नेपाली अशिक्षित समाजको कारण नेपाली नारीहरूले तिलकको निहुँमा खप्नुपरेको यातना, पिडा, जिउँदै आगो लगाउने, घरबाट निकाल्ने जस्ता तितो यथार्थलाई समेत यस खण्डकाव्यको परिवेशले नजिकबाट चियाइरहेको देखिन्छ । यस खण्डकाव्यमा विषयवस्तुले अपेक्षा गरे

अनुरूप कै परिवेशको सिर्जना भएको कारण खण्डकाव्य निकै प्रभावशाली बन्न सकेको देखिन्छ ।

### ४.५.५ केन्द्रीय कथ्य

कृतिका माध्यमबाट प्रस्तुत गरिने मुख्य विचार नै केन्द्रीय कथ्य हो । यसरी नियाल्दा खण्डकाव्यमा आफ्नो विचारलाई सोझै भन्ने वा कुनै पात्रलाई माध्यम बनाएर आफ्नो विचार भनाउने पद्धतिहरू मध्ये कुनै एक आधार मानेर व्यक्त गर्ने गरेको पाइन्छ । यस खण्डकाव्यमा पनि विभिन्न चरित्रका माध्यमबाट कविका विचारहरूलाई प्रस्तुत गरेको पाइन्छ । यस खण्डकाव्यमा नेपाली समाजमा रहेको तिलक प्रथाका कारण नारीहरूको अपमान, बेइज्जति, तिरस्कार, उपेक्षा, जिउँदै जलाउने, घरनिकाला गर्ने जस्ता अमानवीय कुप्रवृत्तिप्रति स्वयं नारीहरूले भण्डाफोर गर्नुपर्ने भावलाई शोभाका माध्यमबाट देखाउन खोज्नु नै काव्यको केन्द्रीय कथ्य रहेको पाइन्छ । सामाजिक कुप्रथाको विरुद्ध सर्वप्रथम सम्बन्धित व्यक्तिबाट नै बिद्रोह सुरु गर्नुपर्ने तथ्यलाई सेमत कविले सशक्त रूपमा उजगार गरेका छन् ।

### ४.५.६ भावविधान

विना भाव कुनै कृतिको मूल्य हुँदैन त्यसैले भाव कृतिको आत्मा नै हो । **तिलक प्रथा** खण्डकाव्यमा कवि शर्माले नेपाली जनसमुदायमा हुने गरेका विभिन्न समस्या र यी समस्याबाट पिडित वर्ग माथि उठ्न स्वयं आफू उठ्नुपर्ने प्रमुख विचारलाई नै यसको मूलभाव वा भावविधान भन्न सकिन्छ । भावले नै कृतिलाई सजीव पार्ने हुँदा कविले समाजमा विद्यमान रहेका छुवाछुत, बोक्सी, घुम्टो, कमैया, तिलक आदि प्रथाले जरो गाडेको र ती प्रथालाई हामी शिक्षित वर्गले जरैदेखि उखेलेर फाल्नु पर्ने मूल भावमा नै प्रस्तुत खण्डकाव्य केन्द्रित रहेको पाइन्छ । साथै तिलकको निहुँमा हाम्रा चेलीहरूको मोलमोलाइ गरिने र भनेजस्तो तिलक नहुँदा चेलीहरूलाई गरिने तिरस्कार, अवहेलना, घर निकाला साथै जिउँदै जलाउने जस्ता मानवताहीन गतिविधिको अन्त्यका लागि अगाडि सर्न यसै खण्डकाव्यका पात्र शोभा र भुवनको कार्यले प्रष्ट पारेको अवस्था नै यस काव्यको मूल सन्देश हो ।

### ४.५.७ लयविधान

लयविधानले काव्यमा साङ्गितीक माधुर्यको सिर्जना गर्ने भएकाले यसले पाठकको सजिलै मन जित्न सक्छ। लयविधानले काव्यलाई अन्य विधा भन्दा पृथक बनाउने तत्व पनि सुरक्षित रहेको पाइन्छ । यसर्थ लयको सफल प्रयोगका लागि स्रष्टाले निकै सावधानी अपनाउनु पर्ने देखिन्छ । वर्णहरूको मात्रा, गति-यति, अनुप्रास र छन्द विधानको उचित परिकल्पना हुन सकेमा मात्र काव्यमा लयात्मकताको सिर्जना हुन सक्ने कुरा निर्विवाद छ। त्यसकारण लयत्मकताले काव्यलाई परिपक्क बनाउन सक्ने देखिन्छ।

यसरी हेर्दा जीवनहरि शर्माको तिलक प्रथा खण्डकाव्यमा उपजाति छन्दको समुचित प्रयोग गर्दै गति-यति, अनुप्रास र शब्द चयनमा सरलता प्रस्तुत गर्ने जमर्को गरेता पनि छन्द मिलाउन वर्णविन्यासमा भने केही त्रुटि रहेको पाइन्छ।

**उपजाति छन्दको प्रयोग**

खोला र खोल्सा वन छन् अपार।
बुट्यान झाडी झरना पठार।
कामै गरौं नित्य यहीँ जमेर।
बनाउँ यो राष्ट्र कमर कसेर ॥२॥ (प्रथम खण्ड, पृ.३)

विकासको मूल फुटेन कैल्यै।
बुद्धि विवेकी हुनु पर्छ पैले।
लेखापढी गर्नु सवेर उठ्नु।
यो राष्ट्र निर्माण निमित्त जुट्नु ॥३॥ (प्रथम खण्ड, पृ.३)

यसरी उपजाति छन्दका एघार अक्षरको एक पाउ साथै चारपाउको एक श्लोक यो काव्य निकै उत्कृष्ट बनेको छ।

### ४.५.८ अलङ्कार योजना

कथामा अलङ्कार कुनै न कुनै रूपले समाहित भएकै हुन्छ । शब्दालङ्कारको सफल प्रयोग गर्न सके काव्य निकै उत्कृष्ट बन्न सक्ने कुरामा निर्विवाद छ । स्त्री

जातिलाई सजाउने वस्तु भनेको श्रृङ्गार हो भने काव्यलाई सजाएर सुन्दर बनाउने तत्व भनेकै अलङ्कार हो । त्यसैले पाठकको मन जित्न सफल रूपमा अलङ्कारको प्रयोग हुनैपर्छ । यस खण्डकाव्यमा कवि शर्माले शब्दालङ्कारको रूपमा अन्त्यानुप्रासको सफल प्रयोग गरेको पाइन्छ । जस्तै -

शोभा र शान्त दुइ एक ठाउँ ।

हाँसी खुसी नित्य यहाँ रमाउँ ।

सबै बसेका अघि दूर गाउँ ।

सुवासमा मात्र अनन्त पाउँ । ।१९॥ (प्रथम खण्ड, पृ.७)

त्यसरी नै अर्थालङ्कारको रूपमा दृष्टान्त, उपमा, रूपक, यमक, उत्प्रेक्षा जस्ता अलङ्कारको सफल प्रयोग पाइन्छ । उपमा अलङ्कार यसरी प्रयोग भएको छ -

माया र प्रेमै ममता गरेरै ।

मौरी मिलेका रस माधुरी झैं ।

लाएर माया कहिले सकिन्न ।

प्रयासले मात्र सकिन्छ बन्न ॥२६॥ (प्रथम खण्ड, पृ.९)

यसरी तिलक प्रथा खण्डकाव्यमा प्रयोग भएका अलङ्कारले काव्यको विषय बोधमा सहजता प्रदान गरेको हुँदा अलङ्कार विधानका दृष्टिले यो खण्डकाव्य सफल देखिन्छ ।

### ४.५.९ सर्गयोजना

यस खण्डकाव्यको सर्गयोजनालाई दृष्टिगत गर्दा प्रस्तावना देखि पाँच खण्डसम्म जम्मा ६ खण्डमा रहेको छ भने प्रस्तावना बाहेक पाँच खण्डमा संरचित रहेको छ । सबै खण्ड एउटै उपजाति छन्दको लय समातेर रचना गरिएको छ भने प्रस्तावनाका ७ श्लोक सहित जम्मा १९० श्लोक रहेको यस खण्डकाव्यको खण्ड परिवर्तन गर्दा पात्र विधानलाई महत्व दिएर घरबेटी बुबा, आमा, भुवन, शोभा, गुरु, शान्तालाई नै खण्डको शीर्षकको रूपमा राखिएको छ । पूर्वीय खण्डकाव्य परम्परा अनुसार नै यस **तिलक प्रथा** खण्डकाव्यको खण्ड विभाजन गरे पनि कथावस्तु अनुसार प्रत्येक खण्डको शीर्षक नमिले जस्तो भने अवश्य देखिन्छ ।

### ४.५.१० उद्देश्य

'तिलक प्रथा' खण्डकाव्यमा कवि शर्माले तिलकको निहुँमा बढी मोलमोलाइ गरेर छोरीलाई बेच्न खोज्ने प्रथाको कलङ्क सुन्दर नेपाली जीवनले भोग्नु नपरोस् साथै यसको अन्त्यका लागि स्वयं व्यक्ति जुरमुराउनु पर्ने प्रमुख सन्देश दिन खोज्नु नै यसको उद्देश्य हो । तिलक प्रथाको उदाहरणबाट नै समाजमा हुने यस्ता कुप्रथालाई शिक्षित वर्गले जरैदेखि उन्मूलन पार्न विद्रोही भएर नउठेसम्म कुनै किनारा नलाग्ने पनि कविले संकेत गरेको पाइन्छ ।

यसरी समाजमा जरो गाडेर बसेको कुरीति, कुसंस्कार, कुपरम्परा, कुप्रथा जस्ता सामाजिक समस्याको अन्त्य गरी सामाजिक मेलमिलापको वातावरण सिर्जना गर्दै एउटा सुन्दर समाजको निर्माणतर्फ अग्रसर रहनु पर्ने यस काव्यको मूल उद्देश्य रहेको छ ।

### ४.५.११ भाषाशैली

भाषाशैली पनि काव्यलाई उत्कृष्ट बनाउने प्रमुख तत्व मध्येको एक हो । भाषाशैलीले नै काव्यको गहनतालाई बुझ्न सहज तुल्याउने हुँदा जुनसुकै काव्यको भाषाशैली सरल, सरस, बोधगाम्य हुन जरुरी छ । यस खण्डकाव्यको प्रयोग भएको छन्द एउटै भएकाले त्यति पाठकवर्गले भने नरुचाउन पनि सक्छन् । खण्डैपिछे फरक फरक छन्द संयोजन गर्न सकेको भए यस काव्यको उचाइ अझै माथि पुग्ने थियो तथापि एउटै छन्द भएर पनि शब्द चयनमा भने सरलता ल्याएको पाइन्छ । समग्रमा गुणका पछाडी अवगुण अवश्य पनि  हुन्छन् । त्यसैले शर्माले दिएको यस खण्डकाव्यले सबै कुरा समेट्न नसकेता पनि एउटा सन्देशमूलक विषयवस्तुलाई भने अवश्य समेटेको पाइन्छ यसैलाई कविको वैशिष्ट्य पक्ष मान्न सकिन्छ ।

## ४.६ निष्कर्ष

जीवनहरि शर्माको दोस्रो सामाजिक खण्डकाव्य तिलक प्रथाको शीर्षक र कथावस्तुबीच तालमेल हुन पुग्दा शीर्षक उपयुक्त नै देखिन्छ । शीर्षक अनुसार कथावस्तु भने फितलो रहेको छ । प्रथम खण्डमा घरवेटी बुबा शीर्षक भएर पनि घरवेटी बुबाको खासै उपस्थिति नदेखिनु, दोस्रो खण्डमा शोभा र भुवनबीचको वार्तालाप शीर्षक दिएर पनि कविकै पाण्डित्यले वार्तालाप फितलो हुनु, शोभा र भुवनबीचको प्रेमसम्बन्धलाई

स्पष्ट नपारी साथी जस्तो मात्र देखाउनु, सुरुको उपदेशमूलक संभाषण हुनु, शान्ता र भुवनको कार्यक्षेत्रको वर्णन हुनु र अन्तिममा पुस्तकको शीर्षक अनुसार सोही प्रथाको प्रसङ्ग ल्यायी शोभाले विद्राह गरेको देखाउनु आदि कथावस्तु हेर्दा कथानकको नमिलेको बीचबीचमा कथानक छिनेको आदिले खण्डकाव्य पढ्दा पाठकलाई केही मात्रामा झिँजो लाग्ने, कविकै पाण्डित्य प्रदर्शन र भाषण सुने जस्तो लाग्ने अवस्था छ । अघिल्लो कृति टिष्टाको सन्देशमा उद्देश्य प्राप्तिको लागि जति स्पष्ट दृष्टिकोण रहेको देखिन्छ, त्यस्तो दृष्टि यस खण्डकाव्यमा पाइदैन ।

काव्यको कथावस्तु फितलो, बीचबीचमा अप्रासङ्गिक कथावस्तु, उपदेशात्मक सन्देश बढी आदिले काव्य खासै उत्कृष्ट नदेखिए पनि अन्तिम खण्डमा तिलक प्रथा बिरुद्ध शोभालाई उभ्याएर कविले खण्डकाव्यको शीर्षकलाई र पाठकहरूका मनलाई भने न्याय गरेका छन् । सरल, बोधगाम्य भाषाशैली र छन्द संयोजनले काव्यलाई पढ्न योग्य बनाएको छ । समग्रमा यस खण्डकाव्यलाई हेर्दा शीर्षक अनुसार तालमेल रहेको छ । साथै यस खण्डकाव्यले कविलाई सामाजिक मात्र नभई विद्रोही कविको रूपमा समेत खडा गरेको पाइन्छ ।

## ४.७ अधम कविता संग्रहको अध्ययन

नेपाली काव्य यात्राको तेस्रो कृतिका रूपमा प्रकाशन भएको कवि शर्माको अधम कविता सङ्ग्रह (२०७२) हो । जसमा २५ वटा बेग्ला बेग्लै छन्दका कविताहरू संग्रहित छन् । कविता विधामा दुई भेद मध्ये पद्य भेदलाई बढी मन पराउने कवि शमाको अधम कविता संग्रह पद्य भेदको एउटा सफल उदाहरण हो । उनका यी कवितात्मक प्रायः सबै परिष्कारवादी र प्रगतिशीलताको छाप रहेको पाइन्छ । त्यसैले कवि शर्मालाई प्रगतिशील कविका रूपमा चिन्न सकिन्छ । कवि शर्माको अधम कविता संग्रह भित्र संग्रहित २५ वटा कविताहरूको क्रमशः अध्ययन गर्दै समीक्षा गर्ने काम गरिएको छ ।

### ४.७.१ अधम

मालिनी छन्दको ६ वटा श्लोकमा रचना गरिएको अधम शीर्षकको कवितामा कविले अधमको अर्थलाई स्पष्ट पार्न खोजेका छन् । मानिसले सत्य खोज्नका लागि थोरै पनि मन नलगाएको, धन, बल हुँदाका बखत पनि सत्यको बाटो नहिंडेको भन्दै आजको

मानिसले राम्रो भन्दा नराम्रो काम तर्फ बल गर्ने गरेको यथार्थलाई देखाउन खोजिएको छ :-

अलि कठिन हुने त्यो सत्य भेट्नै सकेन ।

त्यस तिर मन राख्ने कष्ट थोरै गरेन ।

निज उपर प्रशंसा सत्य पक्का थिएन ।

धन बल रहँदामा सत्य बाटो हिँडेन ॥ (अधम, पृ.१)

मानिसहरू सत्कर्म भन्दा कुकर्मतिर तल्लिन रहेको धर्मशास्त्र अनुसार सूर्य, चन्द्र ताराहरूलाई देवताको रूपमा मान्ने परम्परा छ साथै अतिथिलाई पनि देवता सरह नै मानिन्छ भने अहिले आएर मानिसले यी देवताहरूलाई नमान्ने, अरुको भलाईका निम्ति समय नै नदिने आफू ऐना नहेर्ने तर अरुको रिस, डाह गर्ने परम्परा नै बसेको पाइन्छ । गरीब बृद्ध, बृद्धाहरूको सेवा नगर्ने, असल र उपकारी कसैलाई नगन्ने, दाजुभाई कसैलाई पनि नचिन्ने जस्ता खराब तत्वलाई कविले यस कविता मार्फत प्रस्तुत गरेका छन् :-

धनहिन असहायै बृद्ध सेवा खटेन ।

असल र उपकारी बृद्धिमानी पचेन ।

मन असल भएका मित्र कोही गनेन ।

कुल घर सहयात्री बन्धुवर्ग चिनेन । (अधम, पृ.१)

यसरी हाम्रो समाजमा खराब प्रवृत्ति भएका मानिसहरू दिनप्रतिदिन बढ्दै जानु साथै गुरु, आमा, बुबा समेतको मन जित्न नसक्नु, मामाघर समेत त्याग्नु आफ्नै ससुराको मृत्युमा समेत नजानु, आफ्नी प्राणप्रिय पत्नी समेत नचिन्नु, असत्य कुरामा मात्र विश्वास गर्नु, राम्रो विचारको चासै नलिनु, जाल झेल मात्र गर्नु र त्यही सत्य ठान्नु, आफू मात्र जान्ने हुनु, रूपैया पैसामा लोभ लाल्चा देखाउनु, इतिहास नबुझ्नु जस्ता कुविचार तिर लाग्नाले मानिस पशुझैं रहेको कुरालाई कविले यथार्थ धरातलमा उतारेका छन् । समाजबाट त्यस्ता कुप्रवृत्तिहरूको अन्त्य नभएसम्म नेपाली समाज स्वस्थ्य नहुने हुँदा हामी सबैको सोच सत्कर्ममा लाग्नुपर्ने दृष्टिभाव यस कविता मार्फत लिन सकिन्छ ।

जनम भर असत्यै माथि विश्वास गर्ने ।

असल कुन कता हो सोचि चासो नराख्ने ।

कुल छनल बल मित्रै मात्र त्यो सत्य ठान्ने ।

अघि सरि गफ गर्दा कति धेरै छ जान्ने । (अधम, पृ.२)

शीर्षक अनुसार समाजमा नराम्रो कार्य गर्ने व्यक्तिको कुरा र सच्चिएर समाजसेवामा लाग्नुपर्छ भन्ने शिक्षामूलक सन्देश कविले यस कविता मार्फत दिएका छन् ।

## ४.७.२ नवबर्ष

६ वटा श्लोकमा रहेको नवबर्ष कवितामा कविले नयाँ वर्षले मानिसमा नयाँपन आओस् पुराना खराब बिचारहरूको अन्त्य होस् भन्दै मरेर जो यो जीवनमा देश निर्माणको लागि सधै हित चिताउनु पर्ने र अजम्बरी यो संसारमा कोही पनि नभएको हुँदा नवबर्ष सधैं राम्रो होस् नराम्रो तत्वलाई छात, बात, दिन, रातले गर्नुपर्ने कुरा यसरी लेख्छन् :-

बसेर देशको सधै गरेर हित खातिर ।

मरेर लानु के छ यो अजम्बरी त को छ र ।

बिदाइ दिन्छु हातले विदाइ गर्छु बातले ।

विदाइ भन्दियो सबै दिनै दिनै र रातले । (नवर्ष, पृ.३)

जसरी बसन्त ऋतुले प्रकृतिलाई सिगार्न शिशिर ऋतुका नाङ्गा बोटविरुवामा नयाँ पालुवा भरिदिन्छ । त्यसरी नै नयाँ वर्षले नयाँ सोचको विकास होस् कटमस छटाइ सुगन्धलाई भरियोस, झुटा, झगडा बडारेर लगियोस् साथै सबैले मनपराउने स्वागतै स्वागतका बहारहरू फाटफाटमा ल्याइदियोस् भनी नव वर्षलाई आह्वान गरेका छन् । अभावको अन्त्य गर्दै कर्मको प्रभाव सबैमा छरौं मानिसमा रहेका दुःख, कष्ट, दरिद्र शोक, भोक सवै मिलेर हटाउनु सूर्यको प्रकाशलाई दृष्टान्त दिएको पाइन्छ । जब सूर्य पूर्वमा उदाउँछन् तब मानिसमा रहेका कुभावना, देश, रिस, राग सबै बिर्सेन पुग्छन् भनिएको छ । नयाँ बिचार लिए देशले नयाँ अनुहार फेर्छ साथै राज्यले सवैलाई हसाउने राम्रो मार्ग ल्याउन विकासको नै मूल फूटाउनुपर्ने कुरालाई कवि यसरी लेख्छन् :-

विचार जो नयाँ लिए मुहार फेर्छ यूगले ।

विराज राज राज्य यो चलाउने सुसभ्यले ।

निकास औं विकासको फुटाउ मूल देशले ।

रमाउने हसाँउने ल्याउ सुमार्ग ल्याउ राज्यले ।(नववर्ष, पृ.४)

यसरी कविले प्रकृतिको चर्चा वसन्त ऋतुको वर्णन साथै नयाँ वर्षले उमङ्ग ल्याओस् र राष्ट्र निर्माणमा जुटौं भन्ने सन्देश तथा आह्वान साथ लेखेको यो कविता पञ्चचामर छन्दमा रचना गरिएको छ ।

### ४.७.३ इलाम

शिखरिणी छन्दको लय समातेर रचना गरिएको 'इलाम' शीर्षकको कविता निकै उत्कृष्ट रहेको छ । सुदुर पूर्वको रूपमा चिनिने इलामको सुन्दरताको वर्णन गर्दै सन्दकपुरको दक्षिणमा अवस्थित इलाम अन्य जिल्लाको तुलनामा निकै राम्रो मानिन्छ । कहिले काहीं हुस्सु, कुहिरो लागेपनि यस जिल्लाका प्रत्येक कृषकहरूका घरमा नगदेबालीका रूपमा तरकारी खेती, अनार, किवीफल, चिया, अलैंची, अकबरे, अदुवा, अम्लिसो रहेकाले पनि यहाँका कृषकहरू राम्रो आम्दानी लिन सफल छन् भने सूर्योदयको जिल्ला जोगमाई, पुवामाई, देउमाई र माई चारखोलाले घेरिएको जिल्ला, अतिथिको स्वागत सत्कारमा विशेष ध्यानदिने जिल्ला आदिका रूपमा प्रख्यात रहेकाले पनि यहाँका जिल्लाबासी मानिसहरूले सुखको अनुभूति गरिरहेको र आनन्ददायक जीवन विताएको कुरालाई कविले अत्यन्तै रोचक भाषाशैलीको प्रयोग गरी यसरी अभिव्यक्त गर्दछन्-

लिएरै पूर्वैमा किरण रविको अन्तु अगुवा ।

सवै पर्खेकाछौं अतिथि गणमा स्वागत सदा ।

बगे चारै खोला अझ पनि यही नाम रहँदा ।

किसानीको यात्रा अटुट सुखको साथ बहँदा । (इलाम, पृ. ५)

यसरी नै सदा सर्वदा पाहुनाको स्वागत गर्नका लागि फूलको कलश जिल्ला प्रवेशद्वारामा राखिएको साथै यहाँ धेरै ताल तलैयाहरूले समेत स्वागत गरिरहेको र

बिहानीको चियाको चुस्की अत्यन्त बासनादार रहेको हुँदा राष्ट्रकै नमुनाका रूपमा कवि आफैं रहनुपर्ने वकालत गर्छन् साथै यो भनिरहनुको आशय सबै इलामेली राष्ट्रकै नमुना बनेर अरुलाई अनुकरणीय बनाउनुपर्ने कुरा कवि यसरी व्यक्त गर्छन् -

उठाई राखेकी कलश जलको नित्य करले ।
प्रतिक्षा धेरैको अरु पनि सयौं तालहरूले ।
चियाको चुस्कीले हरहर दिने बासना मिठो ।
नमूना राष्टैको बनिरहुँ इलामे म त ठिटो । (इलाम, पृ. ५)

इलाममा रहेका प्राकृतिक सांस्कृतिक साथै पर्यटकीय स्थलहरूमा क्रमशः खोला, वनजंगल, चराचुरुङ्गी, जडीबुटी डाँडाकाँडा, भञ्ज्याङ्ग, गुफा, झरना, भिर, होचा फाँटहरू लारुम्बा गजुरमुखी, माइपोखरी, सन्दकपुर, श्रीअन्तु आदि रहेका छन् जसले इलामको शोभा बढाउन र आयआर्जनका प्रसस्त माध्यमका रूपमा सहयोग पुऱ्याइरहेका छन् । यहाँका सबै जातजाति फलफूल, नगदेबाली, पशुपालनका दृष्टिले सुदूरपूर्वका सुसभ्य नागरिकका रूपमा परिचित रहेको विचार भाव यसरी कवि लेख्छन् -

कतै होचा फाँटै विकसित यहाँ गाउँ सहरै ।
गुफा झर्ना छागा भिर शिखर भञ्ज्याङ्ग बगरै ।
सबै जाती एकै परिचय सुसभ्यै सुदुरका ।
प्रसस्तै आम्दानी फल र नगदे खाद्य पशुका । (इलाम, पृ. ६)

यसरी इलाम कवितामा कविले हरित नगरी इलाम जिल्लाको गुणगान गर्दै यस जिल्लाको विकास र समृद्धि चाहेका छन् ।

### ४.७.४ युग र प्रविधि

अधम कविता संग्रहमा संग्रहित युग र प्रविधि अर्को कविता हो । आजको युग प्रविधिको विकास र प्रयोगले दिन प्रतिदिन अन्त्यतै सरल र साइज भएको कुरालाई यस कविता मार्फत कविले बताएका छन् । आज युगान्तकारी परिवर्तन गर्न युग अनुसारको ज्ञान लिनुपर्ने, पुराना उदाहरणबाट नै नयाँ सिद्धान्त प्रतिपादन हुने समयको महत्वलाई बुझेर अगाडि बढ्नुपर्ने इलम नगरीकन जीवन धान्न कठिन हुने र इलम गरे संसार

देख्न र हेर्न सकिने साथै साघुँरिएर एउटा कोठामा कैद गर्न सकिने, राम्रो वस्तु नचिनेर दुरूपयोग गर्न नहुने मूर्खको बल मात्र मान्य हुने तर ज्ञानबुद्धि भए सबैतिर मान्य हुने कुरालाई अबको युगको साथी प्रविधि बनिसकेको तर त्यसलाई प्रयोग गर्न भने सबैले नजान्दा ठूलो समस्याको विषय बनेको यथार्थलाई कविले रोचक प्रस्तुतिका साथ यसरी लेख्छन् -

संसार सानु भो गोजीमा छ विराषद ।

श्रीखण्डनै भए के भो नजाने विंड हाल्दछ ।

बल हो मूर्खको लागि ज्ञान बुद्धि सबैतिर ।

प्रविधि युगको साथी नजान्नु पो भयो पिर । (युग र प्रविधि, पृ. ७)

विज्ञानले प्रविधिको विकास गरेर पहिलेको युग र अहिलको युगको तुलनात्मक रूपमा कविले आफ्ना दृष्टिकोणहरू प्रस्तुत गरेका छन् । घडी नभएको युगमा पनि समय पुगेको र आज घडी प्रत्येक मानिसको हात हातमा भएर पनि समय व्यस्ततामै रहेको साथै पढाइ पनि अहिले इमेल इन्टरनेटमा गर्न सकिने, मानिस जति छाडा भएपनि प्रविधिले नजिक भए जस्तै बनाएको हुँदा हामी सबै युग सुहाउँदो बन्न सक्नुपर्ने दृष्टिकोण राख्दै ज्ञान, बुद्धि, तालिम सबै प्रविधिको प्रयोग गर्ने अवस्थामा कवि आफैं पछि परेको महसुस गर्छन् । ज्ञान एउटा गतिशिल भएको ध्यान गर्दा मनमात्र शुद्ध हुन्छ भने विज्ञानले समुन्द्रै तार्न सक्छ साथै धन भएर पनि मनका गरीब भएको कारण सभ्य युगमा प्रविधिको प्रयोग गर्न नसक्नु दुःखद भएको महसुस गरिएको यस कवितामा आँखाले नयाँ नयाँ कुराहरू देख्न पाएको सञ्चार विश्वव्यापीकरण भएर सबैलाई सहज भएको आजको युगमा नहुने कुरा केही नभएको र सोचे भन्दा धेरै कुरा दिनदिनै खोज अनुसन्धान भैरहेकाले युग र प्रविधि अनुसार मानिस अघि बढ्न सक्नुपर्ने यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

मुख कान भए पुग्ने आँखाको रमिता अनि ।

प्रविधियुक्त संचार विश्वव्यापी छ सन्सनी ।

आविष्कार गरे जे जे नहुने म त भन्दिन ।

सोचे भन्दा बढि खोजे नयाँ नयाँ छ दिन्दिन । (युग र प्रविधि, पृ. ८)

यसरी अनुष्टुप छन्दमा संरचित यस कवितामा कविले युग सँगैको विकास र प्रविधिको बढ्दो प्रयोगको चर्चा गर्दै अहिलेको युगसँगै विश्वमा प्रविधिले मारेको फड्कोको चर्चा गरेको पाइन्छ ।

### ४.७.५ युवाको आवाज

युवाको आवाज कवितामा कविले देश निर्माणमा युवाको चिन्तनलाई प्रस्तुत गरेका छन् । देशको अवस्था अति नै दयनीय रहेको पहिलेको प्रगति र उन्नति हराएको देशमा सङ्कट छाएको सत्य हराएको दुःख र कष्टपूर्ण जीवन बिताउनु परेको, जनताहरू भोका र नाङ्गै भएका, सबै मानिस आफ्नै हितमा मात्रै लागेको तितो यथार्थलाई कविले युवा मार्फत प्रस्तुत गरेको पाइन्छ । देशमा परिवर्तनका नाउँमा युवाहरू कति लडे, कति मरे, कति शहीद भए तर त्यसको सम्मान छैन बरु उल्टै देशका ठूला भनाउँदाहरू कुर्सीको खेलमा लागेको दर्दनाक अवस्थाको चित्रण गर्नुका साथै मूल्य बृद्धिले गरीबहरूको मुखमा माड सम्म पर्न नसकेको अवस्थामा देशका बुद्धिजीवी भनाउँदाहरू त्यसको समाधान पट्टि नलागेकोले बाँच्नुको अर्थ समेत नरहेको कुरालाई कवि यसरी व्यक्त गर्छन् -

फसलकारको मूल्य अन्त गो ।
अधिक चीजको भाउ चर्कियो ।
भतन देशका बुद्धिजीवि हो ।
खपिसक्नु भो बाँच्नु व्यर्थ भो । (युवाको आवाज, पृ. १०)

देशमा झगडा मौलाउँदै गयो भ्रष्टाचारीहरू दिनदिदैं बढ्दै गए सत्य मासिए, कामहरू हराए, बाँच्नलाई धेरै कठीन भयो साथै मानिसका आशाका दीपहरू मर्दै गएँ यहाँ कसैलाई लाज नहुने भयो जसले जे गर्दा हुने मिठो मिठो खाने तर काम भने भोली भन्दै सार्दै जाने, जे मन लाग्यो त्यही गर्ने हुँदा आज तमाम युवाहरू सजग भएर बस्नुपर्ने कुरालाई कविले ज्यादै रोचक रूपमा यसरी व्यक्त गर्छन् :-

शरम हुन्न याँ गर्न जे गरे ।
बहुत खाउ यो काम भोलि रे ।
मनपरी गरे वारिपारि जा ।
सजग भै बसौं आज भोलिता । (युवाको आवाज, पृ.१०)

यसरी कविले देश र समय र समाज निर्माणको लागि सम्पूर्ण युवा एकजुट भएर लागौं भन्ने सन्देश दिएको युवाको आवाज शीर्षकको कविता अपरान्तिका छन्दमा रचिएको छ ।

### ४.७.६ विदेश भयो खहरे

विदेशलाई खहरेको रूपमा तुलना गर्दै कविले विदेश भयो खहरे शीर्षकको कवितामा युवाहरू विदेशतिर पलायन भएको परिस्थितिमा यदि युवा जनशक्तिले आफ्नो देशमा उद्यमी बन्न सके देशको विकास र समृद्धि हुने कुरालाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । विदेशमा कमाएको धन खहरे स्वरूप छिट्टै कमाउन सकिने र स्वदेश फर्किएको १/२ वर्षमै सकिने भएको हुँदा आफ्नो देशमा बसेर उद्यमी बनेर देश विकास तर्फ लाग्न प्रेरित गरेको समेत पाइन्छ ।

आमा समान रहेकी धरती माता तिम्रा काखमा हामी रहेका छौं । यहाँका शक्तिले राम्रो सोच्ने र नयाँ नयाँ प्रविधिहरूको खोज अनुसन्धान गर्नुपर्ने साथै सुरूपी टाकुराहरू रहेको यस्तो देश नेपालका युवाहरू किन विदेश जान्छन् यही गरे हुन्न भन्दै कविले चिन्ता व्यक्त गरेका छन् । यदि हामी विदेशमा नै छौं भने त्यहाँ दुःखसाथ कमाएको धनसम्पत्ति लिएर नै आऔं र नेपाललाई पेरिस र चीन जस्तै विकसित राष्ट्रमा बदलौं भन्दै कविले युवाहरूलाई आह्वान गरेका छन् । देश निर्माण युवाहरूको अगुवाइ भए मात्र हुने तर किन सम्पत्ति आर्जन गर्न विदेशतिर युवाहरू पलायन हुन्छन् र अन्त्यमा रोग र शोक लिएर फिर्छन् देश बने सुख हुन्छ भन्ने कुरा किन बुझ्दैनन् जस्ता विचार भावले कविता निकै रोचक बनेको छ ।

धन आर्जन खातिर हिड्छ कतै ।
सरि रोग र शोक फिरें बहुतै ।
मुलुकै बनिदा सुख हुन्छ भरे ।
परदेश युवा किन भो खहरे ?(विदेश भयो खहरे, पृ. १२)

यसरी प्रत्येक श्लोकको अन्तिम पद्यमा प्रश्न गर्दै कविले देशमा प्रशस्तै स्रोत र साधनहरू रहेको र त्यसलाई परिचालन गरी उद्योगधन्दाहरू खोलेर मणि माणिकले सजाउने हो भने विश्वका विकसित देश भन्दा हाम्रो देश कम नहुने अवस्थामा किन कुरै

नबुझी खहरे झैं युवाहरू रोजगारीका लागि विदेश जान्छन् भनि चिन्ता व्यक्त गरेका छन् । यस्तो अवस्थामा सबै युवाहरू मिलेर देशले कोल्टो फेर्न सजिलै सकिने हुँदा देशमै खानीहरू खन्नुपर्ने, सडकको निर्माण गर्नुपर्ने, सबै राष्ट्रको छेउमा प्रिय बन्न सक्नुपर्ने, धन, दौलत र आफ्नो सीपलाई आफ्नै देशमा प्रयोग गर्नुपर्ने, सडक निर्माण जलयात्रा, रेल जस्ता भौतिक विकासले देश समृद्धि बन्नु हो भने भावी सन्ततिहरू अत्यन्त खुशी भई आफ्ना पुर्खाहरूलाई समेत सम्मान गर्ने कुरालाई यस देशका युवाहरूले भुल्नै नहुने कुरा व्यक्त गरेका छन् ।

सडकै जलवायु र रेल चले ।
धन दौलत सीप र खानि खने ।
अनि सन्तती फुर्फर नाच्छ भरे ।
परदेश युवा किन भो खहरे । (विदेश भयो खहरे, पृ.१२)

यसरी कविले नेपाली युवाहरूको रोजगारीका लागि रहेको केन्द्रविन्दु विदेश खहरे खोला समान भयो सबै नेपाली युवाहरू देश निर्माणमा लाग्न छोडी खहरे जस्तै विदेश जान थाले भन्ने चिन्ता व्यक्त गर्दै यसो नगर्न आह्वान गरिएको यो कविता तोटक छन्दमा रचना गरिएको छ ।

### ४.७.७ लेखनाथको सम्झना

'लेखनाथको सम्झना' शीर्षकको कवितामा कवि शर्माले नेपाली साहित्यको फाँटमा कवि शिरोमणी लेखनाथ पौडेल के कसरी कवि हुन पुगेका हुन भन्ने विषयवस्तुलाई यस कविता मार्फत प्रस्तुत गरेका छन् । कवि शर्माले २०४१ सालमा कविता लेखनको शुरुवात गर्ने यो कविता लेखेको पाइन्छ । झ्याउरे छन्दमा रचना गरिएको यस कवितामा लेखनाथको कवि बन्ने प्रेरणाको रोचक प्रसङ्ग उल्लेख गरिएको छ ।

गाउँमा थिए जो एक पंडित ती पितृ प्रसाद ।
उनी र मेरो गाई हेर्दा भयो वनमा विराज ।
म सानो थिएँ कविले मलाई बेस्सरी कराए ।
किनकी यसो गरेको भन्दा कविता सुनाए । (लेखनाथको सम्झना, पृ.१३)

गाई चराउने क्रममा लेखनाथ र गाउँका एक बृद्ध पण्डित बीच भेटघाट भएको साथै लेखनाथ भने सानो केटो भएकाले उनलाई पण्डितले गाली गरेको, किन मलाई गाली गरेको भन्दा पण्डितले कविता सुनाएको कुट्छन् कि भन्ने डर रहेको आफूले ठूलो स्वरमा पढेको गाली गर्दै गाई फर्का फुच्चे र मैले कविता लेख्दा तैंले विगार्ने चोर भनेको हुँदा त्यो गाली कवि बन्ने प्रेरणा स्वरूप मनमा बिझेको प्रसङ्गले कविता निकै रोचक बनेको छ । यसरी लेखनाथ कवि बनेको र उनका क्रमशः ऋतुविचार, युवाको तप, लालित्य भाग १, लालित्य भाग २, बुद्धि विनोद, सत्यकली संवाद, गंगा, गौरी जस्ता कृतिहरू लेखेको कुरा पंण्डितको गाली उनको प्रेरणा बनेर आएको हो । यसरी कसैको गाली पनि प्रेरणाा बन्न सक्ने कुरालाई पनि कवि शर्माले यस कवितामा व्यक्त गरेका  छन् । लेखनाथ यस धरतीमा नरहे पनि आफ्ना यी काव्यकृतिहरू पढेर सम्झना गरुन् या आशीष दिउन भन्ने चाहना राख्छन् साथै आफूले लेखेका काव्य कृतिहरू सम्झेर स्वर्गबाट यस धरतीमा ओर्लन समेत चाहेको र धरतीमा ओर्लंदा कसैले नचिनेको कविता कसैले नसुनेको, सबै देशका युवाहरू हातमुख जोड्ने उपायको खोजीमा विदेश लागेको, देशका ठूला नेताहरू भाषण मात्र गर्ने गरेको, कानुन नभएको, न्याय हराएको, देशका फ्याउरा कराएकोले अशुभ हुने हुँदा यस धरतीमा बस्न नसकी फेरी न्यायको सन्देश दिंदै स्वर्ग फर्किएको विचारलाई कवि शर्माले लेखनाथको सम्झना स्वरूप यो कविता रचना गरेर अरु नेपालीहरूलाई समेत गुन लगाएका छन् ।

कानुन छैन जस्तो छ यहाँ निसाफ हरायो ।

सकिन बस्न भाषण ठूला राजनिति गनाए ।

कराए फ्याउरा असुभ हुन्छ भनेको सुनेथें ।

म उतै गएँ उउटा यहाँ यो गीत गाएर । (लेखनाथको सम्झना, पृ.१४)

यसरी नेपाली काव्य आकाशका चम्किला तारा कवि शिरोमणी लेखनाथ पौड्यालको सम्झना गर्दै लेखिएको यस कवितामा उनको काव्य रचना र उनको व्यक्तित्वको गुणगान गाइएको छ ।

### ४.७.८ छन्दको भविष्य

छन्दको भविष्य शीर्षकमा रचना गरिएको कवितामा कवि शर्माले गुरुका आशीर्वादले छन्द सिकेको र त्यही सम्झनाले गर्दा काव्य कृतिहरू पढेको र गण संकेतका बारेमा सूत्रात्मक तरिकाले सिकेको कुरालाई यस कविता मार्फत व्यक्त गरेका छन् । छन्द रचना भएका पद्यात्मक काव्य कृतिहरू सबैले मन पराउँछन् । यसमा गति, यति, लय, शैली हुन्छ । सुन्नमा आनन्द दिने, चमेली फूल समान भाका अत्यन्तै मिठो भएको हुँदा गद्य भन्दा पद्य निकै मिठासपूर्ण हुने कुरालाई समेत कविले यस कवितामा लेखेका छन् । छन्दको अपेक्षा भएको अवस्थामा यसको भविष्य के कस्तो छ भन्ने शीर्षक राखेर छन्द मन नपराउने मानिस नभएकाले आजका कविहरूले यसलाई बुझेर छन्दात्मक शैली समातेर काव्य रचना गरे लोकप्रिय तथा जनप्रिय बन्न सक्ने कुरालाई संकेत गर्दै यसरी लेख्छन् -

तिमी सङ्लिछौ स्वच्छ पानी समान ।

गरें छन्द राम्रो भनेरै बयान ।

असाध्यै मिठो भो सुनेको सभामा ।

छ यो आउँदै कर्ण प्यारो जमाना । (छन्दको भविष्य, पृ.१५)

जसरी सङ्लो पानी शुद्ध भइ पिउन योग्य हुन्छ त्यसरी नै छन्दको प्रयोग गरी लेखिएको काव्य कुनै सभा समारोहमा सुन्दा असाध्यै मिठो, कर्णप्रिय हुने हुँदा सबैलाई आनन्द प्रदान गर्ने साथै मनका दुःख पिडालाई हरण गर्ने भएकाले पनि काव्यमा छन्दको प्रयोग हुनु नितान्त आवश्यक छ । छन्दका विविध प्रकारले विविध लय समातेको हुनाले फरक फरक छन्दले फरक फरक अनुभूति समेत दिलाउँछ । त्यसैले बालबच्चादेखि बृद्धासम्म किसानदेखि सेठ महाजनसम्म सबैको मन फुरुङ्ग, दङ्ग पार्ने विषय छन्द नै भएकाले कवि यसो भन्छन् -

र लेखेर यौटा सनाएँ लयैले ।

ससाना फूरुङगै भए दंग ऐले ।

थिए छन्द लेख्ने विशिष्ट घटना ।

छ यो आउँदै कर्ण प्यारो जमाना । (छनदको भविष्य, पृ. १६)

यसरी कविले नेपाली काव्य क्षेत्रमा सबैको कर्णप्रिय छन्दको प्रयोग घट्दै गएको अवस्थाको चित्रण गर्दै छन्दको भविष्य अब कस्तो होला ? यसको प्रयोग होला कि नहोला ? भनि चिन्ता व्यक्त गरेका छन् साथै सबै काव्यकारले छन्दको प्रयोग गर्नुपर्ने संकेत समेत यस कविता मार्फत बुझ्नु जरुरी छ ।

### ४.७.९ अन्तिम विदाइ

कवि शर्माले यस कवितामा मानव जातिको अन्तिम अवस्थाको चित्रण गरेका छन् । मावन शरीर राम्रो, बलियो र हृष्टपुष्ट हुनका लागि विभिन्न पौष्टिक आहाराको आवश्यकता पर्छ । यो अवस्थामा विभिन्न रोगहरूले आक्रमण गर्छ, बल, तागत र पैसा सबै सकिन्छ, हातखुट्टा नचल्ने भई मूढो जस्तो मानव शरीर लडिरहन्छ, बोली हराएर जान्छ, खानपान छोडेर खाली पानीमात्र पियाउँछन्, सास हुँदासम्म आश हुन्छ भन्दै बचाउने प्रयत्नमा सबै लाग्छन् भनी कविले बुढेसकालको यथार्थ चित्रण यसरी उतारेका छन् -

चलेन गोडा चलिरहन्छ ज्यान ।
बोली गलामा जल मात्र पतन ।
सासै हुँदा लाग्छ सदैव आश ।
बचाउने निश्चय यो प्रयास । (अन्तिम बिदाइ, पृ. १७)

यसरी बचाउने प्रयास गर्दा गर्दै पनि समय पुगेको हुँदा कसैले मृत्युबाट बचाउन नसकेपछि अन्तिम विदाइको दवाइ स्वरूप दही र गंगाजल पियाउँछन् र केहीक्षण अघिसम्म मान्छे रहेको अब मरेकाले मूर्दा भन्नु पर्ने हुँदा सबैको दिल दुख्ने विचार दृष्टि कवि यस कवितामार्फत पेश गर्छन् । यसैगरी गाईको गोबरले भूँइ शुद्ध पारेर तिल, दुबो, कुश, तुलसी मञ्जरी पुष्प आदि सामग्री वरिपरि फिजाएर शवलाई सबै परिवारजनले घेरेर बस्छन् भने अरु परिवारलाई सम्झाउने प्रयत्नमा लाग्छन् । मृतात्मालाई परिवारजनहरू किन बोल्नुहुन्न अघि झैं बोल्नुन भन्दै अलाप विलाप गर्छन् भन्ने वास्तविकतालाई कवि यसरी उजागर गर्छन् -

रुयौ सबै तर्तर आशु झारी ।
सम्झाउँथे भित्र कुरा बटारी ।
बोल्नुन बाबा अघि झैं गरेर ।
बोली नहुँदा निदमा परेर । (अन्तिम विदाइ, पृ. १८)

हरेक मानवको दुःख सुखमा साथ दिनुपर्ने, मृत्युहुँदा मात्र प्रेमभाव देखाउने होइन भन्दै कविले यस कवितामा जीवनको अन्तिम क्षणको स्मरण गर्नुपर्ने, राम्रो काम गरेर जीवन व्यतित गर्ने, हरेक मानवको अन्तिम विदाइमा धेरै मान्छेले आँशु झार्ने कुरा व्यक्त गरेका छन् । मानवको अन्तिम विदाइ अत्यन्तै पीडादायक र दुःखदायी हुने कुरालाई उपजाति छन्दको मिठो लय समातेर काव्य रचना गरेकाले निकै उत्कृष्ट बनेको छ ।

### ४.७.१० भूकम्प

नेपालमा आएको २०७२ बैशाख १२ गतेको विनासकारी भूकम्पलाई आधार बनाएर रचना गरिएको 'भूकम्प' शीर्षकको कविता मन्दाक्रान्ता छन्दमा संरचित छ । नेपालमा बैशाख १२ र २९ गतेको विनासकारी भूकम्पले मानवीय जीवनमा पारेको पिडा, दुःख र छटपटी आदिलाई मूल विषय बनाएर कविले तत्कालीन अवस्थाको बारेमा चित्रण गरेका छन् । भूकम्पको दृष्यलाई नदेखिने तर अनुभव गर्न सकिने भूकम्प अचानक आएर पृथ्वी थरथर काम्दा कति मानिसहरू डराए कति कराए, कति जमीन भित्रै पुरिएर हराए, जमीन फाटेर धुजा, धुजा भयो तर यो आउने संकेत कसैले थाहा पाएनन् बरु गाई, मुसा, चराचुरुङ्गी, कुकुरले थाहा पाए होला । यसले सुरुमा गोर्खामा ठूलो क्षति पुऱ्यायो साथै काठमाडौं, सिन्धुपाल्चोक लगायत धेरै जिल्लाका घरहरू लडेर स-साना झुप्राहरू किचिए, हेर्दा हेर्दै शहर लाशको बगर भयो, सेना, पुलिस उद्धारका निम्ति निस्किए भन्दै कवि यसरी लेख्छन् -

दुख्यो गोर्खा अनि सुरु भयो फैलि हावा समान ।<br>
निस्के सेना, पुलिस, प्रहरी सूचनाका जवान ।<br>
ठूला ठूला घरहरू लडे थिच्चियो सानो थुप्रो ।<br>
हेर्दा हेर्दै शहर बगरै लासको देख्छु थुप्रो । (भूकम्प, पृ १९)

यस विपत्तिमा परेर लाखौं पशु प्राणीहरूले ज्यान गुमाउनुपऱ्यो, गाडी पल्टे, पसलहरू मिचिए, सम्म जमीन समेत भासिए, देश पुरै शोकाकुल बन्यो भने हजारौं घाइते भए, मर्ने बाँच्ने के कति गणना गर्ने समस्या पऱ्यो, सबै डर त्रासले छटपटाए भने महत्वपूर्ण सम्पदाहरू जुन विश्वसामु चर्चित थिए, ती सबै फेदैमा पुगे हजारौं मानिसहरू खाने बस्ने ठाउँ छाडेर भागे त्यति बेलै अविरल ठूलो वर्षाद भएकाले झन् त्रास माथि त्रास थपियो । सबै घर छाडेर चउरमा बस्न बाध्य भए त्यस्तैमा पुनः दोस्रो

ठूलो भूकम्प आयो झन् त्यसले देशमा आपत्ति छायो । देशमा जताततै सङ्कटै सङकट छायो, न राहत, न उपचार, न गाँस, न कपास, न धरहरा, न पुरातात्विक सम्पदा सबै लाथालिङ्ग भयो भन्दै कवि शर्माले यस्तो विपत्ति कहिले र कसरी आउँछ भन्ने कुरा जान्न नसकिने हुँदा जहिले पनि सचेत अवस्थामा नै रहनुपर्ने भएकाले अब निर्माण हुने भौतिक संरचना सरल, सहज, हल्का र पक्की अर्थात् भूकम्प प्रतिरोधात्मक तरिकाले निर्माण गर्दै प्रकृतिलाई बुझ्दै आ-आफ्नो मानव सभ्यतामा हाँसीखुशी रहनुपर्छ भन्ने विचार भाव यसरी व्यक्त गरेका छन् ।

कैले काँही विपत यसरी आउने गर्छ कस्तो
होसियारी हुनु छ जहिले बिर्सनै हुन्न यस्तो
बस्ती राम्रो सहज सरलै पक्कि बनाऔं
सारा मान्छे प्रकृति बुझ्दै सच्यतामा रमाऔं ।

यसरी यो कविता कविले भूकम्प जस्तो प्राकृतिक प्रकोपले निम्त्याउने सङ्कट र त्यसबाट बच्ने उपायका बारेमा मन्दाक्रान्ता छन्दको प्रयोग गरेर रचना गरेका छन् ।

### ४.७.११ महाकवि लक्ष्मीप्रसाद देवकोटा

कवि शर्माले 'महाकवि लक्ष्मीप्रसाद देवकोटा' शीर्षकको कविता मार्फत् देवकोटाले नेपाली साहित्यमा दिएको योगदानको चर्चा गरेका छन् । देवकोटाले काव्य यात्रामा दिएको योगदान स्वरूप केही दिन नसके पनि शब्दले मात्र भए पनि श्रद्धाञ्जलि दिन सकिन्छ भन्दै देवकोटाको जन्म हुनमा सबैले गर्व गर्नुपर्ने कुरालाई कवि शर्माले यस कविता मार्फत चर्चा गरेका छन् । देवकोटालाई महाकवि भन्नुमा अरु कवि भन्दा धेरै र काव्यिक गुणले युक्त कविता लेखेकाले अत्युक्ति नहुने कुरा प्रष्ट हुन्छ । देवकोटाको जीवनकाल धेरै रहन सकेन तर पनि नेपाली साहित्यमा अरुलाई प्रेरणा दिन भने उनले नमुनाको रूपमा देखा परेको र मान्छे ठूलो बन्न दिल खुला हुनुपर्ने जस्ता देवकोटाको विचार भएकाले पनि उनी महान बन्न सकेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

छोटो छ जीवन र ज्यून थिएन धेर ।
साहित्य सेवक तिमी नमुना बनेर ।

मान्छे महान छ खुला दिन साधनामा ।

जाती र जात पछिका कविका कलामा । (महाकवि लक्ष्मीप्रसाद देवकोटा, पृ.२१)

पुष्पले जसरी सुवासना छर्छ त्यस्तै मुनामदन खण्डकाव्य पनि आफ्नी आमाले कहने व्यथा जस्तै उत्कृष्ट रहेको छ भने देवकोटाका काव्यले सबैलाई आनन्द दिलाउन सक्ने छन् भन्दै कविले गुणगान गएका छन् । आजको मान्छे गुदी विनाको खोक्रो र आडम्बरी बनेर आधुनिकताको नाममा फेसन देखाउने केही कुरा नबुझ्ने कुरालाई कविले व्यङ्ग्य वाण प्रहार गरेका छन् ।

## ४.७.१२ मानवीय व्यवहार

मानवीय व्यवहार शीर्षकको कवितामा कवि शर्माले मानव-मानव बीचको व्यवहार अति नै घनिष्ट हुनुपर्ने तर पैसा पाए छलकपट गरेरै भएपनि मान्छेले मान्छेलाई बेच्ने, कालो धन्दा गरी धन आर्जन गर्ने, दाजु भाइको कहिल्यै मेलमिलाप नहुने, गर्नेलाई भन्दा देख्नेलाई लाजमर्दो अवस्था, आउनु भ्रष्टचारी मान्छे कमिसनकै भरमा ऐस आराममा रहनु तर सच्चरित्र भएको मान्छेलाई कहिल्यै पनि अवसर नदिने तलको तलै पार्ने जस्ता भ्रष्ट प्रवृत्तिलाई निदान गर्ने प्रयत्न कसैले नलिएको चिन्ता व्यक्त गरेका छन् ।

देख्नेले लाज मान्यो त्रुटि रहित न छौं गन्ध दुर्गन्ध आयो ।

फोहोरी भष्ट्र मान्छे कमिसनहरूले ऐस आराम पायो ।

फेदैमा हुन्छ सच्चा अलिकति उठ्ने छैन मौका दिएनौ ।

फाटेको बक्ष देख्छौं तर पनि सिउने यत्न तिम्ले लिएनौ । (मानवीय व्यवहार, पृ. २३)

देशका ठूला भनिएका मान्छे गाउँ छाडेर शहर पसेको तर गाउँ बस्तीको दुःख कष्टलाई कसैले पनि वास्ता नगरेको, जिम्मेवारी बोध नभएको, आफ्नो कार्यमा विचलित नभई अडिग रहने उदाहरण केही नभएको, सोझा साझा, अनाथ, गरीब, महिला बालबच्चा, बृद्ध, रोगी आदिको गुरुहरू, आमाबुबा सहयोगी हुनुपर्ने, ऋषिमुनीहरूले दिएको अर्ती उपदेशलाई मानव सेवामा लागाउपर्नेमा तर उल्टै विद्वान् देशवासीहरू भने अरूको हितमा नलागेर स्वार्थी प्रवृत्ति देखाउने गरेको पाइन्छ । यसरी आफ्नो कर्तव्यका बारेमा वेवास्ता गरेको हुँदा देश विपत्तमा परेको, सेवा भन्दै लोभ्याउँदै गिद्धे दृष्टि

लगाएको हुँदा यस्तो व्यवहार छाडेर मानवीय एकताले चहकिलो वत्ती बाल्न र पुर्खाको मान राख्न सबै एकठाउँ उभिनुपर्ने बिचारलाई कविले निकै रोचक रूपमा प्रस्तुत गरेका छन् ।

आजको युगमा मानवता हराउँदै गएको अवस्थामा मान्छे मान्छे बीचको व्यहार सुधार गर्नु, बुद्ध, जनक, अरनी जस्ता सत्य आत्मा भएका मानिस यस धर्तीमा जन्मनुपर्ने विचार कवि यसरी व्यक्त गर्छन् ।

मानवता ह्रास बढ्दै जलसरि बगिए रोक्न कस्ले सकौला ।
हाम्रो आदर्श राम्रो युग युग पछि यो खोज्न कहाँ पसौला ।
मान्छेको मानवीयै चलन अमर हो कामना यो कलामा ।
सत्यात्मा बुद्ध जस्तै जनक अरनि भै आउ कोही धरामा ।(मानवीय व्यवहार, पृ.२४)

यसरी कविले मानवता र मानव जीवनको व्यख्या गर्दै कविले मानवीय व्यवहार शीर्षकको कविता स्रग्धरा छन्दमा लेखेका छन् । मान्छेले मान्छेको पहिचानहीन मानवीय व्यवहार गर्न जरुरी छ भन्ने भाव यस कविता मार्फत विचरित भएको छ ।

### ४.७.१३ मान्छे र कविता

यस कवितामा कविले मान्छे र कविता बीचको सम्बन्धलाई उजागर गर्न खोजेका छन् । नयाँ कुराहरू छानेर सुझ बुझका साथ कविताका गणहरू जानेर र विभिन्न लय निकालेर यात्रामा निस्कँदा समेत गुनगुनाउनु पर्ने विचार प्रस्तुत गरेका छन् । मान्छेको बोलीवचन राम्रो हुनुपर्ने, भविष्यमा गएर काम गर्न नसकेकोमा पश्चाताप् गर्न नहुने कुरा प्रस्तुत गर्दै दृढ इच्छाका साथ असल बन्न अगाडि बढ्नुपर्ने विचार यसरी प्रस्तुत गरेको पाइन्छ ।

र हृदय खोली सुमधुर बोली ।
दृढ गरु बाचा बनिनु छ ताजा ।
तन मन लाऔं र नपछुताऔं ।
लघु गुरु मात्रा कुसुमविचित्रा । (मान्छे र कविता, पृ.२५)

यसै गरी सानो भएर पनि सबैले मन पराउने बन्नु, कसैको बिरानो नबन्नु, परिश्रम गरेर मात्र खाने बानी बसाल, अर्काको छलकपट गरेर नहिड्नु जस्ता विषयलाई यस कविताले प्राथमिकता दिएको पाइन्छ । साथै मान्छेले कवितामा एक किसिमको रसस्वादन गर्न सक्छ ती कुरालाई आफ्नो व्यवहारमा उतार्न हरेका कविता पढेर वास्तविक बुझ्नुपर्ने यथार्थलाई समेत सङ्केत गरेको पाइन्छ । कविता विधा साहित्यका सबै विधा भन्दा जेठो र सबैले मनपराउने विधा भएकाले गति, यति, लय, सुर, ताल, गण आदि सम्पूर्ण मिलाएर मान्छेले लेख्ने र पढ्ने गर्नुपर्ने र हाँसी खुसी साथ रमाउनुपर्ने विचार पनि यस कवितामा पाइन्छ ।

सर सर लेखौं खर खर बाचौं ।
रस रङ जानौं सुर लय, तानौं ।
खित खित हाँसौ छमछम नाचौं ।
गति यति यात्रा कुसुम विचत्रता । (मान्छे र कविता, पृ. २५)

कविले मान्छे र कविता बीचको सम्बन्ध एकआपसमा अन्योन्याश्रित रहेको छ भन्दै कुसुमविचित्र छन्दमा यो कविता लेखेर सबैको मन छुन कवि सफल भएका छन् ।

### ४.७.१४ नेपाली हुन

द्रुत विलम्बित छन्दमा लेखिएको 'नेपाली हुन' शीर्षकको कविता मार्फत कविले नेपाली भएर गर्व गर्न सक्ने बन्नुपर्ने कुरालाई प्रष्ट पारेका छन् । सबै नेपालीहरू दुःखी, गरीब भएकै कारण नयाँ काम गरेर आयआर्जन बृद्धि गरी आफ्नो घर व्यवहार राम्रो बनाउन विदेश गएको कुरालाई खण्डन गर्दै हामी यदि नेपाली हूँ र नेपाली भएको मनपर्छ भने विदेश नजाऔं बरु नेपालमै यस्ता रोजगारीका अवसरहरूको व्यवस्था मिलाऔं भन्ने सन्देश पनि यो कविताबाट लिन सकिन्छ ।

घर छ सानु र आय बढाउँला ।
नविन काम गरेर सजाउँला ।
कति गर्यो र नजाऊ विदेशमा ।
अब मिलाउन लागि प्रबन्धमा । (नेपाली हुन, पृ. २७)

नेपालीहरू सहासी बनेर खराब प्रवृतिको निर्मूल पार्नुपर्ने नयाँ उन्नति र प्रगतिमा दृढताका साथ लागि नेपाली हुनको परिचय दिन सक्नुपर्छ भन्दै लखन थापा र भानुभक्त जस्ता व्यक्ति बनेर राष्ट्रलाई बिग्रनबाट बचाउनु पर्ने संकेत दिएका छन् । विविधतामा एकता भएका नेपालीहरू अब जोस जाँगरका साथ उन्नति र प्रगति गर्न कम्मर कसेर जुट्नुपर्ने नेपाल र नेपालीलाई चिलाउनु चालचलन, परम्परा, मूल्य मान्यता, सांस्कृतिक, धार्मिक र ऐतिहासिक सम्पदाहरूको संरक्षण र जगेर्ना गरौं यही नै नेपालीहरूको भविष्य हो । विश्व सामु चर्चित बनेर वीर र धैर्यताको पहिचान दिन सक्नु नै नेपाली हुनको गौरव हो भन्दै कविले यस कविता मार्फत प्रस्तुत गरेका छन् ।

चलन संस्कृति मूल्य परम्परा ।
शिखर लाल पहाड यही धरा ।
र धरती पहिचान दिने हिरा ।
म जननी अब पाउँ हराभरा । (नेपाली हुन, पृ .२८)

यसरी कविले यस कविता मार्फत नेपाली भएर नेपाल र नेपालीहरूलाई विश्व सामु चिनाउन आफ्नो वीरताको पहिचान दिन सक्नुपर्ने सन्देश दिएका छन् ।

### ४.७.१५ कता गैरहेका छौं हामी

अधम कविता संग्रहमा संग्रहित यस कविता मार्फत कविले सम्पूर्ण मानिसलाई आ-आफ्नो धर्म, संस्कृति, परम्परा, चाडपर्व, देवी देवता, रहनसहन, भेषभुषा आदिलााई नछोड्न साथै यसको जगेर्ना गर्न आह्वान गरेका छन् । यहाँ रहेका ज्ञानी, साधु, सन्त, ऋषिमुनी, व्यासले ल्याएको पूर्वीय सभ्यतालाई विर्सिएर स्वर्ग समान रहेको संस्कृति छाडेर हिडेकाले कवि चिन्तित बनेका छन् र यसरी भन्छन् -

स्वर्ग झै पूर्वको सभ्यता संस्कृति ।
मोल नै छैन यी व्यासका सम्पत्ति ।
छाडि ज्ञानी ऋषी साधु बानीहरू ।
लौ कता गैरहे छौ त हामीहरू । (कता गैरहेका छौं हामी, पृ. २९)

यसरी हामीले पूर्वीय सभ्यतालाई बिर्सिएर पाश्चात्य सभ्यतामा रमाउनु हुँदैन, आफ्नै फूलहरू फूलाएर अगाडि बढ्नुपर्छ नत्र हामी सबैले दुःख, कष्ट, पाउने छौं भन्दै कवि त्यागी बन्नुपर्ने, स्वार्थ छोड्नुपर्ने, माल पाएपछि त्यसलाई चिन्न सिक्नुपर्ने विचार यसरी व्यक्त गर्छन् ।

बास त्यागी गयौं अझ टाढी रयौं ।

जान्न के जानियो स्वार्थ रोजीरयौं ।

माल पाएर यो चाल भुल्नेहरू ।

लौ कता गैरहेछौं त हामीहरू । (कता गैरहेका छौं हामी, पृ. ३०)

यसरी स्रग्विणी छन्दमा विरचित यस कवितामा कविले हामी हाम्रो संस्कृति, रीतिथिति र परम्परा छोडेर कता गइरहेका छौं भन्ने प्रश्न गरेका छन् । साथै यो कविता मार्फत कविले हामीलाई हाम्रो संस्कृति, परम्परा रीतिथिति नछोड्न समेत आग्रह गरेका छन् ।

### ४.७.१६ लैना सुधा गाई

शार्दूलबिक्रिडित छन्दमा रचना गरिएको यस कवितामा कविले यस राष्ट्रका शासक वर्गलाई व्यङ्ग्य गर्दै यस्ता ठूला टाउके भनाउँदाहरूले सोझा सिधा नेपाली जनताहरूलाई आफ्नो स्वार्थका लागि हतियार बनाएको यथार्थलाई अत्यन्तै तीक्ष्ण बाण प्रहार गरेका छन् । भोक भोकै मर्न लागेका जनताहरूलाई गाउँको विकास गरेर इच्छा आकाङ्क्षा पूरा गर्ने भनेर छाँटीरहेको भन्दै यस्तो स्वाद फेर्ने स्वार्थी प्रवृत्तिले देश जीर्ण भएको कुरालाई संकेत यसरी गरेका छन् ।

कोही भोकले तरकनै अज्जिर्ण कोही भए ।

गर्छौं गाउँ विकास भोलि शहरै बोलेर चिप्लो घसे ।

राष्ट्रै बन्छ भनेर मख्ख म परें आफू न ऐना बनें ।

खाए स्वाद लिए दुहेर जनता लैन सुधा गाई रे । (लैना सुधा गाई, पृ. ३१)

यसरी जनतालाई लैना सुधा गाई रूपी सधैं जोतिरहे, आफ्नै हित र भलाईका खातिर नेताहरू हिंडिरहे, झुटा अश्वासन र लोभ लालचामा फसाएर जनतालाई

शोसिरहे भने ती नेताका मिठा र सुरिला भाषणमा सबै जनताहरू फसिरहे भन्दै कविले निर्धा र निमुखा जनता कहिल्यै अघि बढ्न नसक्ने तितो यथार्थलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरेका छन् । यस्तै चेलीबेटी बेचविखन, बलात्कार, भ्रष्टाचार जस्ता कामहरू समेत आफैं गरेर त्यसको सजाय समेत दिने कोही नभएर रमाइ रमाइ जनता चुस्दै बसे, आफू आफू बीच झगडा गरे, पार्टी फुटाएर गुठ उपगुठ तयार गरेर कानुनलाई अन्धो सावित गरे भन्दै कविले चिन्ता व्यक्त गरेका छन् । धर्म कर्म गर्ने, समाजसेवी सबै पछि परे भने दुष्ट, खराब व्यक्ति अघि सरे साथै बालबच्चा, बृद्धवृद्धा, अनाथ, असहाय, निमुखा, अशक्त आपदको सेवा गर्ने कोही भएनन् सबै आफैं मात्र स्वाद लिने भए भनेर आजको देशको विषम राजनैतिक चलखेलको अवस्थालाई यसरी व्यक्त गरेको पाइन्छ ।

धर्मै काम कमी भए पछिपरे पापी अगाडि सरे ।
बालै बृद्ध सबै अनाथहरूको सेवा नकोही गरे ।
याद छैन अशक्त को र छ यहाँ बाँचे नबाँचे मरे ।
खाए स्वाद लिए दुहेर जनता लैन सुधा गाई रे । (लैना सुधा गाई, पृ. ३२)

यसरी कविले यस कविता मार्फत सोझा सिधा जनतालाई आँखामा छारो हाल्दै आफ्नो स्वार्थ पूरा गर्न सत्ता लोलुपमा लागेका राजनैतिक दलका नेताहरूलाई व्यङ्ग्य प्रहार गरेका गरेका छन् । साथै यस्ता नेताहरूलाई अब जनताले बुझेर परास्त गर्नुपर्ने संकेत समेत दिएका छन् ।

### ४.७.१७ नदी

उपजाति छन्दमा रचना गरिएको यस कवितामा कवि शर्माले नदीको विशेषता र यसको महत्वको बारेमा प्रकाश पार्न खोजेका छन् । प्रथम पुरुष शैलीमा लेखिएको यो कविता नदीको महिमा र यसले दिएको महत्वरूपी फाइदाका विषयमा केन्द्रीत रहेको छ । नदी अरु खोला खोल्सा र खहरे जस्तो बर्षादमा उर्लने र अरुबेला सुकेर पानी नहुने होइन यो सधैं एकनासले भिर पाखा, खोँच हुँदै निरन्तर फोहर मैला किनारा लगाउँदै स्वच्छ भएर उत्तरबाट दक्षिणतिर बग्ने गर्छ भन्दै यसको विशेषतालाई कवि यसरी लेख्छन् -

म भेल झै हैन बढेर उर्लदो ।

वर्षादमा मात्र सुसाइ कुर्लदो ।

सहन्न मैला न कुनै कसिंगार ।

किनारमा छाडि म बग्छु निर्झर । (नदी, पृ. ३३)

नदी नित्य रूपले घटबढ नभइ एकै नासले निरन्तर बग्ने र वरिपारि क्षति नगर्ने भएकाले न गाली न ताली जस्तो हुने सबै प्राणीलाई शीतल र तिर्खा मेट्न हर्दम तयार रहेको हुनाले चन्द्रमाको उपमा समेत दिएको छ । सबै जलचरको आश्रय स्थल पनि नदी नै रहेको, मेघमा बदलिएर सम्पूर्ण प्राणीको हितका लागि पृथ्वीमा बर्सने सिचाइमा जतातत‍ै लगेर पनि नसकिने तथा प्राणीहरूको प्राण बचाउने हुनाले यसको महिमा ठूलो रहेको कुरालाई कवि यसरी लेख्नछन् -

म प्राण प्राणीहरूको बचाउँला ।

महत्व मेरो बुझि लेउ यो कुरा ।

नदी तिमीमै कविता सजाउँला ।

सारा यसले रसिलो बनाउँला । (नदी, पृ. ३४)

यसरी कविले यस कविता मार्फत् नदीले प्राणी जगत्मा पुऱ्याएको फाइदा र यसको आवश्यकता विषयलाई लिएर चर्चा गर्दै नदीले नै सारा प्राणीलाई जीवन दिएको र यसको अभावमा प्राणीको अस्तित्व समेत नरहने संकेत गरेका छन् । यसको महत्वलाई सम्पूर्ण मानवले बुझ्नुपर्ने कुरो समेत यसमा बताएका छन् ।

## ४.७.१८ नारी

विद्यून्माला छन्दमा रचना गरिएको यस कवितामा कवि शर्माले नारीलाई समाजले हेर्ने दृष्टिकोणका बारेमा प्रकाश पार्न खोजेका छन् । कालीका भक्त भएका तर नारीलाई भने देखि नसहने कुरालाई कवि यसरी व्यक्त गर्छन् -

भन्छौं देवी काली हाम्री ।

ल पर्छौं देख्दा राम्री ।

पूजा गर्छौं भाका हाली ।

जस्तो लाग्यो कामै जाली । (नारी, पृ.३५)

हाम्रो पितृसतात्मक समाजमा छोरालाई गर्ने व्यवहार र छोरीलाई गर्ने व्यवहारले गर्दा छोरा र छोरीप्रतिको सामाजिक संस्कार फरक रहेको पाइन्छ । छोरी भए गर्भमै हत्या गर्ने यदि जन्मि गएपनि नराम्रो मान्ने साथै आमाको दोष भन्दै हेप्ने प्रवृत्तिले नारीको सम्मान घट्दै गएको छ । हाम्रो समाजमा छोरालाई भने राम्रो शिक्षा दीक्षा दिने नारी भन्दै माया ममता दिने गर्छन् भने छोरीलाई बेचबिखन गर्ने, अपहरण गर्ने, घरमा सासुले नराम्रो व्यवहार गर्ने तथा ज्युँदा नारीलाई हेला होचो गर्ने जस्ता अमानवीय व्यवहार गर्नाले पनि नारीहरू समाजबाट उपेक्षित भएर बाँच्नु परेको यथार्थलाई चित्रण गर्दै ढुंगामा द्यौता भन्दै आमा, छोरी र पत्नीलाई प्यारो मानिन्छ तर वास्तविक नारीलाई भने हेला गर्ने प्रवृत्ति यस कवितामा कविले व्यक्त गरेका छन् । नारी मुक्ति भन्ने तर वास्तविकता भने त्यसको ठीक उल्टो रहेको कुरालाई कवितामा यसरी व्यक्त गर्छन् :-

यै हो पूजा गर्ने अर्थ ।
ज्यानै सुक्ने बस्दा वर्त ।
नारी मुक्ति भन्ने गर्छ ।
हेप्ने बानी पुस्ता सर्छ । (नारी, पृ. ३६)

कविले यस कवितामा नारीलाई हेर्ने र पुरुषलाई हेर्ने दृष्टिकोण फरक रहेको कुरा उल्लेख गर्दै नारी मुक्तिका लागि यसलाई परिवर्तन गरी एउटै बनाएर समान रूपले नारी पुरुष सम्पूर्ण एकै हुन् भन्ने विचार अघि सार्दै हेप्ने प्रवृत्ति अरु पुस्तामा अब कदापि सार्नु नहुने विचार व्यक्त गरेको पाइन्छ ।

### ४.७.१९ रक्सी

रक्सी शीर्षकको यो कविता कविले चम्पकमाला छन्दमा संरचना गरेका छन् । यस कवितामा रक्सीको नसाले गर्दा सम्पूर्ण व्यवहार बिर्सिएर त्यसैपट्टि लम्पट हुने मानवीय प्रवृत्तिलाई कविले ओकलेका छन् । साथै रक्सीको नराम्रो विशेषताले गर्दा समाजमा वैरभाव, अशान्ति, कोलाहल, विकृति, विसङ्गति, अमानवीय व्यवहारहरू बढ्दै गएको प्रति चिन्ताव्यक्त गरेको पाइन्छ । हेर्दामा पानी जस्तै देखिने तर सबै त्यसकै भक्त जस्तै बनिसकेको अवस्थामा यसलाई सेवन गर्नेहरू यसरी लिन्छन् :-

मिल्दछ साथी प्यून बसेका ।

तारिफ गर्ने गर्छ सबैका ।

बाहिर राम्रो भित्र कुहेको ।

शेष नराखी प्यूछ दिएको । (रक्सी, पृ. ३७)

आफ्नो स्वास्थ्यलाई हानी पुऱ्याउने र आफ्नो इज्जत मान प्रतिष्ठा समेत गिराउने यो रक्सी पिएपछि आफ्नो आङको लुगा छिरेको समेत थाहा पाउँदैन भने बोली वचन पनि कसैले नबुझिने हुन्छ र सबै मानिसहरू हाँस्छन् यो खराब मद्यपान गर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने विचार रहेको छ । रक्सी सेवन गर्नेलाई फोहोर मैलाको वास्ता नै नहुने, सुत्ने वेड भने नाली र बाटो हुने, मध्य रातमा मात्र घरमा आउने, श्रीमती छोराछोरी सबै डरमा बस्नुपर्ने, के के न जान्ने जस्तो भएर फूर्ति दिने, स्वास्नी छोराछोरीलाई छुट्ने, घरमा कलह गर्ने जस्ता विशेषताले गर्दा घर कंगाल हुने, सम्पत्ति सकिने घरमा सधैं युद्ध हुने, स्वास्थ्य बिग्रने, इज्जत, मान, प्रतिष्ठा गिर्ने हुन्छ भन्दै कवि यसरी लेख्छन् :-

हालत पार्यो त्यो घरलाई ।

सम्पत्ति सक्ने यो छ दबाई ।

युद्ध छ खाली हेर तमासा ।

बस्दछ मध्यैपान पिपासा । (रक्सी, पृ. ३८)

यसरी कविले रक्सी पिउने व्यक्तिको घर व्यवहार लथालिङ्ग हुने, यसले को आफ्नो को बिरानु नछुट्याउने हुनाले गर्दा खराब प्रवृत्तिको संगत गर्नुनहुने कुरा प्रष्ट रूपमा उल्लेख गरेको पाइन्छ । त्यसैगरी फेरि पैसा कमाउन सकिन्छ तर गुमेको इज्जत फेरि कमाउन सकिन्न भन्दै चिन्ता व्यक्त गरेको पाइन्छ ।

### ४.७.२० राष्ट्र बन्छ बलियो

स्वागता छन्दमा रचना गरिएको यस कवितामा कविले राष्ट्र बलियो बनाउन गर्नुपर्ने काम कुरालाई उल्लेख गर्दै सबै एकजुट भएर लाग्नुपर्ने सन्देश दिएका छन्. । विभिन्न जात जातिको फूलबारी भएको साथै हावापानी उपयुक्त रहेको नेपालमा सबै मिलेर गएमा राष्ट्र समृद्ध बन्ने कुरालाई संकेत गरिएको छ । समयमा नउठे र काम गर्न

अघि नबढे राष्ट्र कमजोर हुने र यसका लागि सबैले यश फैलाउने गरी काम गर्नुपर्छ भनिएको छ । देशमा रहेको सम्पत्तिको जगेर्ना गर्न र धन कमाएर विकसित राष्ट्र बनाउन सबै एकताबद्ध भएर लाग्नुपर्छ यदि सम्पत्ति नभएर लम्पसार पर्दा कसैले पनि सहानुभूति समेत दिदैन भन्दै कवि यसो भन्छन् :-

जुट्नुपर्छ अबता अति चाँडो ।

रित्तिदैन धनको अनि भाँडो ।

भन्छ को तै विचरो पर ढल्दा ।

राष्ट्र बन्छ बलियो सब मिल्दा । (राष्ट्र बन्छ बलियो, पृ. ३९)

जसले सजिलैसँग काम गर्छ उसले वीरताको पहिचान सजिलै पाउन सक्छ यदि देशका युवाहरू विदेशतिर पलायन भए राष्ट्र बन्ने कल्पना गर्न नसकिने हुँदा देशमै युवाशक्तिको प्रयोग गरेर उद्योग धन्दा सञ्चालन गर्नुपर्ने कुरालाई कविले व्यक्त गरेका छन् । यसैगरी अन्य देशले कुदृष्टि लगायो भने देशका सबै मानिसहरू गोलबद्ध भएर त्यसको प्रतिकार गर्न जुट्न सके मात्र देश शक्तिशाली बन्छ भन्दै देश बलियो भए मात्र सबैले सुख पाउने कुरा कवि यसरी गर्छन् :-

देश बन्छ गतिलो सुख पायो ।

लोकतन्त्र जगमा अब आयो ।

दुःखका जड बढेर छिमल्दा ।

राष्ट्र बन्छ बलियो सब मिल्दा । (राष्ट्र बन्छ बलियो, पृ. ४०)

यसरी कविले यस कविता मार्फत राष्ट्र बलियो बनाउन सम्पूर्ण नेपाली बासीहरूको व्यवहारमा सुधार आउनुपर्दछ । राम्रा कुराको सिको गर्दै नराम्रा कुरालाई त्याग गर्न सक्नुपर्ने सन्देश दिएको पाइन्छ । अब सम्पूर्ण जनता एक ढिक्का भएर काममा लाग्नुपर्छ भन्दै देशको चिन्ता व्यक्त गरेका छन् ।

### ४.७.२१ वन

तोटक छन्दमा रचना गरिएको 'वन' कविता यसको महिमा, विशेषता र महत्वमा केन्द्रित छ । वन र प्राणीबीचको सम्बन्ध घनिष्ट भएको कुरालाई नै कविले

मूल विषय बनाएर यो कविता रचना गरेका छन् । वनले चराचुरुङ्गीको वासस्थान, आहारदेखि जङ्गली जनावर हात्तीको वासस्थान, आहार, विहार र मानिसका सम्पूर्ण व्यवहारमा अत्यन्तै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । बनले भेलबाढी नियन्त्रण गरेर भू-क्षय समेत न्यून गर्न सहयोग पुऱ्याइरहेको हुन्छ र यसको मूल्य बुझ्न सके यो देशको ठूलो धनराशी हो भन्दै कवि यसरी व्यक्त गर्छन् -

चरिका गुँड वा गजका सुँडमा ।
जनका मुखमा सबका सुखमा ।
न त भेल बगे न त भूमि लडे ।
वन जंगल सम्पत्ति मूल्य बुझे । (वन, पृ. ४१)

वनको मूल्य बुझ्न सके यसमा फलफूल, पानीको स्रोत, इन्धनको रूपमा प्रयोग गरिने काठ, दाउरा, जडिबुटी, पशुको आहारा घाँस आदि प्रशस्त पाइने र यसैको परिचालनबाट नै मानिस र अन्य प्राणीका सम्पूर्ण आवश्यकता पूर्ति गर्न सहज हुने कुरालाई कविले यस कविता मार्फत प्रस्तुत गरेका छन् । वन सम्पदा नै देशको अर्थतन्त्रको मेरुदण्ड हो । त्यसैले यसको विकास र संरक्षणमा लाग्नुपर्छ भन्दै यसको नष्ट गर्ने जो कोही पशु समान हुने कुरालाई यस कवितामा प्रस्तुत गरिएको छ :-

वन इन्धन गोठ र छादन हो ।
वन शितल ओतन औषधी यो ।
अझ आयु दिने यमराज नि हो ।
वन नष्ट गरी भिज्ने पशु हो । (वन, पृ. ४२)

यसरी मानव जीवनको हरेक व्यवहारमा हरदिन आवश्यक पर्ने वन मानवको प्राणवायु हो । यसबाट प्राप्त अक्सिजनले मात्र मानव जीवित रहनसक्छ भन्दै शीतलताको रूपमा रहेको वन सम्पदाको सबैले जगेर्ना गर्न सिक्नुपर्ने विचार भाव व्यक्त गरेको पाइन्छ ।

### ४.७.२२ नयाँ संविधान

'नयाँ संविधान' शीर्षकको कविता शालिनी छन्दमा रहेको छ । देशको मूल कानुनका रूपमा रहने संविधान राष्ट्र चलाउने प्रमुख आधार भएको हुनाले यसको निर्माण गर्दा सम्पूर्ण जनताको समस्या समाधान हुने र राष्ट्र संमृद्धशाली हुने खालको बनाउनु उपयुक्त हुने कुरालाई कविले व्यक्त गरेका छन् ।

बादे बादे वर्ष धेरै गएका ।

देखी जन्ता तत्ज ज्ञानै लिएका ।

बन्ला बन्ला आशमा थ्यो विधान ।

सबका हित्मा हुन्छ यो संविधान । (नयाँ संविधान, पृ. ४३)

धेरै वर्ष अघिदेखिका जनताका राय सुझावलाई लिएर संविधान बन्ने र जनताका हितमा हुने कुरालाई यस कविताले स्वीकारेको पाइन्छ भने डोरी बाट्नको लागि जसरी त्यान्द्रा त्यान्द्रा पराल भेला गर्नुपर्छ त्यसरी नै नेता नेता बीचको एकताबाट नै जनताले रोजगारीको अवसर पाउने र जे लेखेको छ त्यो पूर्ण रूपमा लागू हुने कुरामा दुईमत छैन । त्यसैले गर्दा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका सम्पूर्ण नेपालीलाई एउटै सूत्रमा बाँधेर लाने खालको संविधान बनाइ कोसेढुङ्गाको रूपमा सावित गर्न देश सञ्चालनको अभिभारा बोकेका पार्टीका नेताहरू तन, मन, वचनका साथ लाग्नुपर्ने कुराको संकेत यस कवितामा पाइन्छ ।

शान्तिको दस्तावेज संविधान भएकाले भ्रष्टचारीलाई खोजीखोजी हटाउनुपर्ने र राष्ट्रसेवक कर्मचारी साथै देशका शासक वर्गमा रहेको लोभ लालचा हटाइ सुनौलो विहानी छर्न सक्नु नै संविधानको मूल मर्म हो भनिएको छ । त्यसैले पार्टीका नेताहरू सत्ताको लोभमा फसेर होइन स्वार्थ त्यागेर हाम्रो र राम्रो देश बनाउन लाग्नुपर्ने हुन्छ । देशमा रहेका प्राकृतिक स्रोत साधनको सही परिचालन गर्दै उद्योग धन्दा खोली नेपाली जनतालाई रोजगारीको अवसर प्रदान गरेर सबैको हति कल्याण हुने दिशातिर लाग्नुपर्ने हुन्छ । आफ्ना स्वार्थलाई अगाडि सारेर देश विखण्डन तिर नलागौं बरु सानातिना कुरालाई छाडेर राष्ट्रिय हितका खातिर लाग्दै नौलो विहानी ल्याउन तेरो र मेरो भावना

छोडी हामी र हाम्रो विचार ल्याउनुपर्ने कुरालाई यस कवितामा कवि यसरी व्यक्त गर्छन् :-

आशा राखौं आउ नौलो विहानी ।

पेशा कर्मी हीत गर्ला किसानी ।

छाडौं साथी सानु थोरै जडान ।

तेरो मेरो हैन यो संविधान । (नयाँ संविधान, पृ. ४४)

यसरी नयाँ संविधान मार्फत कविले सबै नेपालीहरूको हितमा संविधान बनोस र यसको कार्यान्वयन एकताबद्ध भएर लाग्नुपर्ने, सानातिना विषयलाई लिएर देशलाई अनिर्णयको बन्दी बनाउन नहुने चिन्ता व्यक्त गरेका छन् ।

### ४.७.२३ विषादिको प्रयोग

कवि शर्माले 'विषादिको प्रयोग' शीर्षकमा रहेको कविता रथोद्धता छन्दमा संरचना गरेका छन् । यस कवितामा कविले विषादिको प्रयोग दिनप्रतिदिन बढ्दै गएको र यसको प्रयोगमा नै कृषकहरू रमाएको विषयलाई प्रष्ट रूपले उल्लेख गरेका छन् । विषादिको प्रयोगले कृषकले लगाएको बालीनाली छिट्टै फल्ने आम्दानी दिने भएकाले यसमा आकर्षण बढेको हो भन्दै लोभले लाभ लाभले विलाप भनेझैं यसको अत्यधिक प्रयोगले स्वास्थ्यमा नराम्रो असर पार्ने कुरा पनि यसमा आएको छ । कृषकहरूलाई छिट्टै र धेरै आम्दानी चाहिने हुनाले यो बाटो रोजेको पाइन्छ ।

मोह बढ्दछ उसै त दिन्दिनै ।

साँच्चि यो अमृत झै थियो किन ?

सागपात फलफूल अन्नमा ।

रम्छ जो कुरूपता विषादिमा । (विषादिको प्रयोग, पृ. ४५)

यसैगरी कृषकहरूले विषादिको दीर्घकालीन असर र त्यसले निम्त्याउने रोगहरूको बारेमा ज्ञान नभएर नै हो कि ? नबुझेर हो धेरै र चाँडै फलाउने उद्देश्य लिएर अन्नबाली, फलफूल, सागसब्जी आदिका चिचिलामा नै खोप लगाउने गर्छन् । छिटो छिटो धन कमाउने सोचमा विषादिले स्थान पाएको छ । तर यसको नकारात्मक

असर भने धेरै छन् । जस्तै : रगत, छाला, पेट, मुटु, स्वासप्रश्वास, आँखा, बाथ जस्ता रोगहरूले मानिसलाई दुःख कष्ट दिएर मानिस अपाङ्ग समेत पार्न सक्छ त्यसैले यसको प्रयोग अन्त्य गरी विषादी मुक्त बाली बनाउनुपर्छ भनिएको छ । किरा र रोग नियन्त्रणदेखि फलाउने सम्मका विषादिले मानव स्वास्थ्यमा भने घातक सिर्जना गर्न सक्छ त्यसैकारण यसको विकल्प खोजी गर्नु बुद्धिमानी भन्दै तमाम कृषकहरूलाई यसमा नफस्न आह्वान गरिएको छ ।

खान वाद्य म भएँ त भोकले ।
दुःख कष्ट कफ वाथ रोगले ।
लोभ लालस रूपी पिसाजमा ।
फस्नु हुन्न कृषकै विषदिमा । (विषादिको प्रयोग, पृ. ४६)

यसरी कविले यस कविता मार्फत कृषकहरूले प्रयोग गर्दै आएको विषादि नियन्त्रण गरी माटो र मानवीय स्वास्थ्यमा पर्ने असरबाट बच्नका लागि सचेत गराइएको पाइन्छ ।

### ४.७.२४ र त नछोड गाउँको घर

मनोरम छन्दमा रचना गरिएको यस कवितामा कवि शर्माले गाउँप्रतिको विकर्षण र शहर प्रतिको आकर्षणलाई विषयवस्तु बनाएको पाइन्छ । सम्पूर्ण मानिसहरू सुविधाको खोजीमा शहर पसेको तर त्यहाँको वास्तविकतालाई बुझ्न नसकेको भन्दै कवि गाउँ नछोड भन्छन् -

शहर गन्ध दूर गन्ध भो ।
न फल फल्छ त्यो सुगन्धको ।
अति साँघुरो धेरै घर ।
र त नछोड गाउँको घर । (र त नछोड गाउँको घर, पृ. ४७)

यसरी शहरको अस्त व्यस्तता, दूषित हावापानी, बाक्लो बस्ती, कोलाहल, भिडभाड, धुवाँधूलो जस्ता नराम्रा प्रवृत्तिहरूले गर्दा शहरमा बस्न योग्य नहुने कुराप्रति कविले चिन्ता व्यक्त गरेका छन् । हुनेखाने सम्पत्तिवाला सबै माथि माथि पुगेको, कार

चढ्को ऐस आराम गरेको तर केही नहुने शहर पसेर धुरुधुरु रुनु शिवाय अरु केही नहुने भन्दै त्यहाँका विसङ्गति स्वार्थी छलकपट असहयोग विकृति जस्ता व्यवहारले त्यहाँका मानिस अति नै दुःखी हुने हुँदा शहर होइन गाउँमै बस्नुपर्छ भनिएको छ ।

शहरमा दुःखी अझै कति ।

आर्थिक विकृति अधोगति ।

न छ छिमेकीको कुनै भर ।

र त नछोड गाउँको घर । (र त नछोड गाउँको घर, पृ. ४८)

समग्रमा गाउँ नछोड शीर्षकको कविता मार्फत कविले वर्तमान् अवस्थामा गाउँ छोडेर शहर जाने क्रम बढेको अवस्थामा त्यहाँको वास्तविकता बुझेर आफ्नो जन्मभूमि गाउँमा नै बस्नु पर्ने विचार यस कवितामा व्यक्त गरेका छन् । शहरमा **छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेडी** भनेजस्तै हुने कुराको संकेत गरेको पाइन्छ ।

### ४.७.२५ फेसबुक (मुहारपुस्तिका)

भुजङ्गी छन्दमा रचित यो 'फेस्बुक' शीर्षक कवितामा कविले सञ्चार माध्यमलाई अति नै लोकप्रिय प्रविधि र यसको दुरूपयोग गर्दा सिर्जित विकृतिहरू प्रष्ट रूपमा व्यक्त गरेको पाइन्छ । साथै त्यसको सही प्रयोग गर्न सके विश्व हेर्न सकिने ज्ञान विज्ञानका कुराहरू पाइने पत्रपत्रिका रेडियो आदि पनि त्यही फेस्बुकमा पाइने भएकोले औषधीको रूपमा रहेको कुरालाई समेत कविले अत्यन्त मिठो भाषाशैलीका रूपमा व्यक्त गरेको पाइन्छ ।

वर्तमान समयमा फेस्बुकको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको र यसको प्रयोग भने विकृतिको रूपमा रहेको कुरालाई कवि यसरी लेख्नछन्-

गयो पुत्र पर्देश पैसा लिन ।

बुहारी शहर बालबच्चा सँहा ।

बसे बाबु आमा धेरै गाउँमा ।

उता मोज मस्ती छ फेस्बुकमा । (फेस्बूक, पृ. ४९)

यसैगरी फेस्बुकले गर्दा खान, पिउन समेत बिर्सिएको पढ्ने विद्यार्थीले पढ्न छाडेको, इलम गर्नेले कामै छाडेको छेवैमा आएर बन्दुक पड्काउँदा समेत थाहा नपाउने तितो सत्यलाई कविले अत्यन्त मार्मिक रूपमा व्यङ्ग्यवाण प्रहार गरेका छन् । ६ वटा श्लोकमा संरचित यस कवितामा कविले फेस्बुकबाटै विवाह भएको, युवायुवती दलालले बेचेको, लोग्ने स्वास्नीबीच सम्बन्ध बिच्छेद गराएको र बालबच्चाहरू बेबारिसे भएको सामाजिक यथार्थलाई प्रष्ट रूपमा यसरी व्यक्त गर्छन् -

बिहे भो त फेस्बुकद्वारा अझै ।
हुने यो छ पक्का दलाहा ठमै ।
यसैले गराएछ पार्पाचुके ।
बने बालकै अब बेवारिसे । (फेस्बूक, पृ. ५०)

यसरी समाजमा यी र यस्ता अनेकन समस्याहरू फेस्बुकको प्रयोग गर्न नजान्दा आएका छन् भने यसको प्रयोग सचेत भएर गर्न कविले सम्पूर्ण नेपालीहरूलाई आह्वान गरेका छन् । यसबाट विश्वभरको ज्ञान लिंदै उपयुक्त मात्रा मिलाएमा ओखतीको रूपमा काम गर्ने विचारभाव उल्लेख गर्दै फेस्बुकबाट हुने गरेका विकृतिहरूको अन्त्य गरी स्वस्थ्य समाज निर्माण गर्न आह्वान गरेका छन् । कवि लेख्छन् :-

पढे पुस्तकै ज्ञान विज्ञानका ।
पुराना नयाँ विश्व संसारका ।
त्यही पत्रिका छन् त्यही रेडियो ।
र मात्रा मिले औषधी नै छ यो । (फेस्बूक, पृ. ५०)

यसरी समग्रमा फेस्बुक कवितामा कविले नेपाली समाजमा ल्याएको विकृतिको उजागर गर्दै त्यसलाई सचेत भएर औषधीको रूपमा प्रयोग गर्न सके विश्वलाई कुनै घरको एउटा कुनामा बसेर कैद गर्न सकिने दृष्टिको समेत उल्लेख गरेको पाइन्छ ।

## ४.८ निष्कर्ष

कवि जविनहरि शर्माको काव्ययात्राको द्वितीय चरणको तेस्रो कृतिका रूपमा प्रकाशित अधम कविता संग्रह हो । यसमा अधम प्रतिनिधि कविताका रूपमा रहेकाले यस संग्रहको नाम अधम राखेको पाइन्छ । यसमा रहेका २५ वटा कविताहरू २५ वटै

छन्दमा रचना गरेका छन् । फेस्बुक भुजङ्गी, अधम मालिनी, नव वर्ष पञ्चचामर, इलाम शिखरिणी, युग र प्रविधि अनुष्टुप, युवाको आवाज अपरन्तिका, विदेश भयो खहरे तोटक, लेखनाथको सम्झना भ्याउरे, छन्दको भविष्य भुजङ्गप्रयात अन्तिम विदाइ उपजाति, भुकम्प मन्दाक्रान्ता, महाकवि लक्ष्मीप्रसाद देवकोटा वसन्ततिलका, मानवीय व्यवहार स्रग्धरा, मान्छे र कविता कुसुमविचित्रा, नेपाली हुन दुत बिलम्वित, कता गैरहेका छौं हामी स्रग्विणी, लैना सुधा गाई शादूलबिक्रीडित, नदी उपजाति, नारी, रक्सी चम्पकमाला, राष्ट्र बन्छ बलियो स्वागता, वन तोटक, नयाँ संविधान शालिनी, विषादिको प्रयोग रधोद्धता र गाउँ नछोड मनोरमा जस्ता फरक फरक छन्दमा लेखेर कविले आफ्नो साहित्यिक व्यक्तित्वको उचाइ समेत निकै उचाइमा पुऱ्याएका छन् । यस सङ्ग्रहमा रहेका सबै कविताले समाजमा रहेका खराब तत्वको चिरफार गर्न सफल देखिन्छन् भने त्यस्ता खराब दृष्टिकोणको अन्त्य गरी सुन्दर समाज निर्माण गर्नुपर्ने सन्देश समेत प्रवाह गरेका छन् । समग्र कविताहरूमा रहेका सबै विचार भावहरूले कविता संङ्ग्रहको शीर्षकीकरण अधम उपयुक्त नै देखिन्छ । त्यसैले यस सङ्ग्रहको शीर्षक सार्थक छ । सबै समाजका विकृति, विसङ्गतिको चिरफार गर्दै त्यसको निर्मूल पार्न सक्नुपर्छ भन्ने सन्देश समेत यस सङ्ग्रहले प्रवाहित गरेको छ ।

# पाँचौ अध्याय

# उपसंहार

## ५.१ उपसंहार

इच्छाशक्ति बलियो भएका व्यक्तिहरू नै जीवनमा सफल बन्न सक्छन् । सानातिना कठिनाइ र व्यवधानमा तिघ्रा कमाउनेहरूले सफलता हासिल गर्न सक्तैनन् । कुनै एउटा सफल व्यक्तिको जीवनभित्र यस्ता दुःख कष्ट, पीडाका अनेकौं कथा व्यथा लुकेका हुन सक्छन् । जीवन यात्रामा आफ्ना पाइला गतिमान् बनाउँदै जानेले बाटामा सानो अवरोध देखेर फर्कियो भने अथवा केही राम्रो वस्तु देखेर त्यसैमा लिप्त भयो भने कहाँ आफ्नो लक्ष्यसम्म पुग्न सक्छ र ? फेरि लगनपछिको पोतेको के काम भने झैं समय र उमेर वितिसकेपछि आएको ज्ञानको पनि कुनै अर्थ रहँदैन । त्यसैले समयको जसले महत्व बुझेर अगाडि बढ्छ ऊ अवश्य सफलताको सिंढी चढ्न सक्छ ।

यसरी हेर्दा एउटा सामान्य शिक्षित परिवारमा जन्मिएका जीवनहरि शर्मामा सानैदेखि **हुने बिरुवाको चिल्लो पात भने झैं** लागनशील, मिहिनेती, परिश्रमी जस्ता गुणहरू पाइन्छन् । यसकै परिणाम स्वरूप आज उनी इलाम जिल्लाका कविहरू मध्ये एक हुन् । पिता पं. तुलसीराम पोखेलको प्रेरणाबाट नै साहित्य क्षेत्रमा प्रवेश गरेका शर्मा एक कुशल सामाजिक व्यक्तित्व, शैक्षिक व्यक्तित्व र कवि व्यक्तित्वको रूपमा स्थापित हुन पुगेका छन् । इलामको एउटा साधारण गाउँको सामान्य परिवारमा जन्मेका शर्माले तत्कालीन कठिन समयमा धेरै उच्च शिक्षित व्यक्तिहरूको बीचमा आफूलाई स्थापित गर्दै अनवरत सङ्घर्ष तथा आफ्नो लगनशीलताले उनलाई यस समाजमा एक साहित्यिक, शिक्षित, विवेकी, परोपकारी, समाजसेवी व्यक्तित्वका रूपमा चिनाएको छ । अनौपचारिक शिक्षा स्नातकसम्म अध्ययन गरेका एक कुशल शैक्षिक व्यक्तित्व जीवनहरि शर्माले शिक्षण पेशा अपनाएका छन् । आफ्नो जीवनमा ठूलो चोट खाएका शर्मा निराश र हतोत्साहित भने कहिल्यै भएनन् । बरु केही गर्छु भनेर आँट र साहस भने लिई दृढताका साथ लागिरहेको पाइन्छ ।

वि.सं. २०४१ सालमा लेखनाथको सम्झना कविता लेखेर अनौपचारिक कवि जीवनमा प्रवेश गरेका जीवनहरि शर्मा हालसम्ममा काव्य सिर्जना एवम् साहित्यिक

गतिविधिमा निकै सक्रियताका साथ लागि रहेका छन् । जीवनको मध्यकालमा निकै सङ्घर्ष गरेका शर्माले काव्य सिर्जनामा आफूलाई निरन्तर समाहित गरिरहन सकेका कारण एकपछि अर्को गर्दै सफलताका सिंढीहरू चढ्न सकेका हुन् । जीवनमा धेरै दुःख कष्ट, पीडा, आँसु, हाँसो बेहोर्दै नेपाली साहित्यको गहन अध्ययन गरेका कारण नै उनको साहित्यिक जीवन सफल बन्न सेको छ । विद्यार्थी जीवनदेखि नै काव्य लेखन तथा साहित्यिक लेख रचना प्रकाशन गराउँदै आएका कवि शर्माका प्रकाशित काव्यकृतिहरूमा प्रथम २०६७ सालमा **टिष्टाको सन्देश** सामाजिक काव्य, दोस्रो २०६८ सालमा **तिलक प्रथा** सामाजिक खण्डकाव्य र तेस्रो २०७२ सालमा **अधम** कविता सङ्ग्रह प्रकाशित भएका छन् । उनका यी सबै काव्यकृतिहरू शास्त्रीय छन्दहरूमा रचिएका कारण यिनको मूल्य निकै उचाइमा पुगेको छ । त्यसरी नै उनका पञ्चामृत कविता सङ्ग्रह, इलामकी रानी, माईपोखरी ऐतिहासिक विवेचना प्रकाशित हुने अन्तिम तयारीमा रहेका छन् भने विभिन्न पत्रपत्रिका तथा ग्रन्थहरूमा उनका फुटकर कविताहरू समय समयमा प्रकाशित भएका छन् । कविताका गद्य र पद्य भेद मध्ये पद्यलाई बढी मनपराएर उनले साहित्य मार्फत समाजलाई युगान्तकारी परिवर्तन गर्नुपर्ने धारणा अघि सारेको पाइन्छ । उनका दुई खण्डकाव्य र एक कविता सङ्ग्रहले नेपाली समाजमा हुने गरेका सामाजिक समस्यालाई उदाङ्गो पारेको छ भने त्यसता समस्याबाट सचेत हुन समेत दिशाबोध गरेको छ । शर्माका तीनै काव्यकृतिहरू शास्त्रीयछन्दमा रचना गरिएका छन् । रस भाव, अलङ्कार, बिम्ब, प्रतीक आदिको समुचित प्रयोगले उनको काव्यकृतिहरू प्रतिको निपुणता झल्किन्छ । शर्माका काव्यकृतिमा विषयवस्तुगत नवीनता झल्के पनि प्रस्तुति, शैली र छन्दले भने परिष्कार नै रहेको छ । भावका दृष्टिले प्रगति तर्फ उन्मुख देखिन्छ । शैली शिल्पलाई हेर्दा भने शर्माले परम्परालाई नै बढी परिकल्पना गरेको देखिन्छ । यसरी दृष्टिगत गर्दा परम्परा र प्रगतीशिलताको घेराबन्दीमा शर्माका काव्यकृतिहरू अल्झिरहेको आभास हुन्छ । त्यसैले साहित्यकार शर्मा शास्त्रीयतावादी अथवा प्रगतिवादी के हुन भनेर ठ्याक्कै छुट्याउन नसकिने देखिन्छ तथापि समाजका खराब प्रवृत्तिको अन्त्य र जनसाधारणको पक्षमा वकालत गर्ने प्रवृत्तिका आधारमा प्रगतिवादी खेमाका हस्तिका रूपमा मूल्याङ्कन गर्नु अत्युक्ति हुनेछैन । भनिन्छ साहित्यकारहरू नयाँ विचारका भोका हुन्छन् तर पुरानोलाई भने माया

गरिरहन्छन् । एकातिर परम्परा हराउला की भन्ने डर अर्कातिर नवीनताको खोजीमा लागेर आफूलाई स्थापित गर्न नसकिएला की भन्ने डर । हुन त हरेक मानिसहरूका विचारहरू आफ्नै अर्थ र सापेक्षतामा ठीक भैरहेका हुन्छन् । त्यसैले सर्जकहरू आफूले अँगालेको सिद्धान्तलाई स्थापित गर्न हरक्षण आफ्नै पाराले लागिरहेका हुन्छन् । तथापि युग र प्रविधि बदलिएको छ । पाठकहरू नवीनताका भोका छन् । साहित्यकारहरूले केही नयाँ विषय ल्याउन् भन्ने अपेक्षा राख्छन् । त्यसैले साहित्यकारहरूले परम्परागत शैली अँगालेर मात्र अब पुग्दैन केही नयाँ विषय अवश्य पस्कन सक्नुपर्छ ।

अन्त्यमा के भन्न सकिन्छ भने साहित्यकार जीवनहरि शर्मा जस्ता सिद्धहस्त परिपक्क विचारशील एवं बौद्धिक कविका हातबाट आजका नविनता चाहने बौद्धिक पाठकले अपेक्षा गरे अनुरूपको साहित्य सिर्जना हुनसके नेपाली साहित्यले अवश्य फड्को मार्नेछ । त्यसो त शर्माका जे जति काव्यकृतिहरू प्रकाशित भैसकेका छन् तिनीहरूले नेपाली साहित्यमा एउटा इँटा थप्ने काम गरेको छ । आशा छ अरु अझै धेरै इटाहरू थपिँदै जानेछन् । यसका साथै उनको जीवनी र काव्य कृतिहरूबाट शिक्षा लिन सकौं जीवन सङ्घर्ष गरेर भएपनि युग र प्रविधि सुहाउँदो साहित्य सिर्जना र त्यसको संरक्षण सबैले गर्न सक्नु हाम्रो परम कर्तव्यले भन्ने प्रेरणा समेत शर्माबाट प्राप्त गर्न सकिन्छ ।

## ५.२ भावी कार्यको सम्भावना

यस शोधकार्यमा जीवनहरि शर्माका पुस्तककारका रूपमा प्रकाशित कृतिहरू बाहेकका अन्य प्रकाशोन्मुख कविता सङ्ग्रह र ऐतिहासिक विवेचनाका बारेमा प्रकाश पार्न सम्भव भएन । अतः शर्माका प्रकाशोन्मुख कृतिहरू तथा पत्रपत्रिकाहरूमा प्रकाशित रचनालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले शोधपत्र तयार पार्न सक्ने सम्भावना रहेको छ । त्यसो त यहाँ चर्चा गरिएकै कृतिहरूलाई पनि भविष्यमा अन्य साहित्यिक तत्व तथा सिद्धान्तका आधारमा गहन अध्ययन गरी शोधकार्य गर्न सक्ने सम्भावना पनि रहेकै छ ।

**यस कार्यका लागि सम्भावित शीर्षकहरू निम्न बमोजिम रहेका छन् :**


(क) शास्त्रीयतावादी दृष्टिकोणबाट जीवनहरि शर्माको कवित्वको विश्लेषण र मूल्याङ्कन ।

(ख) रस विधानका दृष्टिकोणबाट जीवनहरि शर्माका खण्डकाव्यहरूको विश्लेषण र मूल्याङ्कन ।

(ग) प्रगतिवादी खण्डकाव्यकारका रूपमा जीवनहरि शर्माको अध्ययन र विश्लेषण ।

(घ) अलङ्कार योजनाका कोणबाट टिष्टाको सन्देश सामाजिक काव्यको अध्ययन र विश्लेषण ।

# परिशिष्ट 'क'


हेमलाल पोखेल
तुलसीराम पोखेल (मनमाया)
मेघनाथ पोखेल
डिल्लिराम पोखेल
विद्यानाथ पोखेल
टंकनाथ पोखेल
नरेन्द्र
जीवनहरि
भिमकुमारी
हेमकुमारी
तारादेवी
दमन्ता
रेनुका
प्रेमप्रकाश
सरस्वती
रीता
रश्मि

## परिशिष्ट ‘ख’

# afNosfndf kl/jf/sf ;fydf hLjgxl/ zdf{



# o'jf cj:yfdf kl/jf/sf ;fydf hLjgxl/ zdf{



# jt{dfg cj:yfdf kl/jf/sf ;fydf hLjgxl/ zdf{



# परिशिष्ट 'ग'

त्रिभुवन विश्वविद्यालय

**केन्द्रीय पुस्तकालय**

(पुस्तक प्राप्ति शाखा)

पत्र संख्या: / एक्यू /

मिति: २०६०।६।४

श्री जीवनहरि शर्मा

सुम्केक–६, डलाम।

विषय: धन्यवाद पत्र।

महोदय,

यस पुस्तकालयलाई उपहार स्वरुप निम्न लिखित प्रकाशनहरु प्रदान गर्नु भई संकलन अभिवृद्धि गर्न सहयोग गरिदिनु भएकोमा आभार व्यक्त गर्दछु। प्राप्त प्रकाशनहरु यस पुस्तकालयबाट प्रकाशित हुने "नेपाल राष्ट्रिय वाङ्मय सूची"मा पुस्तक/प्रतिवेदन/शोधपत्र समावेश गरिनुका साथै उक्त सामग्रीलाई नेपाल संग्रह शाखामा व्यवस्थापन गरी संरक्षणसाथ पाठकलाई सेवा प्रदान गरिने व्यहोरा जानकारी गराउँदछु। उन्नति, प्रगति र विकास सबैका सहयोगमा भर पर्ने हुनाले भविष्यमा पनि यस्तै किसिमको सहयोग र सद्भावनाको आशा गर्दै प्राप्त सामग्रीका लागि धन्यवाद ज्ञापन गर्दछु।

यसका अतिरिक्त यस पुस्तकालयबाट सन् २००० देखि नेपाली प्रकाशनहरुमा ISBN (International Standard Book Number) राख्ने राष्ट्रिय एजेन्सिको रुपमा कार्य गर्दै आएको व्यहोरा सहर्ष जानकारी गराउँदै यहाँका आगामी प्रकाशनहरुमा उक्त नम्बर राख्ने व्यवस्थाको लागि अनुरोध गर्दछु।

१. तिष्टाको सन्देश सामाजिक काव्य – २ प्रति

२. तिलक प्रथा (सामाजिक खण्डकाव्य) – २ प्रति

भवदीय,

~~लाइब्रेरियन~~

सहायक प्रशासक

कीर्तिपुर, काठमाडौं, नेपाल

फोन नं. ४३३०८३४, ४३३१३१८, ४३३१३१७, Fax No. 977-1-4331317, E-mail: tucl@healthnet.org.np, Website: tucl.org.np

# सन्दर्भग्रन्थ सूची


१. ढुङ्गेल, दुर्गाप्रसाद, र दहाल, भोजराज (२०७१), *नेपाली कविता र काव्य, भोटाहिटी काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्यूटर्स*।

२. त्रिपाठी, वासुदेव, सुवेदी, केशव र न्यौपाने, दैवज्ञराज (२०५८), *नेपाली कविता भाग ४* . पुल्चोक ललितपुर : साझा प्रकाशन ।

३. थापा, हिमांशु (२०४९). *साहित्य परिचय,* काठमाण्डौं : साझा प्रकाशन ।

४. पोखेल, बालकृष्ण (२०४०), *नेपाली बृहत शब्दकोष,* काठमाण्डौ : ने.रा.प्र.प्र. ।

५. प्रधान, भिक्टर (२०५४). *नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना,* काठमाण्डौ : ने.रा.प्र.प्र.।

६. भट्टराई, रामचन्द्र , श्रेष्ठ, वालकृष्ण र पोखेल, गुरूप्रसाद (२०६०). *आधुनिक नेपाली नाटक र फुटकर कविता सिद्धान्त र विवेचना.* (दो.सं.). काठमाण्डौ : दीक्षान्त प्रकाशन ।

७. शर्मा, जीवनहरि (२०६७). *टिष्टाको सन्देश* , इलाम : शिवशक्ति प्रेस ।

८. शर्मा, जीवनहरि (२०६८). *तिलक प्रथा,* इलाम : इलाम डेक्सटप ।

९. शर्मा, जीवनहरि (२०७२). *अधम कविता संग्रह,* बिराटनगर : वाणी प्रकाशन ।

१०. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५५). *शोध विधि.* दोस्रो संस्करण. काठमाण्डौ : साझा प्रकाशन ।

११. श्रेष्ठ, दयाराम, शर्मा, मोहनराज (२०४९). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* चौ.सं., काठमाण्डौ : साझा प्रकाशन ।

१२. सिंह, प्रधान कृष्णचन्द्र (२०५५), *नेपाली साहित्यको संक्षिप्त इतिहास.* काठमाण्डौ : ने.रा.प्र.प्र. ।